# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

## कृति र कृतिकार विशेष अध्ययन

## NEP(DE)-PG-C-405

# BLOCK – 1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U.,Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: ( O ) +91 0353-2776331/2699008

Fax:( 0353 ) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich
your learning and help you to advance in your career and future endeavours.

# कृति र कृतिकार विशेष अध्ययन

## BLOCK-1

एकाइ – १, नेपाली साहित्यका अमर साहित्यकार अगमसिंह गिरीका कृतिबारे विशेष अध्ययन....................7

एकाइ – 2, अगमसिंह गिरीको जीवन र दर्शन....................34

एकाइ – 3, अगमसिंह गिरीको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता....................54

एकाइ – 4, अगमसिंह गिरीको विशेष साहित्यिक योगदान ....................78

एकाइ – 5, अगमसिंग गिरीका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता.......110

एकाइ – 6, नेपाली साहित्यका अमर साहित्यकार हरिभक्त कटुवालका कृतिबारे विशेष अध्ययन संरचना....................131

एकाइ – ७, हरिभक्त कटुवालको जीवन र दर्शन....................151

## BLOCK-2

एकाइ – ८, हरिभक्त कटुवालको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

एकाइ – ९, हरिभक्त कटुवालको विशेष साहित्यिक योगदान

एकाइ – १०, हरिभक्त कटुवालका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

एकाइ – ११, नेपाली साहित्यका अमर साहित्यकार भूपि शेरचनका कृतिबारे विशेष अध्ययन

एकाइ – १२, भूपि शेरचनको जीवन र दर्शन

एकाइ – १३, भूपि शेतचनको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

एकाइ – १४, भूपि शेरचनको विशेष साहित्यिक योगदान र उनका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

# BLOCK-1 कृति र कृतिकार विशेष अध्ययन

**INTERDUCTION TO THE BLOCK-1**

यस **कृति र कृतिकार**अन्तर्गत रहेको यस प्रभाग - १ लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

### एकाइ – 1, नेपाली साहित्यका अमर साहित्यकार अगमसिंह गिरीका कृतिबारे विशेष अध्ययन ।

यस एकाइमा अगमसिंह गिरीबारे विषद रूपमा सर्वेक्षणात्मक अध्ययन गरिने छ । यस अध्ययन गनार्थ अगमसिंह गिरीको साहित्यिक परिचयलाई केलाउँदै अगमसिंह गिरीका साहित्यिक कृतिहरू आदिको अध्ययन गरिने छ । यस अतिरिक्त गिरीको **आत्मव्यथा** कविता सङ्ग्रह, **जीवन – गीत** कविता सङ्ग्रह, **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** कविता सङ्ग्रह, **याद** खण्डकाव्य, **युद्ध र योद्धा** खण्डकाव्य आदि बारे पनि एकाइमा अध्ययन – विश्लेषण गरिने छ ।

### एकाइ – २, अगमसिंह गिरीको जीवन र दर्शन ।

यस एकाइमा अगमसिंह गिरीको जीवन र दर्शनबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ अगमसिंह गिरीको साहित्यिक परिचय दिएर अगमसिंह गिरीको जीवनअनुरूप उनको जन्म तथा मृत्यु , परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता, सम्मान तथा पुरस्कार आदिलाई पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त अगमसिंह गिरीको कृतिगत दर्शनलाई विषद रूपमा यस एकाइमा अध्ययन गरिएको छ ।

### एकाइ – ३, अगमसिंह गिरीको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ।

यस एकाइमा नेपाली अगमसिंह गिरीको कृतिमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्दा विशेष अगमसिंह गिरीको सामान्य परिचय दिएर अगमसिंह गिरीको कृतिहरूको अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त अगमसिंह गिरीको कृतिमा निहित सामाजिक मूल्य, सांस्कृतिक मूल्य, मानवीय मूल्य र सार्वजनीनता आदिको पनि यस एकाइमा चर्चा गरिएको छ ।

**एकाइ – ४, अगमसिंह गिरीको विशेष साहित्यिक योगदान ।**

यस एकाइमा अगमसिंह गिरीको विशेष साहित्यिक योगदानलाई अध्ययन गरिने छ । यस अध्ययन गनार्थ अगमसिंह गिरीको साहित्यिक यात्रालाई केलाउँदै अगमसिंह गिरीको साहित्यिक योगदानबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यति मात्र नभएर अगमसिंह गिरीले कविको रूपमा, गीतकारको रूपमा, सम्पादकको रूपमा र अन्यान्य क्षेत्रमा पुराएको योगदानको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – ५, अगमसिंग गिरीका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता ।**

यस एकाइमा अगमसिंग गिरीका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ अगमसिंह गिरीको साहित्यिक परिचय दिएर अगमसिंह गिरीका रचनाहरूको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त अगमसिंह गिरीका रचनाहरूको संरचना पाइने विशेषता र अगमसिंह गिरीका रचनाहरूको शैलीमा पाइने विशेषता आदिको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – ६, नेपाली साहित्यका अमर साहित्यकार हरिभक्त कटुवालका कृतिबारे विशेष अध्ययन ।**

यस एकाइमा हरिभक्त कटुवालबारे विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ हरिभक्त कटुवालको साहित्यिक परिचय दिँदै उनका साहित्यिक कृतिहरूबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त हरिभक्त कटुवालका **भित्रि मान्छे बोल्न खोज्छ** कविता सङ्ग्रह, **यो जिन्दगी खै के जिन्दगी ?** कविता सङ्ग्रह, **बदनाम मेरा यी आँखाहरू** कविता सङ्ग्रह र **सुधा** खण्डकाव्यको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – ७, हरिभक्त कटुवालको जीवन र दर्शन ।**

यस एकाइमा हरिभक्त कटुवालको जीवन र दर्शनबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ हरिभक्त कटुवालको साहित्यिक परिचय दिँदै उनको जीवनबारे मूलरूपमा अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यस बाहेक हरिभक्त कटुवालको जन्म तथा मृत्यु , परिवार, शिक्षा – दिक्षा, पेशा, सेवा तथा संलग्नता तथा कृतिगत दर्शनलाई विस्तृत रूपमा अध्ययन गर्दै भारतीय नेपाली समालोचकहरूबारे पनि यस एकाइमा गरिएको छ ।

# एकाइ – १, नेपाली साहित्यका अमर साहित्यकार अगमसिंह गिरीका कृतिबारे विशेष अध्ययन

**संरचना**

1.0 उद्देश्य

1.1 परिचय

1.2 अगमसिंह गिरीको साहित्यिक परिचय

1.3 अगमसिंह गिरीका साहित्यिक कृतिहरू

1.3.1 आत्मव्यथा कविता सङ्ग्रह

1.3.2 जीवन – गीत कविता सङ्ग्रह

1.3.3 जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि कविता सङ्ग्रह

1.3.4 याद खण्डकाव्य

1.3.5 युद्ध र योद्धा खण्डकाव्य

1.4 उपसंहार

1.5 सार

1.6 अनुशीलनी

1.7 अतिरिक्त अध्ययन

1.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- अगमसिंह गिरीको साहित्यिक परिचय
- अगमसिंह गिरीका साहित्यिक कृतिहरू
- आत्मव्यथा कविता सङ्ग्रह
- जीवन – गीत कविता सङ्ग्रह
- जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि कविता सङ्ग्रह
- याद खण्डकाव्य

- आँसु खण्डकाव्य
- युद्ध र योद्धा खण्डकाव्य

## 1.1 परिचय

कवि अगमसिंह गिरी नेपाली कविता साहित्यको स्वच्छन्दतावादी धारामा दार्जिलिङबाट उदाएका एक मा जातीय कवि हुन् । केवल ४४ वर्षको उमेरसम्म बाँतेर अल्पायु मै देहान्त हुने कवि गिरीले आफु जीवनभरी बाचुञ्जेल नेपाली जाति र साहित्यको निम्ति सक्दो सेवा गरेका छन् । नेपली साहित्यमा विभिन्न कविता, खण्डकाव्य, गीतिकाव्य, लेख आदि सिर्जना गरेर उनले नेपाली समाज, जाति र साहित्यमा अतुलनीय योगदान पुर्याएको प्रतीत हुन्छ ।

भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दतावादी लेखन प्रारम्भ सँगै नेपाली कविता संसारमा **कवि अगमसिंग गिरी**को उदय भएको हो । वैयक्तिकता, स्वच्छन्द अभिव्यक्ति, बौद्धिकताको घेराबाट मुक्ति, काल्पनिकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण, कृत्रिमताबाट मुक्ति भएर यस स्वच्छन्दतावी धारामा भारतेली नेपाली कविहरूले आफ्नो कविताको धडेरी निर्माण गरेका छन् । नेपाली कवितामा यसलाई परिष्कारूको विरुद्धमा आएको आन्दोलन मानिन्छ । यस्ता आधुनिक कवितामा स्वच्छन्दतावादी धाराको ओकिउयामा ग्वाइन कुमाई नरेन्द्रप्रसाद ,सुन्दास लक्खीदेवी ,राई सानुमति , प्रभृत्ति कवि अगमसिंह गिरी पनि एक हुन् । यसरी सुरूमा स्वच्छन्दतावादी प्रवृत्तिमा कविता लेख्नो कवि गिरीका अन्मित चरणका कविताहरू भने बिद्रोहमूलक र क्रान्तिकारी बन्न पुगेका छन् ।

नेपालीमा 'नौलाख तारा उदाए ', ' पहाड सुके सुके झैँ ' लाग्छ जस्ता उत्कृष्ट गीतहरू रच्ने कवि गिरीको मौलिक कृतिहरूमा **याद**, **आँसु** , **युद्ध र योद्धा** आदि खण्डकाव्य र **आत्मव्यथा, जीवन गीत, जलेको प्रतिबिम्ब - रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रहहरू प्रकाशित छन् । उनका यी कृतिलाई अध्ययन गर्दा कवि गिरीका कविता – काव्यमा विशेष स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव मुखरित भएको पाइन्छ ।

# 1.2 अगमसिंह गिरीको साहित्यिक परिचय

गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ । आफ्ना कविता लेखनको प्रारम्भमा रोमान्टिक काव्यधारालाई अङ्गाले तापनि पछि गएर कवि गिरीका कविता लेखनले अर्कै मोड लिएको छ । उनी नेपाली समाज र जातिको निम्ति रोएका छन् , अवहेलित, लाञ्छित र पीडित नेपालीहरूका निम्ति बिद्रोही बनेका छन् ।

**तुलसी 'अपतन'** - को पुरा नाम तुलसी बहादुर क्षेत्री हो । पूर्वाञ्चेलमा जन्मिएर भारतको सिक्किम र दार्जिलिङलाई आफ्नो कर्मक्षेत्र बनाउँने कवि अपतन नेपाली कविता साहित्यमा आधुनिक कालमा उदाएका एक स्रष्ट्रा हुन् ।

सन् १९४७ सालमा भारत देश स्वतन्त्रता भएपछि भारतेली नेपाली कविता लेखनमा नयाँ प्रवृत्ति र लेखन प्रारम्भ भएर गयो । माध्यमिक कालीन भारतेली नेपाली कवितामा भाषा, शैली र संरचनाका कमजोरीहरू हटाई त्यसको परिष्कार, भावको परिष्कार, मानवीय मनका चारित्रिक, नैतिक एवं जातीय चेतनाको कुराहरू यस आधुनिक कालका भारतेली नेपाली कविताका मूख्य विषय बन्नपुगेका छन् । यस्ता आधुनिक कालका एक उम्दा कवि हुन् – तुलसी अपतन । कवि तुलसी आफ्नो जीवनकालमा सिक्किममा बसाई सरेर आएपछि सन् १९४७ मा उनले आफ्ना साथीहरूसित मिलेर गान्तोकमा **अपतन साहित्य परिषद्** खोलेका थिए । यस संस्थानका सदस्यहरू अगमसिहं तामाङ, पदमसिहं सुब्बा, तुलसीबहादुर छेत्री र नीमा वाङ्दी तार्गेन थिए । यही संस्थानको नाममा पछि कवि तुलसीले पनि आफ्ने मानको पछाडि 'अपतन' लेखेका हुन् ।

पेशाले दार्जिलिङ सरकारी महाविद्यालय र उत्तरबङ्ग विश्वविद्यालयका नेपाली बिषयका प्राध्यपक, रिडर र विभागाध्यक्षरहेका कवि तुलसी भारतीय साहित्यका आधुनिक कालका प्रसिद्ध साहित्यकार हुन् । उनले नेपालको त्रिभूवन विश्वविद्यालयबाट **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान** विषयमा विद्यावारिधिको उपाधि पनि हासिल गरेका थिए ।

कवि अगमसिंग गिरीको साहित्यिक यात्रालाई अध्ययन – अनुशिलन गर्दा उनले हस्त लिखित पत्रिकाहरूबाट आफ्नो साहित्यिक जीवन यात्रा सुरू गरेको पाइन्छ । मुख्य गरेर साहित्यिक बिधाका रूपमा काव्यलाई नै रूचाएर आफ्नो कलम चलाएका कवि गिरीले नेपाल, भारत आदि देशका विभिन्न ठाउँहरूमा भ्रमण पनि गरेका थिए । कवि गिरीको हालसम्म सन् १९५९ मा **आत्मव्यथा**, सन् १९६६ मा **जीवन – गीत**, सन् १९७८ मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् १९५५ मा **याद**, सन् १९६६ मा **आँसु**, सन् १९७१ मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित छन् । यस अतिरिक्त कवि गिरीका विभिन्न पत्र-पत्रिकाहरुमा कविता, कथा, निबन्ध, नाटक, समालोचना, गीत आदि प्रकाशित तथा रेडियोबाट गीत प्रसारित भएका पाउँछौं ।

कवि गिरीलाई नेपाली साहित्यमा विशेष जातीय कविको रूपमा चिनिन्छ । ३१ जनवरी सन् १९७१ मा आफु ४४ वर्षको उमेरमा अल्पायु मै देहान्त हुने कवि गिरीले भावीको प्यारो भए तापनि आफु बाचुञ्जेल नेपाली जाति र साहित्यको निम्ति सक्दो सेवा गरे । आफ्ना विभिन्न कविता, खण्डकाव्य, गीतिकाव्य, लेख आदिका माध्यम उनले नेपाली समाज, जाति र साहित्यमा योगदान पुर्याएका छन् ।

गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ । आफ्ना कविता लेखनको प्रारम्भमा रोमान्टिक काव्यधारालाई अङ्गाले तापनि पछि गएर कवि गिरीका कविता लेखनले अर्कै मोड लिएको छ । उनी नेपाली समाज र जातिको निम्ति रोएका छन् , अवहेलित, लाञ्छित र पीडित नेपालीहरूका निम्ति बिद्रोही बनेका छन् । मूलत : कवि गिरी स्वयम् पनि बोली, पहिरन, रहन - सहन र संस्कारले खाटी नेपाली भएको हुनाले उनको कविताहरूमा नेपाली जाति भोग्नु परिरहेको दु:ख - पिरप्रति मर्माहित बनेका छन् । यस अतिरिक्त त्यसता अरूको अन्याय र अत्यचार सहेर बाँच्ने नेपालीहरूप्रति उनी आक्रोशित पनि भएका छन् ।

## 1.3 अगमसिंह गिरीका साहित्यिक कृतिहरू

## 1.3.1 आत्मव्यथा कविता सङ्ग्रह

गिरीको कविता सङ्ग्रह **आत्म – व्यथा** (सन् १९५९) प्रकाशित भएपछि नै उनको कविता लेखनमा जातीय अस्मिताका स्वर भएका कविता लेखनले गतिशीलका र तीव्रता लिएको देखिन्छ । यस सङ्ग्रहको 'क्रन्दन', 'नचिनिने भएछौ!', 'मोहब्बत गल्ली', 'सम्झना', 'व्याकुल पक्षी', 'समाचार यही भन्दिनू', 'गान्धीजीको अट्ठासीवाँ जन्म दिवसमा' आदि कविताहरूमा जातीय जागरण र अस्मिताका स्वर भरेका छन् । यी कविताहरूमा गिरीले निर्धा र गरिब भारतीय नेपालीहरूको दूरावस्थाको चित्रण गरेका छन् । **निचिनिने भएछौँ !** कवितामा कवि भन्छन् -

***अतीत गौरवले धपक्क बलेको***

***अघिको चहकिलो अनुहारमा***

***विषाक्त रेखाहरू कोरिएछन् ।***

सुरूमा कवि गिरीको कविता लेखनले रोमान्टिक काव्यधारालाई अङ्गाले तापनि पछि गएर यसले अर्कै मोड लिएको छ । कवि स्वयम् पनि बोली, पहिरन, रहन - सहन र संस्कारले खाटी नेपाली भएको हुनाले उनको कविताहरूमा नेपाली जाति भोग्नु परिरहेको दु:ख – पिरको कथा, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ । गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, अवहेलित, लाञ्छित र पीडित नेपाली समाज र जातिको निम्ति रोएका छन् , बिद्रोही बनेका छन् । यस अतिरिक्त त्यसता अरूको अन्याय र अत्यचार सहेर बाँच्ने नेपालीहरूप्रति उनी आक्रोशित पनि भएका छन् ।

कवि गिरीको **मोहब्बत – गल्ली** कविता केवल एउटा भारी बोकेर जीवन धान्ने 'च्याङ्बा' नामक तामङ कुल्लीको जीवनमा आधारित भए तापनि यसलाई जातीय अस्मिताको भावमा लेखिएको कवि गिरीको उत्कृष्ट कविता मान्न सकिन्छ । यहाँ तामङ कुल्ली भन्नाले हामी भारेतेली वा दार्जिलिङ्गे नेपालीहरू हौ । हामी आफ्नै किपट वा भूमिमा नोकर र अरूका दासी मात्र भएका छौ । यसैले कवि गिरी **मोहब्बत – गल्ली** कवितामा यसो भन्छन् –

***मुखमा हाँसो छैन जुटेको मनको मौन पुकार***

***द्रवित आत्मा नेपालीको गर्छ यहाँ चित्कार***

***यही छ जर्जर नेपालीको पशुवत जीवन हेर***

***शोषितहरूको करूण कथा छ मोहब्बत – गल्ली नेर ।***

यसरी सामान्तवाद र पुञ्जीवाद तथा मालिक, कमानका साहेब, ठेकादार, म्यानेजर, बाबु सम्प्रदाय र ठूला भनाउँदोहरूको चपेटमा परेर हामी भारतेली नेपालीहरूको जीवन पशुतुल्य बनिसकेको छ । सोझा, सिधा, निमुखा र बहादुर सम्झेर हामीलाई अरूले निर्बल र लङ्‌डा बनाउँदैछन् । हामी बस्ने गाउँ – घर, कमान – बस्तीमा जता-ततै शोषण, अत्यचार र अन्याय भइरहेको छ । हत्य, लुट र बलात्कार दिन – दिनै बडदैछ । तर सुन्ने कसले ?, भन्ने कसलाई ? केवल हृदयभरी व्यथाको घाउ बोकेर अस्तित्वहीन र चिन्हारीहीन जीवन बिताउँन हामी भारतीय नेपाली आफ्नै देश भारतमा विवश छौं । यसैले प्रस्तुत **मोहब्बत** – **गल्ली** कवितामा कवि गिरी भन्छन् -

***भतभत पोल्ने चित्त बिथोलने आत्म – ग्लानिको घाउ***

***दोहन शोषण जलन छ गहिरो केवल हेर्दै जाऊ***

***कसरी उसले आज बताऔस् दरदी हृदय फारी***

***भन्न सजिलो छैन व्यथाको घाउ छ दिलमा भारी ।***

कवि अगमसिंह गिरीको सन् १९५५ मा प्रकाशित **याद** र सन् १९६६ मा प्रकाशित **आँसु** आदि खण्डकाव्यमा कल्पनाको भरमार प्रयोग भएको पाइन्छ । उनी **याद** खण्डकाव्यमा जावन – क्षणको सपनाहरूलाई क्पनाका कारण निर्मम याद आएको ठान्छन् । कल्पनालाई नै जीवनको साथी, प्राण मान्दै यो विना कविको जीवन निषप्राण भएको पनि कवि गिरीले उक्त खण्डकाव्यमा मानेका छन् । यसैले प्रस्तुत **याद** खण्डकाव्यमा कवि भन्छन् –

***मनोरम शैशव – स्मृतिमा***

***हृदय व्यग्र उदास***

***जीवन – क्षणको स्वप्न जगाउँदै***

***आयो निर्मम याद ।***

कवि अगमसिंह गिरीले सन् १९५९ मा प्रकाशित **आत्मव्यथा** कविता सङ्ग्रहमा सङ्ग्रहित **मोहब्बत – गल्ली** कवितामा दार्जिलिङको चोकबजारमा रहेको मोहब्बत गल्लीको मनोरम नेपाली संसार र प्रकृतिको वर्णन गरेका छन् । कल्पना, सम्झनाका कारण उनको जीवनमा पश्चताप आएको पनि कविले सम्झिएका छन् । सुदुर पहाडबाट दार्जिलिङका मोहब्बत गल्लीमा कुल्ली काम गरी भारी बोकेर जीवन धान्ने च्याङ्बा तामङ कुल्लीको जीवनमा आधारित छ प्रस्तुत कविता । तथापि त्यस तामङ कुल्लीलाई आफ्नो बाल्यकाल र पैत्तिक जीवनको धेरै सम्झना र विताएका ती मनोरम दिनहरूको यादले व्याकुल बनाएका तथ्यको उद्धाटन **मोहब्बत – गल्ली** कवितामा भएको छ । यसैले प्रस्तुत कवितामा कवि यसो भन्छन् –

***प्रतिपल बिज्ने मुटुका तिख्खर भावहरूमा अल्झी***
***‘ बिच्चै आएँ ’ भन्दछ उसले पहाङको भव सम्झी***
***लाग्दो होला सपना जस्तो माघ- मासको मेला***
***सम्झी अधिको जोबन– दिनको छिल्लिरहेको बेला ।***
***भाग्य लुटाई भन्दछ आएँ सम्झी अधिको भूल***
***गन्दछ प्यारो दूर रहेर आफ्नै वनको फूल***
***हृदय लुछी अझ बढ्दछ उसको जीवनको परिताप***
***देख्दा आफ्नै शिरमा गहिरो नाम्लोको त्यो छाप ।***

भाषा, साहित्यको उत्तरोत्तर उत्थान गर्न निमितार्य अथवा नवीन युगको निर्माणार्थ शनकुरो गनिमत पर्छ। नप्रयोज व्यक्तित्वको विशेष प्रदीप्न-, भाषा र

साहित्यको स्तरलाई विकासोन्मुख गराउन लरतरो व्यक्तिका निम्ति आकाश-कुसुप् नै बन्न जान्छ। त्यसोसले भाषा, साहित्यलाई समृद्धिशाली तुल्याउन लेखन - दक्षता शैलीमा, एकरूपता र अथक उद्यमता अपेति रहन्छ। भनौँ, यस्तै विशेषताहरूले युक्त साहित्य बहुमूल्य आफ्नो समाजमा शहरूलेस्र-अवदानद्वारानेपाली साहित्य आकाशमा देदीप्यमान नक्षत्र बन्न सक्षम भएका छन्। उसै त

कतिपय साहित्यका वरिष्ठ स्रष्टाहरू अविर्भाव भई कति कति साहित्यिक पुरुषहरू बिहानको तारा सरह यस जगतबाट ओझेल भए।

यसै साहित्य जगतका साहित्य- रथीहरूमा कथाकार हायमनदास राई किरात, डा. राई इन्द्रबहादुर, रूपनारायण सिन्हा, गुमान सिंह चामलिङ, गनु गुरुङ, नरेन्द्र प्रसाद कुमाई, अच्छा राई रसिक, डाप्रधान पारसमणि ., राज नायारण प्रधान, बद्री नारायण प्रधान, श्रीमती लक्खीदेवी सुन्दास, भाइचन्द्र प्रधान आदि उद्लेखनीय छन् जो आज यस धरतीबाट ओझेल भइसकेका छन्। यी दिवङ्गत साहित्य रथीहरूको हाँचमा यिनीहरूकै समसामयिक साहित्य रथी साथै कवि हुन् अगमसिंह गिरी। सिन्हा, गुमान सिंह चामलिङ, गनु गुरुङ, नरेन्द्र प्रसाद कुमाई, अच्छा राई रसिक, डा .पारसमणि प्रधान, राज नायारण प्रधान, बद्री नारायण प्रधान, श्रीमती लक्खीदेवी सुन्दास, भाइचन्द्र प्रधान आदि उद्लेखनीय छन् जो आज यस धरतीबाट ओझेल भइसकेका छन्। यी दिवङ्गत साहित्य रथीहरूको हाँचमा यिनीहरूकै समसामयिक साहित्य रथी साथै कवि हुन् अगमसिंह गिरी।

हो, कवि अगमसिंह गिरी जातीयताको भावनाले भावित तथा स्वतन्त्रताको आकाङ्क्षी, विरही, औ संवेदनशील, प्रकृतिवादी, सौन्दर्यवादी तथा प्रेमका एक उपासक नै थिए। दार्जीलिङमा २७ दिसम्बर, १९२७ को दिन जन्म ग्रहण गरेका कवि गिरीद्वारा कृत जति पनि कविताहरू प्रकाशमा आएका छन्, ती सबैमा स्वतन्त्रताको एषणा एबं शोषण साथै पर पीइनका प्रतिकारात्मक अभिव्यक्तिको आभाष पाइन्छन्। यति मात्र के र भावनाप्रति हीन अन्तर्निहित जातिमा गोर्खा ! विक्षोभव्यक्त गरिएको तथ्य उजागर भएको पाइन्छ। अझ भनौँ, स्वतन्त्रताको सुखद एषणा र पराधीनताको पीड्वायुक्त सुस्केरा, जातीय स्वाभिमान, अस्तित्व एवं मातृभूमिको गरिमालाई कवितात्मक भावधारामा प्रवाहित गर्न सक्ने व्यक्ति दार्जीलिङ भेकमा अगमसिंह गिरी प्रथम हुन्। यसै क्रममा भन्नु हो भने कवि अगमसिंह गिरी वर्तमान नेपाली कवबित्व भावधाराका एक सृजनशीर अनि एक सशक्त चिन्तनशील कवि त हुन् नै, एक संवेदनशील कबि पनि हुन्। दार्जीलिङकै हावामा सास फेरेका, दार्जीलिङकै माटोमा उब्जेको अन्न खाएर हुर्केका, खेलेका

अगमसिंह गिरीलाई दार्जीलिङकै माटोले जन्माएको र हुर्काएको जातिवादी कवि र जातीय अस्तित्वका निम्ति प्रश्नचिन्ह तेर्साइने प्रतिभाशाली कवि न थिए, जसलाई नेपाली काव्यछ नै अँगालेको साहित्यले-

नेपाली जातीयताको बोझले थिचिएका कवि अगमसिंह गिरी जातीय गौरवले उनको चैतन्य उसै पनि अभिप्रेरित थिए । तर एउटा विडम्बना के देखिन्छ भने कवि गिरीले दार्जीलिङमा जन्म ग्रहण गरे तापनि उनी अन्तहदयले नेपाल अधिराज्य, नेपाली जाति, तथा नेपाली संस्कृतिप्रति विशेष रूपले अनुरागी एवं आशक्त थिए, जसको पुष्टि उनैद्वारा रचित क्रन्दनले गर्छ। त्यसैले उनको काव्यसिक्त

कवित्व भावधाराको मननर मातृभूमि अतीतको उनको अध्ययनमा र चिन्तन - स्वजातिको अस्तित्व हेतु हाँसीउ प्राण आफ्नो हाँसी-त्सर्ग गर्ने शहीद पुर्खाहरूको इतिहासको गौरवगाथा -, महिमा – मण्डित प्रभातकाल सरह आलोकित छ। यस अनन्तर भारतीय नेपाली किंवा गोर्खाको शौर्य, साहस, मातृभूमिको सुरक्षा र जातिको समुन्नतिको पथमा सदैव आशक्त रहने विषयमा गिरीको कलमरूपी अस्त्र जातीय गरिमाका निम्ति चुलिएको छ नै। उनको सृजनशील कवित्व शक्ति आफो पुर्ख्यौली विगतका गौरवमय इतिहासप्रति मोहित छ भने आज विस्मृत हुँदै गइरहेको नेपाली अर्थात गोर्खा जातिले आफ्नै अस्तित्व बोधप्रति उनको संवेदनशील एवं चिन्तनशील कवि स्वरूप व्यक्तित्व प्रखर देखा पर्छ। तदुप्रान्त आलोक र प्रत्यालोकको छहारीमा कवि गिरीको सृजनशील तथा मौलिक खण्डकाव्य आत्म कवि हुँदछ। दृष्टिगोचर जगतमा साहित्य नेपाली व्यथा - गीत -जीवन याद -कृतिहरू अन्य रचित गिरीद्वारा, युद्ध र योद्धा, आँसु, जलेको प्रतिविम्ब, रोएको प्रतिध्वनिको लहरमा उनको कृति आत्मउनको व्यथा- अभिव्यञ्जनात्मक अभिव्यक्ति हो। फेरि भएन, उनको कविताहरूमा जीवनको उद्‌भुत यौवन एवं विस्मृतिको आँधीमा कवि स्वयं फँसेको कुरालाई उसै पनि नकार्न सकिन्न।

उसै त प्रस्तुत लेखको प्रमुख विषय वस्तु नै आत्म(खण्डकाव्य) व्यथा - रहन गएको छ। यस खण्डकाव्यभित्र जम्मा तीसवटा कविताहरू अन्तर्भुक्त छन्। अतः कृतिमा निहित कविताहरूबाट छनौट गरिएका केही एकाध चर्चित कवितात्मक भावधारामाथि केही चिन्तन, केही विश्लेषण गर्न यहाँ अपरिहार्य हुन जानेछ। उसै त कवि अगमसिंह गिरीको जयन्तीको उपलक्ष्यमा विगत

वर्षहरूमा यस कलमकारद्वारा कवि गिरी विषयक लेख प्रस्तुत गर्दै आएको तथ्य पाठकवृन्दलाई थाहा भएकै हुनुपर्छ। यस अनन्तर कवि गिरी रचित खण्डकाव्य आत्मगिरी कवि हताश चौतर्फबाट उनी हेर्दा दृष्टिबाट चिन्तनको व्यथालाई - आत्मदाहबाट मुक्ति पाउन अध्यात्मवादको साहारा लिन बाध्य हुँदछन्। उनी अदृश्य, असाधारण शक्तियुक्त प्रेमास्पद् प्रियतमासँग तादात्म्य स्थापित गर्न लालायित देखिन्छन्। यसै क्रममा भनौँ, कथित कबिद्वारा कृत आत्म कथा-मा (खण्डकाव्य)
उनले आफ्नो मनोव्यथालाई काव्यको मूल विषय वस्तुमा उतारेका छन्। उनी स्वयं आफ्नो करुण जिन्दगीको वेदनायुक्त पात्र बनेर पनि ती मर्मान्त चोटहरूको स्वागत गर्न तत्पर रहेका देखिन्छन्।

यसोसले कवि गिरीले ईश्वर तत्त्वको चिन्तन गर्दै आफ्नो वेदनामय अभिव्यक्तिहरूलाई ईश्वरसमक्ष व्यक्त गरेको तथ्य यस खण्डकाव्यमा परिलक्षित छन्। यस अतिरिक्त यस काव्यमा अभिव्यक्त हरफहरूमा कवि आफू तिरस्कृत र ईश्वरीय दयाबाट वञ्चित रहन परेको अनि जगतको हर
द्वन्द्वलाई कटु सत्यको रूपमा अङ्गीकार गर्दै ती द्वन्दहरूलाई अनिवार्य ठानेको कुरो दर्शाएका छन्। मानो ती सांसारिक द्वृन्द्रहरू उनका निम्ति मनको खेल मात्र
हुन्। त्यसोसले नैराश्यको सरितामा थपेड्ञा खाने प्रेमीको रूपमा पनि कवि उभिएका
देखा पर्छन्। यस अनन्तर कवि अगमसिंह गिरी कृत खण्डकाव्य व्यथामा आत्म -पर्न गएको एउटा विशेष कविता शैशव स्मृतिको चर्चा गर्न पर्दा यस कविताभित्र उनको भाव यसरी उजागर हुँदछ कि उनी यौवनको उन्मादले ग्रस्त भएको वयमा मधुमय आफ्नो शैशवकालको स्वर्णमय निर्दोष पल र बालसम्झना कीड्◌ाको - गर्दै उनको नयन रसिएको कुरो खुलस्त गर्छन्। उनलाई ममतामयी मुमाको न्यानो काख्रबाट वञ्चित हुनुपर्दा ती विगत मधुर बालपनको सम्झना हुँदा विषादको अनुभव हुन्छ, जसको कारणले उनी आफ्नो भावनाले प्रेरित भएर कलम समाउँछन्।

एवंरीतले आफ्नो मधुर शैशवकालीन पथबाट वियोग हुनुपर्दा सबैलाई विषाद लाग्नु स्वाभाविक कुरो हुन जान्छ नै। कथित खण्डकाव्यमा निहित एउटा

अर्को कविता दुई दिनको अवलोकन गरिहेर्दा उनको धारणाअनुसार मान्छेको जात यस जगतमा केवल अतिथि हो, जसको वास अस्थायी छ भने यहाँको मायामोह -, सुखदुःख-, हाँसो रोदन पनि स्थायी छैनन् भन्ने छ। अर्थात् मान्छेले अतिथि सरह भई संसारमा थोरै दिन मात्र वास बस्न पर्नेछ अनि फेरि भोलिको यात्राको पथिक बन्नु पर्नेछ। यसै क्रममा कवि गिरी कृत आत्म (खण्डकाव्य) व्यथा-को एउटा अंश क्रन्दन कवितामाथि चिन्तन गर्न पर्दा कथित कविताले जनमानसलाई कबित्व रसको रसास्वादन गराई अन्तर्रात्मामा गहिरो प्रभाव छोड्न सफल भए बापत कवि गिरीलाई क्रन्दन कविताका निम्ति नेपाली साहित्य प्रतिष्ठानले स्वर्णपदकद्वारा अलङ्कृत गऱ्यो। क्रन्दन कवितामा कवि गिरीले उनको परिवार नेपाल अधिराज्यबाट दार्जीलिङमा सरुवा भई आएपछि यहाँको प्राकृतिक सौनर्द्धमा आकर्षित औ मोहित भएर यताकै वासिन्दा भई बसेको तथ्य बेखुबी दर्शाएका छन्। उनलाई क्रन्दन कविताको निम्ति पुरस्कृत गरिनुमा एउटै कारण थियोमहिमा गरिमाको नेपालको पनि जन्मेर दार्जीलिङमा आफू उनले - बखानेका थिए। यस प्रवृत्तिबाट प्रभावित भएर नै उक्त संस्थाले गिरीलाई पुरस्कारका निम्ति छनौट गरेको थियो।

यसै क्रममा आत्म व्यथा कृतिभित्र निहित कविता मोहब्बत गछठीको प्रसङ्ग उल्लेखित छ, जुन नेपाली जनमानसको मन-मस्तिष्कमा

यागदार बनी बाँचेको छ। यस कविता अन्तर्गत कविले एकजना तामाङ च्याङ्बाको परिवारको चित्रण गरेका छन्। स्मरण रहोस्, कवि गिरीले दार्जीलिङस्थित चौक बजारभित्रको एउटा गछठी जसलाई मोहब्बत गछठी पनि भन्ने गरिन्छ। यसै गह्ठीभित्र कुङ्ठीभाँडा भरियाहरू - माइने, बदाम केलाउने, ठेला गाडी तान्ने काम गर्थ। कवि गिरीले नेपाली जातिको विवशता र मौन रोदनमा पिसिँदै गइरहेको अस्तित्वविहीन जिन्दगी परशोषणले जर्जरित एवं भावी सुखको आकाङ्क्षामा बाँचेको आशावादी जीवनको चित्रण गर्ने भरमग्दुर प्रयास गरेका छन्। नेपाली जातिको एक प्रतिरूप च्याङ्बाले भोग्न परेको परपीडन र उसको छातीभित्र छल्केको वेदना औँ आत्म भट्टीमा ग्लानिको-दग्धि हुन परेको तिक्त अनुभव पनि गिरीले उजागर गरेका छन्। भन्नुपर्छ, विश्वमा वीर कहलाउने नेपाली अर्थात् गोर्खा जातिले पर जातिको सामु अभिशप्त जीवन गुजार्न बाध्य हुन परे बापत कबि क्षुब्ध हुनु स्वाभाविक ठहर्छ। तिमी त नचिनिने

भएछौव्यथा-आत्म खण्डकाव्य गिरीकृत कवि -को एउटा कविता हो यो। यस कवितामा कविले गोर्खा जातिलाई परोक्ष रूपमा इङ्गित गर्दै आफ्नो भाव व्यक्त गर्दै भन्न चाहन्छन् कि अतीतका गोर्खा र वर्तमान गोर्खामा एउटा तुलनात्मक प्रतिविम्ब छ। अर्थात् अतीतका गोर्खा र वर्तमान गोर्खाभित्र तुमुल परिवर्त्तन आएको छ। कविको धारणामा हिजोआजको गोर्खाको अनुहार निस्तेज छ, उसमा अघिको जस्तो चहकिलो अनुहार छैन, यदि छ भने विषादूका काला धर्साहरू मात्र उसको निधारभरि कोरिएकी छ, उसको मनमा पहिलेको जस्तो उत्साह र उमङ्ग छैन। त्यसैले होला कविले गोर्खालाई चिन्न गाह्ो परेको र गोर्खा गोर्खा नै भएर बाँच्नुपर्छ, आफ्नो चिन्हारी आफै नै दर्शाउनुपर्छ, वीर जातिले छाप लगाइदिएको अनुहार होइन ।

स्मरण रहोस्, कवि गिरी लेखनथिएनन् धनी मात्र क्रियाका -, वरन दियालो एवं हाम्रो अस्तित्व जस्ता पत्रिकाको सम्पादनमा पनि उनको निक्कै दक्षता थियो। उनका कतिपय कृतिहरू रोमाण्टिक तथा क्लासिकल भावधारामा बिभाजित छन् भने उनका कविताहरूमा मानवीय जीवनका विवशता प्रति सुस्केरा र जातीय स्वाभिमानका उद्गारहरूको यथेष्ट झलक पाइन्छ। साँच्चै भन्नु हो भने कवि अगमसिंह गिरीको कृतिहरूमा उल्लेखित प्रसङ्ग माध्यम उनको चरित्र छर्लङ्ग हुन्छ। यस अनुरूप उनी मैराश्यवादी व्यक्ति मात्र नभएर प्रेम र सौन्दर्यका उपासक, स्वतन्त्रताका प्रेमी र एक भूमिपुत्र पनि थिए। अझ भनौ उनी संवेदनशील पुरुष भए बापत प्रकृतिवाद र अध्यात्मवादका पथिक पनि थिए । सौन्दर्य औ सहिष्णुता उनीभित्र प्रगाढ थियो भने अर्कातिर उनी समदर्शी अनि सतअन्वेषी - पनि थिए। यही नै उनको आदर्श व्यक्तित्वको परिचायक थिए। कवि वर्ड्सवर्ध, शेली, किट्स, वाइरन जस्ता अङ्ग्रेजी महान साहित्यिक पुरुषहरू उनका आदर्श ग्रेरकहरू थिए । यस्तै यस्तै गुणहरूले सिक्त साहित्यिक विभूति अगमसिंह गिरीको निधन ३१ जनवरी १९७१ को दिन ४४ वर्षको अल्पायुमा भयो। नेपाली साहित्य जगतलाई टहरो बनाएर उनी आज हामीबाट ओझल भए पनि उनीद्वारा समाजप्रति प्रदत्त अवदानको माध्यम नेपाली साहित्य जगतमा जनकवि भएर बाँच्नेछन् चिरन्तरकालसम्म नै।

## 1.3.2 जीवन – गीत कविता सङ्ग्रह

अगमसिंह गिरी स्वच्छन्दतावादी धाराका कवि हुन् । गीत, फुटकर कविता र खण्डकाव्य आदिका सर्जक गिरीका कवितामा मानव समाजका आन्तरिक यथार्थ वा पिडा, रोदनको चित्रण भएको पाइन्छ । समाजमा पिडित मानिस उनको कविताको विषय हो । उनले मान्छे र प्रकृतिबिचको सम्बन्ध देखाउँदै मानवीय अन्तर्वेदनाको प्रस्तुतीबाट नेपाली जातीयताको गौरवगान गरेका छन् ।

कविले यस ‘नचिनिने भएछौ’ कवितामा नेपाल र नेपालीले आफ्नो पुख्र्याैली गरिमा गुमाउन लागेको, सँस्कार तथा पहिचान हराउँदै जान लागेको अवस्थालाई विषयवस्तु बनाएका छन् । यसमा ‘यहाँ’ शब्द नेपालबाहिरको भूमि र ‘तिमी’ शब्द यहाँ बस्ने नेपालीहरुका लागि प्रयोग भएका छन् । कविले प्रवासमा बस्ने नेपालीहरु आत्मव्यथाले पिडित देखेका छन् । कविका विचारमा त्यहाँ बस्ने नेपालीले अतीतको गौरवगाथा गुमाएर गालामा रगत हराएको, आँखाको ज्योति गुमाएका, कारागाको बन्दीजस्तो निरीह र गाँस लुटिएको अभागी बनिरहेको भाव व्यक्त गरेका छन् । प्रवासी नेपालीमा अतीतका गौरव रहँदाको धपक्क बल्ने अनुहारमा ग्लानिका रेखाहरु कोरिएका छन् र आत्मगौरवमा चोट लाग्दा सहने क्षमता बढेको छ । अतीतको गौरव र पहिचान गुमेको अवस्थाप्रति कविले व्यङ्ग्य गरेका छन् र राष्ट्रभक्तिको अगाध भाव प्रकट गरेका छन् । कवि प्रवासी नेपालीलाई विगतको गौरवगाथा सुनाउन र सही परिचय दिलाउन चाहँदैनन् तर उनलाई जातीय गौरव आओस् भन्ने चाहन्छन् र यसको लागि चिन्तित बनेका छन् ।

यस कवितामा प्रवासी नेपालीहरु विरक्तिएका, शिथिल र मलिन परिस्थिमा रुमल्लिएको अभिव्यक्ति छ । उनीहरुले विपत्ति र कष्टको विरोध गर्न छाडी मनस्थिति परिवर्तन गरेप्रति कवि चिन्तित बनेका छन् र त्यस्तो स्थितिको व्यङ्ग्य गरेका छन् । गाँस, बास र जातीय अस्तित्व गुमाएर बाँच्न लागेका नेपालीहरुले नेपालीत्व नै बिर्सन लागेको अवस्थाप्रति कवि संवेदशील बनेका छन् । नेपालीले आफ्नो जातीय अस्तित्व, गाँस, बास र गौरवको रक्षा आँफै गर्नुपर्ने र विगतको गौरवगाथा अरुले सम्झाएर होइन आफैं याद गर्नुपर्ने कुरालाई यस कवितामा व्यङ्ग्यात्म ढङ्गले प्रस्तुत गरेका छन् । तिमी त यहाँ नचिनिने भएछौ भन्ने अंशको पुनरावृत्तिबाट व्यङ्ग्यात्मक रुपमा नेपालीलाई आफ्नो परिचय र गौरवगाथा बिर्सन नहुनेतर्फ पनि सचेत गराइएको छ ।
सरल शैली, सशक्त बिम्ब, सहज अनुप्रासयोजना, गद्यलयात्मक साङ्गीतिकता, भावसंवेद्यता, गौरवपूर्ण विषयको स्वस्फूर्त, हृदयस्पर्शी र सहज

वर्णनले कवितालाई प्रभावकारी बनाएको छ । गिरीका कविताका विषय नेपाली सँस्कृति, जातीय मायाममता, मानवीय पिडा, संवेदना, मानवीय अस्तित्व र अस्तित्वरक्षाका लागि संघर्ष हुन् । मानवता, जातीय गौरवगान, सार्वभौमिकता, शान्तिसन्देश उनका कवितामा पाइने मुख्य प्रवृत्तिहरु हुन् । उनको कवितामा अमानवीय व्यवहारको विरोध, देशभक्तिको प्रशंसा र हृदयस्पर्शी जस्ता प्रवृत्तिहरु पाइन्छन् ।

## 1.3.3 जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि कविता सङ्ग्रह

कवि अगमसिंह गिरीको प्रकाशित तीनवटा कविता सङ्ग्रहहरू मध्ये सन् १९७८ मा प्रकाशित **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** कविता सङ्ग्रह तेस्रो कविता कृति हो । यसै कविता कविता सङ्ग्रहमा **छोरालाई** कविता पनि सङ्ग्रहित छन् । यसैले प्रस्तुत **छोरालाई** कविताको रचनाकाल सन् १८७० को दशकमा भएको अनुमान लाउन सकिन्छ ।

कवि अगमसिंह गिरीको सन् १९७८ मा प्रकाशित **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** कविता सङ्ग्रहमा सङ्ग्रहित **छोरालाई** कविताको मुल विषय वर्तमान संसारको विषमय र बिद्रहो हो । क्रान्तिकारी विचारधारामा लेखिएको यस कविताको भाव भने जातीयता र अस्मिताको रहेको छ ।

प्रस्तुत कविता पाठकले पढ्दा सरल र सहज लागे तापनि यस भजनले बोकेको भावका कारण पाठकहरू रीसले विरोधी शक्तिप्रति जुर्माएर उठछन् । उदाहरण –

***सहने सोझाहरूको सैयन् मुटिको बिज्रे सोला बनिदे /***

***तिमिर – बिनाशक युगको झरिलो अग्नि – पुञ्जको गोला बनिदे ।***

***सल्केको तँ आग्निय गिरि बन् ,ल्याई बिधुत आँधी गर्जन***

***सहिष्णुताको सरल उज्यालो हिम – शिखर झै नबन् – नबन् ।***

कवि अगमसिंह गिरीको प्रस्तुत कवितामा सांसारिक विषय र वस्तुको चित्रणमा भन्दा आफ्नै नेपाली जातिका जीवनको आन्तरिक अनुभूतिको क्रान्तिकी अभिव्यक्ति पाइन्छ । आजको युगमा छोराहरू तीखो काँडा सरी हुने पर्छ, अमृतको कण जस्तो सोझा र निमुखा भएर अन्यले त्यसै हिप्छ भन्ने भावना यस कवितामा पाइन्छ ।

## 1.3.4 याद खण्डकाव्य

कवि अगमसिंह गिरीप्रति शङ्कर लामिछानेको कलमको प्रेम र श्रद्धाभाव यस लेखोटको सार हो । हामीले यसलाई यहाँ यस रूपमा प्रस्तुत गर्नुको कारण त्यो श्रद्धाभावलाई पाठकसमाजमाझ छनक दिनु मात्र हुँदै होइन । बरू हो- गद्यलेखनमा प्रयोगशिल्पी भनी चिनिएका र पुजिएका-बुझिएका शङ्करको संस्मरणलेखनको पाटो के-कस्तो रहेछ भनेर उदाहरण राख्नु । त्यसो त कुनै व्यक्तिविशेषमाथि लेखिएको तथा संस्मरण लेखनको गहकिलो स्वाद चाख्न शङ्करको सिङ्गै किताब 'विम्ब-प्रतिविम्ब' मै पस्नुपर्छ । तर परिचयात्मक निबन्ध- सङ्ग्रहको नाम दिइएको 'विम्ब प्रतिविम्ब'मा उनको उक्त पुस्तकलेखनको समयमा दिवङ्गत भइसकेका व्यक्तित्व मात्रै थिएनन् । जिउँदा अग्रज प्रतिभा र समकालीनबारे परिचयात्मक भाव उनले उतारेका थिए उक्त पुस्तकमा ।

प्रस्तुत 'गिरीको याद' निबन्ध भने अगमसिंह बितिसकेपछि लेखेका हुन् शङ्करले । गिरीबारे शङ्करले 'निरन्तर बजिरहने एउटा धुन' र 'ओम स्वाहा ! एउटा नवीन आहुति' गरेर अरू दुई सम्झौटो पनि लेखेका छन् । यी दुईसहित प्रस्तुत 'गिरीको याद' विम्ब-प्रतिविम्ब' सँगालोमा पढ्न पाइन्छ । यसपाली शङ्कर स्मृति घरमा त्यही यादलाई सम्झना गरौँ, पढ्नुस् 'गिरीको याद' :-

अझ पनि विश्वास लाग्दैन गिरीको स्वर्गवास भयो भन्ने कुरा । एक दु:स्वप्न जस्तो भान हुन्छ, र लाग्छ कताकता, बिहानको उज्यालोमा निद्रा खुलेपछि वास्तवमा उनी अझै बाँचेका छन् भन्ने यथार्थ बोध सम्भव छ । एक प्रकारले विचार गर्ने हो भने उनको मृत्युको दोष काठमाडौँ तथा खास गरी यसको सरकारी स्तरको अनेक औपचारिक कार्यप्रणाली तथा बेवास्ताको भावनालाई थोपरिदिए हुन्छ । प्रवासमा बस्ने नेपाली बन्धुहरू सोच्दछन्, आफ्नो मातृभूमिमा अवहेलनाको सिकार हुने छैनन् उनीहरू । र जब अवहेलनाले उनीहरूलाई मातृभूमिको मुटुमै

प्रहार गर्दछ, उनीहरू निराशाको हद सीमामा पुग्दछन् । हामी जो काठमाडौँमा जन्मेम्, हुर्केम्, हामीलाई यसबारे बोध तथा सहिष्णुता एक द्वितीय बानी परिसकेको छ । प्रवासीका लागि यसको वेदना चर्को आघात दिने हुन्छ ।

मैले कतै लेखेको छु । काठमाडौँ त्रिभुवन विमानस्थलमा अचिन्तनीय रूपमा गिरीज्यूसँग मेरो अन्तिम भेट भएको थियो । अन्यान्य व्यक्तिलाई बिदा गर्न पुगेको, थाहा पाएँ गिरीज्यू पनि जाँदै हुनुहुन्छ । बिदा हुन गएँ । मनस्थिति उहाँको त्यस बेला पनि अलि अस्वाभाविक लाग्यो । एकाग्रता पारा झैँ ढलमलढलमल, दृष्टिमा चञ्चलता, कुनै पूर्वभावनाले मनमा अनेक कुरा खेलोरहे जस्तो । यसअघि, यस्तै एउटा परिस्थितिमा मैले उहाँलाई भनेको थिएँ "मबाट केही सहयोग चाहिए भन्नुहोस् है, गिरीज्यू ।" जवाफ पाएको थिएँ, "चाहिएमा निश्चय पनि भन्नेछु ।"

यसपछि, एउटा संयोग । सरस्वतीपूजाकै दिनको कुरा । मेरो घर काठमाडौँको मुख्य सरस्वतीस्थानको मन्दिरको एक मात्र बाटोमा पर्छ । तसर्थ त्यस दिन मकहाँ परिचितहरू एक प्रकारले ताँती लाग्छन् । त्यस दिनको दिवाभोजनमा अम्बर गुरुङका परिवार सम्मिलित हुँदै थिए हामीसँग सरस्वतीको । सरस्वतीको दर्शन गरिसकेपछि उनीहरू आए । यो नियमित आकस्मिकता नै होला, हामीले त्यस दिन आनायास गफ गर्ने विषय रोज्न पुग्यौँ- मृत्युको । मृत्यु कति प्रकारका हुन्छन् र विश्वमा कसकसको मृत्यु कुन प्रकारबाट भयो । "मृत्यु वास्तवमा अनेक प्रकारका हुन्छन्, मर्ने कुरा जान्दै नजानी सोच्दै नसोची मरिने, मर्न नचाहेर मर्नुपर्ने, मरणको अर्थ नजानेर मर्नुपर्ने, मरणको अर्थ बुझेर अङ्गीकार गर्नुपर्ने निस्सहाय भई, मरणको कामना गरी मृत्यु पर्खेर मर्नुपर्ने, मृत्युको अवस्था आफूले सिर्जेर मर्नुपर्ने, मृत्यु डाकेर पनि नआइदेओस् भन्ने कामनासहित मर्नुपर्ने ।" (गोरखापत्र, श्रावण १ गते, २०२८, लेखक)

त्यस बेला यी चर्चा हुँदा, आज सम्झन्छु, गिरी चिरनिद्रामा सुतिसकेका थिए, तथा उनको पार्थिव शरीर भस्म पनि भएको थिएन होला ! तर के, अम्बरलाई एवम् मलाई उनको अन्तिम टेलिप्याथिक संवाद त थिएन यो, जो हामीले अनजानमा मृत्युको चर्चामा परिणत गर्‍यौँ ? को जानोस् ? "हामीले यहाँ एउटा कुरा भुल्नुहुँदैन । बाँच्न चाहनु जस्तो ठूलो चाहना अरू केही छैन । यसैका निमित्त हामी चोरी गर्छौं, चाकरी गर्छौं, डकैती

गर्छौं, डाँक पर्खन्छौं, आफ्ना आस्थालाई धरौटीमा राख्छौं, अर्काको विश्वासलाई (गलत भए पनि) मान्यता प्रदान गरिदिन्छौं।" (गोरखापत्र, श्रावण १ गते २०२८, लेखक)। र, गिरीमा यी सब कुराको अभाब थियो। युटोपियामा जन्मिनुपर्ने मान्छे, उनी नेपालको आस्था र अस्तित्व जोगाउन भारतमा हुर्के। यही उनको अभिशाप या वरदान थियो। अभिशाप यसनिमित्त: उनले अकाल मृत्यु मर्नुपऱ्यो। वरदान यसनिम्ति : उनको असामयिक मृत्युबाट अरू लेखक कविका लागि एउटा विशेष व्यवस्था हुने सम्भावना छ।

दार्जिलिङप्रति मेरो विशेष प्रेम छ। दार्जिलिङ मात्र नभनौँ, सम्पूर्ण प्रवासप्रति। (दार्जिलिङकी नारी विवाह गरेर यो प्रेम उम्रेको नठान्नुस् !) प्रवासको सहायतानिमित्त २/३ पटक मैले सक्रिय अनुदान गरिसकेँ। एकताक नेपालबाट नोकरी एवम् पेसाका लागि नेपाली भारत लाग्थे भने, आज त्यसको ठीक उल्टो परिस्थिति छ। यहाँ अगम पनि आउँछन् भने, यहाँ अन्य त्यस्ता पनि आउँछन्, जो कसैलाई भगाएर जागिरको खोजमा आउँछन्, र भोकभोकै पर्छन्। त्यस्तासँग नेपाल त्रसित भइसकेको छ। स्थानीय नेपालीहरू आफ्नो भाग खोसिएको अनुभव गर्दैछन्। र, छोपेको मन नपराउने अवस्थामा छन्। यो कुरा, नेपालको आशा राख्ने सबै भाइले बुझ्नु आवश्यक छ।

अन्त्यमा, मलाई एउटै कुरा भन्नु छ। गिरीज्यूलाई सबै दार्जिलिङको राजदूतमा गनेको छु। उहावको असफलताको दोष जसलाई थोपरे पनि, अवस्थाको सुधार हुने होइन। गिरीपछि नेपालीत्वको त्यो झन्डा उचाल्ने को छ, दार्जिलिङमा, त्यसको सूचना चाहियो मलाई। गिरी त गए ! अस्तित्व बाँच्छ के ? मलाई जवाफ चाहियो।

## 1.3.5 युद्ध र योद्धा खण्डकाव्य

**युद्ध र योद्धा** अगमसिंह गिरीको दोस्रो बिश्वयुद्धमा आधारित निकै चर्चित कृति हो ! यस कृतिमा अगमसिंह गिरीका भाव स्मबेग खुबै आकर्षण र प्रभावकारी छ ! भाव सम्प्रेषण आयुक्त हुन पर्ने आवश्यक तत्त्वहरुमा शब्द मुख्य हो ! काव्य शास्त्रले यस किसिमका काव्यले चाहिने उत्पर्क बर्णीय व्याञ्जन र सन्धियुक्त शब्दहरु देखाउछ ! तथापि युद्ध र योद्धाले युद्धकै वर्णन नगरेर त्यसको प्रभावबाट उठेको मानसिक उदेश्यहरुलाई लिएर अभिब्यक्ति दिएका हुनाले गिरीले प्रयोग

गरेका शब्दहरु समुचित छ ! भाव र शिल्प दवै पक्षमा प्रयुक्त शब्दहरुले धैरै महत्व राख्दछ ! उदाहरण स्वरुप :-

**युद्धको बिगत बिभत्सव स्मृतिहरु ,मुटुमा सिउरी-सिउरी**

**बाँच्ने हो बीर योद्धा सम्पूर्णको मूल्य,सुदिर्य सेवाको असीम उपहार तिम्रो**

**विरल र बहादुरीको प्रशसनीय पुरस्कार, स्मृति-चिन्ह, रण-प्रंगणको**

**अमूल्य तवमाहरु हेरिरहू !**

यस उदाहरणमा समर्पणको मूल्य सुदीर्य सेवाको असीम उपहार प्रशंसनीय पुरस्कार जस्ता शब्दहरुले एक-अर्कासंग बिशेध गर्नु रुपमा खुबै राम्री प्रस्तुत गरेका छन् ! यसरीनै अमूल्य तकमाहरुमा अमूल्य शब्दले खुबै राम्रो श्लेष बोकेको छ ! काव्यमा कविको भव अभिव्यक्ति पनि खुबै सुन्दर छन् ! जहाँ जहाँ भावले अभिव्यक्तिका माध्यमबाट कविको उदेश्य शंकेत गर्नु खोजेको छ त्यहाँ त्यहाँ कविले धैरे राम्रो अभिव्यक्ति दिएका छन् ! कवि कल्पनाले चाहेको अनुभूति दिन सफल भएका छन् । जस्तै :

**पूजामा साँझ र बिहानका ,आँसुको फूल-प्रसाद अर्पेर**

**जिवनका बिदीर्णक्षणसंग तड़पेर ,पहाड़को नियास्रो एकान्तलाई**

**बुगली छात्तिमा झुण्डाएर ,देउता पुकार्दा हो रोदन आँसुले**

**बरदान दीर्घायुको मागेर ,कैयौं-सैयौं रंगिला साँझहरु**

**युद्ध र योद्धा** अगमसिंह गिरीको प्रतिनिधित्व खण्डकाव्य हो ! यस खण्डकाव्यमा नेपाल र इष्टइडिया कम्पनिको सरकारमाझ भएको युद्धमा बिसौंशताब्दिमा भएको बिश्वयुद्धमा भागलिएको र त्यस युद्धबाट प्रभावपरेका नेपाली जनजिवमा यो खण्डकाव्य आधार छ ! घरदेखि टाड़ा रहेर लड़न गएका ति नेपालीहरुको बीरता र इमान्दार पूर्वक लड़ेर शहिद भएका ति नेपाली जातिको दयनिय ब्यर्था यस खण्डकाव्यमा रहेको छ ! कुनै कथानक र कुनै खास नायक चरित्र पनि नभएका यो काव्य केही बिवस्ता केहि आफ्नै आंकक्षा र आवश्यक्ताद्वारा

घिसीरिएर सैनिक बनी आत्माबिरुद्ध कुनै अपरिचित मानिसहरुसंग युद्ध गरेर मानवताका बिरुद्ध अपराध गर्ने गेर्खाली योद्धा प्रति सम्बन्धित छ !

नेपालमाथि आक्रमान गर्ने आइलागेका समराज्यवादी अंग्रेज र हिजोको शत्रु त्यस्तै अंग्रेजी शक्तिको स्वार्थ रक्षका लागि आजका गोर्खाली योद्धाहरुले निर्यक र गौरौबिन युद्धको भत्सनासम्मको खास भावक उनी देखिन्छ ! यसमा सर्बप्रथम कविले योद्धाको संहार स्वारी स्वरुपको रोमाञ्चकारी चित्र कोर्दै त्यस प्रति आफ्ना तीव्र विरोध भाव अभिव्यक्त गरेको पाइन्छ ! कविका निम्ति युद्ध एक मान्छेको अर्को मान्छे प्रतिको रक्तप्रिणासको प्रतिफल हो ! यो संहारकारी अभिलासाले भरिएको घातक हतियार हो ! युद्धले मानवीय आकांक्षालाई प्राय ध्वंस पार्छ र संसारमा आशु अन्तमा तथा आक्रोश ल्याउछ अनि सन्त्रास र संकट बुझाउँछ ! युद्ध निर्दीयता निरकुशता जल्दो बल्दो प्रल्यको प्रति रुप हो जस्तै :-

**युद्ध रक्त बिपासा,मानव मानवका**

**हत्या र संहारपूर्ण आभिलाषा !**

यस्तो बिनाशकारी र निर्थक युद्धमा गोर्खाली योद्धाहरुमा खुकुरीको हांक दिदै नाच्न पुगे उनीहरुले आफ्नो मुटुको स्वच्छ र बीरतापूर्ण रगत त्यसै मिटाई दिए ! उनीहरुले हामीलाई आकाश हिमाली स्वप्न युद्धका आगमन हो ! त्यस युद्धमा गोर्खालीहरु अर्काको भएर अन्नदाताका स्वार्थका निम्ति लड़िरहेका थिए भने शत्रुहरु आफ्ना अस्तित्व जोगाउन गौरवपूर्ण इतिहास बनाउन अनि राष्ट्रको मयादी बचाई राख्न स्वतन्त्र नागरिकको रुपमा लड़िरहेको थियो !

पराइका आदेशमा पराइका निम्ति चेतना र ज्ञान शुन्य भएर उपस्थिति भीड़ असम्बन्धित शत्रुहरुसित उद्देश्यहिन पूर्ण लड़ाई लड़दा गोर्खालीहरुले आफ्नो माटो र मुटुको पुकार सुनेन् ! बलिदानको भाषा बुझेनन् जन्मभूमिको मौन प्राथना ध्यान दिएनन् ! यसकुरालाई सोच्दा कविको अन्तर आत्मा व्याथित र लजित छन् औ उनी आफ्ना स्वजातिय योद्धालाई यस्तो मिथक युद्धमा रगत बगाउन छाड़ी स्वदेश फर्कने देशको निम्ति समर्पित हुने आह्वान गर्दछन् जस्तै :-

**फर्क युद्धको प्रर्भाषिकातिर नजाऊ**

**फर्क दावानलमा युद्धको नर्हम व्यर्थ**

**फर्क हिमालको बीर छोरा**

**तिम्रो बीरता तिम्रै देशलाई सुहाएको**

**तिम्रो उत्सर्ग तिरै देशलाई चाहिएको छ !**

कविले यहाँ के स्पष्ट गरेका छन् भने गोर्खाली योद्धाहरु यसरी बिदेशी शक्तिको औसती भएर मानवताका संह्रमा संलग्न हुनुमा उनीहरुको आर्थिक बिपन्नता र अज्ञातासाथ लड़िरहेको थियो ! यसैले कवि उनीहरुलाई आफ्नो अर्थहिन अस्तित्वमा लखटीएको घातक स्मृति आजको शान्त र युद्ध शुन्य वर्तमान पुस्ताक चोखो सपना स्वच्छ विपनाहरुलाई युद्ध व्यक्तले नबिथुलिन्दा अनुरोध गर्दछन् ! बीचका योद्धाहरुले गर्न नहुने काम गरेर आफुलाई मयादत्मिक पारेका भए तापनि हाम्रो पूर्खाउली बीरताका कार्य जीवित छ !

अर्काको लागी बिश्वयुद्धमा सहभागी बन्न पुगेका पुस्ताले खर्चीएको अर्थनिक अस्तित्व वर्तमानका निम्ति घीणलाग्दो छ तर आजका पुस्तालाई पुरानो पुस्ताको बीरताको बाटोमा हिड़ने छन् भन्ने कुरामा आशावादी छन् ! अतितका हाम्रा बीर योद्धाहरुले जुन युद्ध लड़े त्यो देशप्रेमको बिशुद्ध दृष्टांग थियो ! त्यसमा महाबीर बालभद्रका साथ काखेशिशु भएका बिरांगनाहरु पनि लड़ेका थिए त्यस युद्धको सम्झना गर्व र श्रद्धाका साथ गर्दछन् । जस्तै :-

**जीउँदो बलभद्रले छातीमा नेपाल**

**बोकेर लड़ेको गौरवपूर्ण युद्ध थियो**

**त्यो ,स्वाभिमानको युद्ध !**

त्यस युद्धमा प्रताभरीनिय अमरसिंह र भक्तिथापा जस्ता आदर्शबादीहरु सामीलथिएन ! तिनले नेपाली बिरुद्धके चोखो र गौरवशाली नमूना प्रस्तुत गरेका थिए ! बिश्वयुद्धमा संलग्न पुस्ताले आफ्ना ती बीरहरुलाई बिर्से तिनले बीर बलभद्र अमरसिंहको सन्तान हुन् जानेनन् ! स्वतन्त्रता र शान्तिका पुजारी एवं स्वाभीमानी देशभक्त बीर नेपालीका सन्तान भएता पनि गौतम बुद्धको पवित्र भूमि र स्वम्भु तथा पशुपतिका तथा पशुपतिका दशबटा प्रतिहिंसा र निरकुशता छातीमा बोकी गोर्खाली योद्धाहरु अभाव भएर स्वतन्त्रता प्रेमी देशभक्ति बीरहरुलाई मार्न पुगे

कवि छक्क पर्छन् यी युद्धहरुमा बहादुरी देखाई कुन पुरस्कार र पदक पाएको थिए ती आफ्ना सन्तानको निम्ति कुनै काम आएन न त्यसले मान बस्यो न त सन्तानको पेट नै भरियो त्यसकारण कवि यहाँ नयौ पुस्तालाई निर्भिक भएर आफ्नो अस्तित्वका युद्धमा लाग्न आह्वान गर्दछन् ! उनी नजन्मेको सन्तानहरुलाई नवप्रभातको नयाँ किरण नझुल्केसम्म गर्भमानै रोकेर राख्न चाहान्छन् कवि के भन्दछन् भनी हाम्रो युद्ध सकिएको छैन ! तर यो बिनासको युद्ध नभएर आफ्नो कलकको फाल्ने आफ्नो गौरवको धरतीलाई उन्नति र अस्तित्वको हासील वर्तमान जन्माउने भौज युद्ध हो !

युद्ध र योद्धाका विभिषिक र विभत्सलाई उदांग पार्ने निजी स्वार्थको लागी देश र जातिको स्वत: र स्वाभिमान बेच्ने नीच प्रकृतिप्रति घृणा र रोश प्रकट अनि नेपालीहरुमा राष्ट्रियता ,जातियताको ,भाव जगाउन भनी मानवता प्रेम गर्न र स्वतन्त्रता निर्भिक र स्वाभिमानी भएर बाँच्न सिकाउने मर्मस्पर्शी काव्य हो ! यसमा बीरता र युद्ध बिरोधी मानवका साथै कुण्ठग्रासित नेपाली आदिको बेदना र रोधको खोलो बगाइएको छ ! यो गद्यमा लेखेतापनि यसमा अटुट लयवद्धता छ र अभिव्यक्ति भावधारा शुरुदेखि अन्त्यसम्म अविरल बगेको छ ! सरल-सहज शब्दहरु प्रयोग भएको यस काव्यमा कवि नेपाली बीरत्वको पतन र अवमूल्यांकन गरेको छ ! नेपालीहरु अर्थिकको निम्ति लड्न पुगेका हुन् न त तिनीहरुलाई राष्ट्रको प्रेम थियो ! उनीहरुले युद्ध मात्र जानेका थिए ! कवि भन्छन् युद्ध त आफ्नो रक्षाको निम्ति गरिन्छ न त कसैको दौलतमा अधिन जमाउनुको निम्ति तर हाम्रा नेपालीहरु कत्ति पैसाको निम्ति मात्र लड़े र बीरताको मुखुण्डो लगाएका हुन् ! कवि भन्छन् अप लड़छौ भने देशको निम्ति लड़ जातिप्रेमको निम्ति लड़ र भाषाप्रेमको निम्ति लड़ !

## 1.4 उपसंहार

कवि अगमसिंह गिरी जीवनभरी जाति, माटो, पहाड र संस्कृतिलाई माया गरिरहे । उनको सम्पादित, अनूदित र फुटकर कृतिहरूमा **कमल**, **आंखा**, **दियालो** साहित्यिक पत्रिका, **अस्तित्व** आदि त्रैमासिक, पत्र - पत्रिकाको सम्पादन पनि गरेका छन् । कवि गिरीले कविता र काव्यको अतिरिक्त 'नौलाख तारा उदाए ', ' पहाड सुके सुके झैं ' लाग्छ जस्ता उत्कृष्ट गीतहरू पनि रचेका छन् । कवि गिरीको मौलिक कृतिहरूमा याद, आँसु , युद्ध र योद्धा आदि

खण्डकाव्य र आत्मव्यथा, जीवन गीत, जलेको प्रतिबिम्ब - रोएको प्रतिध्वनि आदि कविता सङ्ग्रहहरूलाई अध्ययन गर्दा स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ ।

नेपाली साहित्यका जातीय कवि अगमसिंह गिरीका जीवन - वृत्त उसले सोचे र सम्झे जस्तो थिएन । जीवनभरी आफ्नो प्रेमी र पत्निको शोकमा विह्ल बन्ने कवि गिरीलाई पीडामय अभिव्यञ्जनाका कवि पनि भनिन्छ । उनी बाँचुनजेल पिएरै जिए । दिनभरी रक्सीको मादमा परे तापनि कवि गिरीको कविता लेखनमा भने जातीय अस्मितामा भावनै धेरै रूपमा पाइन्छ । जति बाचे गिरी, आफ्नो नेपाली जातिका निम्ति गीरि नै भएर बाँचे । यसैले उनलाई सर्वप्रथम जातीय भवानका कविता स्पर्श गर्ने कवि पनि नेपाली समाज र साहित्यमा मानिएको छ ।

भारतमा जातीय अस्मिता एवम् छुट्टै राज्यको मांगको निम्ति सरकार समक्ष आन्दोलन भएको पाइन्छ । भारतेली नेपाली जातिमा यस प्रकारका चेतनालाई संचार गराउने मुख्य श्रेय स्व. गिरीका कविताहरूलाई दिन सकिन्छ । उनी साँचो अर्थमा गोर्खा अस्मिताका जातीय कवि नै थिए । कवि गिरीका कविताहरूमा गोर्खा समुदायका मानिसहरूद्वारा भोगी गएको विभिन्न समस्या, अभाव एवम् राष्ट्रमा नेपाली भाषी गोर्खा जातिका मानिसद्वारा देखाइएको ईमानदारीको पनि सटीक चित्र चित्रण भएको पाइन्छ ।

## 1.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार अगमसिंह गिरीका कृतिबारे विशेष अध्ययन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- कवि अगमसिंह गिरी नेपाली कविता साहित्यको स्वच्छन्दतावादी धारामा दार्जिलिङबाट उदाएका एक मा जातीय कवि हुन् ।

- केवल ४४ वर्षको उमेरसम्म बाँतेर अल्पायु मै देहान्त हुने कवि गिरीले आफु जीवनभरी बाचुञ्जेल नेपाली जाति र साहित्यको निम्ति सक्दो सेवा गरेका छन् ।
- नेपली साहित्यमा विभिन्न कविता, खण्डकाव्य, गीतिकाव्य, लेख आदि सिर्जना गरेर उनले नेपाली समाज, जाति र साहित्यमा अतुलनीय योगदान पुर्याएको प्रतीत हुन्छ ।
- भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दतावादी लेखन प्रारम्भ सँगै नेपाली कविता संसारमा **कवि अगमसिंग गिरी**को उदय भएको हो ।
- वैयक्तिकता, स्वच्छन्द अभिव्यक्ति, बौद्धिकताको घेराबाट मुक्ति, काल्पनिकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण, कृत्रिमताबाट मुक्ति भएर यस स्वच्छन्दतावी धारामा भारतेली नेपाली कविहरूले आफ्नो कविताको धडेरी निर्माण गरेका छन् ।
- स्वच्छन्दतावादी प्रवृत्तिमा कविता लेख्रो कवि गिरीका अन्मित चरणका कविताहरू भने बिद्रोहमूलक र क्रान्तिकारी बन्न पुगेका छन् ।
- नेपालीमा ‘नौलाख तारा उदाए ’, ‘ पहाड सुके सुके झैँ ’ लाग्छ जस्ता उत्कृष्ट गीतहरू रच्ने कवि गिरीको मौलिक कृतिहरूमा **याद**, **आँसु** , **युद्ध र योद्धा** आदि खण्डकाव्य र **आत्मव्यथा**, **जीवन गीत**, **जलेको प्रतिबिम्ब** - **रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रहहरू प्रकाशित छन् ।
- उनका यी कृतिलाई अध्ययन गर्दा कवि गिरीका कविता – काव्यमा विशेष स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव मुखरित भएको पाइन्छ ।
- नेपाली साहित्यका जातीय कवि अगमसिंह गिरीका जीवन - वृत्त उसले सोचे र सम्झे जस्तो थिएन ।
- जीवनभरी आप्रो प्रेमी र पत्निको शोकमा विह्ल बन्ने कवि गिरीलाई पीडामय अभिव्यञ्जनाका कवि पनि भनिन्छ ।
- उनी बाँचुनजेल पिएरै जिए । दिनभरी रक्सीको मादमा परे तापनि कवि गिरीको कविता लेखनमा भने जातीय अस्मितामा भावनै धेरै रूपमा पाइन्छ ।

- जति बाचे गिरी, आफ्नो नेपाली जातिका निम्ति गीरि नै भएर बाँचे । यसैले उनलाई सर्वप्रथम जातीय भवानका कविता स्पर्श गर्ने कवि पनि नेपाली समाज र साहित्यमा मानिएको छ ।
    - भारतमा जातीय अस्मिता एवम् छुट्टै राज्यको मांगको निम्ति सरकार समक्ष आन्दोलन भएको पाइन्छ ।
    - भारतेली नेपाली जातिमा यस प्रकारका चेतनालाई संचार गराउने मुख्य श्रेय स्व. गिरीका कविताहरूलाई दिन सकिन्छ । उनी साँचो अर्थमा गोर्खा अस्मिताका जातीय  कवि नै थिए ।
- कवि गिरीका कविताहरूमा गोर्खा समुदायका मानिसहरूद्वारा भोगी गएको विभिन्न समस्या, अभाव एवम् राष्ट्रमा नेपाली भाषी गोर्खा जातिका मानिसद्वारा देखाइएको ईमानदारीको पनि सटीक चित्र चित्रण भएको पाइन्छ ।

यस प्रखण्डको अध्ययनले **नेपाली साहित्यका अमर साहित्यकार अगमसिंह गिरीका कृतिबारे विशेष अध्ययन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त अगमसिंह गिरीको साहित्यिक परिचय र उनका विविध कृतिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 1.6 अनुशीलनी

1. कवि अगमसिंह गिरीको जीवनबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

लाहुरे शीर्षकको यस गीतमा नेपालीहरूको औसत अवस्था अत्यन्त प्रभावी ढंगमा चित्रित छ। नेपाली भाषा र नेपाली जातिको साझा आकाशमुनि विकसित दार्जिलिङे परिवेशमा हुर्केका गोपाल योञ्जनको मनमस्तिष्क हमेसा नेपाली जाति र जातीयताप्रति अगाध मायाले छपछप भिजेको थियो। अघिल्लो ईश्वी शताब्दीको साठीको दशक नबित्दै 'गुराँस तेरो लाली अन्तै बाँडिदे र हिमाल, तेरो पानी अन्तै फैल्याइदे र म त हिँडें पर्वतको शिर कुल्चेर' भन्दै दार्जिलिङको डाँडाकाँडा नाघेर उनी नेपाल पसे। आखिर नेपाली र नेपालीत्व उनीभित्र अँटाई–नअँटाई हुर्केकै थियो। रहँदा–बस्दा नेपाल राष्ट्र नै उनको मानस–मुटुको तन्तुतन्तुसम्म भिञ्न गयो। निसानी–५२ पछि मरणोपरान्त बजारमा निस्केको उनको गीति एल्बम निसानी–५३ का जम्मै गीतहरू (एउटाबाहेक) नेपाल राष्ट्र र नेपाली नागरिकहरूप्रति समर्पित भावहरू हुन्। यी गीतहरूमा पनि उनको तीव्र संवेदनशीलता अनि सूक्ष्म काव्य–कौशल पर्याप्त भेटिन्छ। यो कुरो सही हो कि दार्जिलिङमै विकसित उनको संगीत प्रतिभा काठमाडौं पुगेर अझ फाँटिलो हुँदै फैलिँदै सारा नेपाली संसारमा व्याप्त बन्यो।

गोपाल योञ्जनभित्रको गीतकार त्यस कालमा हुर्केको हो जुन समयमा दार्जिलिङे साहित्य लेखनमा ठूलै उथलपुथल मच्चिरहेको थियो। लेखनमा आयामिक आन्दोलनको झर्झराउँदो समय थियो त्यो। तेस्रो आयामेली आग्रहको प्रबल वेगमा पुराना मूल्य र मान्यताहरू बेस्सरी झक्झकाइएका थिए मात्र होइन तर लेखनशैलीमै नयाँ लहर र नयाँ रूप देखा परिरहेको थियो। तेस्रो आयामका दुई प्रवर्तक कविहरू ईश्वरवल्लभ र वैरागी काइँला, कवितामा मात्र होइन, गीतमा पनि आयामीय आकृति देखाइरहेका थिए। यही कालवरिपरि अगमसिंह गिरीको गीतकार त्यो नयाँ लेखनको प्रत्यक्ष–परोक्ष प्रभावसित हुर्किरहेको थियो। त्यस युगको लेखनमा पाइने यौटा प्रमुख तत्त्व हो जीवन बचाइको नग्न यथार्थबोध साथै भवितासापेक्ष आस्तित्विक प्रश्नको गम्भीर तथा व्यांग्यिक अभिव्यक्ति। स्वाच्छन्दिक कल्पना अनि भावुकताको बादलले नलपेटिएको जीवनको नांगो रूप हेरिदिने आग्रह थियो त्यसबेला।

आधुनिकतावादी दृष्टिले देखाएको जीवनका विसंगतिहरू तथा तिनका भोगाइबाट प्राप्त तीव्र अनुभूतिहरू सूक्ष्म संवेदनशीलतासित व्यक्तिएका छन् कवि गिरीका अनेक गीतहरूमा। ती मर्मस्पर्शी गीतहरू कतिले उत्कृष्ट कविताको उचाइ

छोएका छन् । यस छोटो लेखमा ती जम्मै गीतको चर्चा सम्भव छैन । उनका त्यस परिपाटीका दर्जनौं राम्रा गीतहरूबाट नमुनाहरू मात्र टिप्नु पनि कम गाह्रो हुँदैन । गीतका शब्द र संगीत रचनालाई समान महत्त्व दिई नेपाली गीतलाई गर्विलो गरिमा प्रदान गर्ने अगमसिंह गिरी नेपाली संगीत फाँटमा टाढैबाट देखिने एक अग्ला स्तम्भ हुन् ।झनै उनका रूमानी भावहरू आरोह–अवरोहमा उक्लिँदा–ओर्लिंदा सृजित सांगीतिक ल्यान्डस्केपको सौन्दर्यले कसलाई मक्ख नपारेको होला ! उनको उन्मादिलो रागात्मक अभिव्यक्तिदेखि अतीव सौम्य प्रणयोद्गारमा अनि पारम्परिक सम्बन्धले उप्जाएको विवशतापूर्ण मार्मिक अभिव्यक्तिहरूमा अझ कति दशकहरूसम्म जीवन्त रहिरहनसक्ने प्राणतत्त्व पाइन्छ ।

गिरीको **नौलाख तारा उदाएपछि** गीतले स्वर्णिम युगको प्रवेश गरेको पाइन्छ ।

**‘नौलाख तारा उदाए**
**धरतीको आकाश हाँसेछ**
**शरद लाग्यो वनमा**
**फूलले पिरती गाँसेछ.....’**

प्रस्तुत गीतको स्वर - सङ्गीतः अम्बर गुरुङ हुन् भने रचना अगमसिंह गिरी र धुन भरेकोः १९५८ ई.सं. हो । यस गीतको रेकर्डः जनवरी १९६१, हिन्दुस्तान रेकर्ड कम्पनी, कलकत्तामा भएको हो । यही गीतबाट सुरु हुन्छ नेपालीको जातीय गान । अगमसिंह गिरीको रचना रअम्बर गुरुङको संरचना(स्वर÷सङ्गीत)बाट सुरु भएको अनिवासीय नेपालीहरूको नवसङ्गीतको जन्म सन् १९५८ मा दार्जीलिङमा हुन्छ । यही गीतले दार्जीलिङलाई नेपालसँग जोडेछ, यसको रेकर्डिङ पछि । सन् १९६१को जनवरीमा कलकत्ताको हिन्दुस्तान रेकर्ड कम्पनीमा रेकर्ड भएको यो गीत प्रवासी नेपालीको पहिलो गीत त होइन, यसभन्दा अघि मित्रसेन र मेलवादेवीले पनि साङ्गीतिक धरातल त बनाइसकेका थिए, तर नेपालको बजार नेपथ्यकमा नै थियो ।

अगम, अम्बरको यो संयुक्तिपछि दार्जीलिङले नेपाली सङ्गीतमा आभ्याक्रामी रूप लियो । यसभन्दा अघि अनपेक्ष रूपमा नेपालबाट सुरु भएको धर्मराज थापाको गायनले भारतीय भू–खण्डको पहाडी भागलाई नेपालीमय बनाइसकेको थिया, तर पनि अनुभूतिका चार क्रम –विचार, भाव, प्रज्ञान, संवेदन)–मा कम नै थियो ।

विचारले अबोध र अर्थ दिन्छ, भावले नापजोख गर्छ र मूल्य दिन्छ, प्रज्ञानले भावी सम्भावनाहरू बताउँछ र परिवेशको सन्देश हुन्छ, संवदन इन्द्रियबोध हो । कार्ल गुस्ताभ जुङले भनेझैँ यस गीतमा उद्धृत तथ्यहरूको सङ्कलन निहित थियो । जन्मको हिसाबले 'नौलाख तारा...'धर्मराज थापाको स्वदेशगान 'नेपालीले माया मा¥यो बरी लै...'–को साङ्गीतिक प्रसारको प्रत्यक्षणता हो, प्रतिक्रिया पनि हो । दार्जीलिङकै साङ्गीतिक इतिहासको जग स्थापना पनि हो । टुटफुटरूपमा नवीन बर्देवा, एच.मान गुरुङ र दलसिंह गहतराजले सुरु गरेको पाखाली सङ्गीतको सुरुवात पनि हो । यो गीत एउटा कविता, एउटा रचना र एउटा गायकको माइलस्टोनमात्र नभएर राष्ट्रिय र जातीय घटना, दृश्यिक स्थायित्व(फेनोमेनान) र आत्मिक अनुभूति हुन पुग्यो, जसलाई असङ्ख्य प्रवासी नेपालीहरूको स्मृतिस्वरूप र अतीतगाथा एवम् गृहविरह(नोस्टाल्जिया)–का रूपमा सङ्गीतप्रेमीहरूले एकमतले ग्रहण गरे ।

साङ्गीतिक हिसाबले यसलाई एउटा गीत मानिलिऊँ तर भौगोलिक हिसाबले यो एउटा सांस्कृतिक भूगोलको पुनरुत्थान हो । यस गीतको अनुभव र घटनामा संसारभरिका नेपालीहरू प्रथमपटक एकैचोटि होम्मिएर कस्तो भूल गरे वा के आशिष पाए भन्ने कुरा अर्को हो, तर धेरैजसोले यस रचनालाई अम्बर गुरुङको साङ्गीतिक पक्षको सर्वश्रेष्ठ उदाहरण माने । 'नौलाख तारा....'को ज्वाला रन्कनुभन्दा पहिले पनि अम्बर सङ्गीत रचना गर्थे, गाउँथे तर त्यसबेलासम्म उनीहरू दार्जीलिङकै आकाशमा मात्र सीमित थिए, दार्जीलिङको सीमालाई नाघ्न सकेका थिएनन् । यस गीतको रेकर्डिङपछि अम्बर गुरुङ अम्बरजस्तै भए । उनको यस रचनाले साराका सारा नेपालीलाई नातागत रूपमा हृदयको अतल भूमिसम्म छोयो । कवि वाइरनले भनेझैँ अम्बरले एक सुन्दर बिहान एकाएक आफूलाई प्रसिद्ध पाए ।

अम्बर त्यसपछि नम्बरको क्रममा गनिए । भूपिले भनेका छन् ः "जब गीत हुन्छ अगमको, सङ्गीत अम्बरको त्यसपछि गीत बन्छ एक नम्बरको ।" यो एक नम्बरको गीतको रचना कसरी भयो र यसको प्रसिद्धिको कारण के हो ? भन्ने गीतकार नगेन्द्र थापाको प्रश्नमा अम्बरको जवाफ यस्तो छ—"यो गीतमा तीनवटै कुराको तारतम्य मिलेको छ । शब्दले नेपाली अवस्था राम्ररी जनाएको छ र शब्दहरूको गहिराइअनुरूप मैले सङ्गीत भर्दा धेरै चिन्तन गरेँ । गायकीमा भावमयता छ । भावपूर्ण आवेशमा आएर नगाएको भए त्यो गीत त्यति सफल हुने थिएन ।" 'नौलाख तारा....' नेपाली गेय सङ्गीतमा एउटा ठूलो मोड हो भन्नु

अत्युक्ति हुन्न । गीतमा भावपक्ष नै सबल भएको कुरा अम्बरले स्वीकारेका छन् । तर भन्नै पर्दा अम्बरको स्वीकारोक्ति यस्तो पनि छ—"मुख्य कुरा त अभावको बेलामा यस गीतको जन्म भयो, नेपालबाहिर बसेका नेपालीहरूको राजनीतिक अवस्थाबाट जन्मेको गीत हो यो । अरू त परै जाओस्, यस गीतले मेरो जीवनमा नै नयाँ मोड दियो ।"

अम्बरको व्यक्तित्व र जिन्दगीभन्दा पनि परिवर्तनकै कुरामा यस गीतले दार्जीलिङको छरपस्ट सङ्गीतलाई एउटा सशक्त दल बनायो, जसमा कपिलराज सुब्बा, गोपाल योञ्जन, कर्म योञ्जन, शरण प्रधान, रञ्जित गजमेर, मानवीर सिंह, शान्ति ठटाल, अरुणा लामा, पिटर जे. कार्थक, ललित तामाङ, इन्द्र थपलिया, गगन गुरुङ, जितेन्द्र बर्देवा, पासाङ बाङ्वल र अरू पनि जुटे । यही दलले सङ्गीत–सृजनामा हारमोनी(सस्वरता) र काउन्टर प्वाइन्ट(संलाप)–को गत्यात्मकता ल्याउनथालिसकेको थियो । यो अर्कै इतिहास हो, यस गीतको सफलतापछि शरण–रञ्जितको 'सङ्गम ग्रुप बन्यो, जहाँबाट अरूणा उदाइन् । कर्म–गोपाल योञ्जनको 'हिमालय कला मन्दिर' बन्यो, जहाँ दिलमाया खाती र नगेन्द्र थापा थपिए— गायिका र गीतकारका रूपमा । तर उन्नाईसजना वाद्यवादक र एकजना गायकले चुनौतिपूर्वक तीन मिनेटभित्र ७८ आर.पि.एम्.को डिस्क रेकर्डमा गाएको यस गीतले त्यतिबेला दार्जीलिङभित्रको बहुलतालाई एकात्मक र सामाजीकरण गरेको थियो । यसलाई सम्झेर अगमसिंह गिरीको सोधनीमा अम्बर गुरुङको जवाफ यस्तो थियो, "दार्जीलिङ सधैँ मेरा आँखाका नानीहरूमा खेलिरहेको हुन्छ, मुटुमा सधैँ समेटिएको हुन्छ ।

दार्जीलिङको हरेक सुख–दुःखको सहभागी आफूलाई ठान्छु, सांस्कृतिक जागरण आएको छ । सङ्गीतको क्षेत्रमा अब दार्जीलिङले केही गर्न सकेन भने यो दुःखदायी हुनेछ ।" यसपछि दुःखदायी स्थितिमा अम्बरका सबै गोपालहरू दार्जीलिङबाट अन्यत्र छरिए— कोही काठमाडौँ, कोही कलकत्ता, कोही मुम्बई, कोही कहीँ । यसपछि अम्बरकै रचनामा 'ए कान्छा मलाई सुनको तारा....', शरण प्रधानको रचनामा 'यहाँ फूल नखिलेछ....', कर्म–गोपालको सङ्गीतमा नारायणगोपाल पनि जुट्नु, शान्ति ठटालको वैयक्तिक शृङ्खला बन्नु इतिहासको अर्को झलक हो । यसबारे चर्चा हुने नै छ । सन्दर्भलाई कायमै राख्दा वि.सं. १९९२ साल फागुन १४ गते दार्जीलिङमा जन्मेका अम्बर गुरुङले आफ्नो चौबिसौँ वसन्तमा रेकर्ड गराएको 'नौलाख तारा....' रागका आधारमा भीमपलासीको निकट पाइन्छ भने प्रकृतिका आधारमा नेपाली प्रवृत्ति (इन्सटिङ्क्ट)– सँग घनिष्ठ

देखिन्छ । एक अतीतमा अम्बरका वाद्यवादक (शिष्य) रहेका पिटर जे. कार्थकको सम्झनाको सार यस प्रकार छ — "यस गीतले साङ्गीतिक सन्दर्भमा मात्रै पनि धेरै नयाँ देनहरू लिएर आयो ।

प्रथमतः यो कृतिको साङ्गीतिक महŒवाकाङ्क्षालाई भुल्न सकिँदैन, जसले नेपाली सङ्गीतमा त्यसबेलाका निम्ति अत्याधुनिक आन्दोलन ल्यायो । गीतको थालनी स्थायी (प्रिल्युड) मै पियानोको परिचय सशक्त र नाटकीय छ, जसले रचनाको विषयबारे श्रोतालाई सुरुमै चेतावनी दिन्छ । त्यसपछिको माइनर कर्डमा स्वरलहरीद्वारा शान्त अनुशासन कायम भएपछि तालपरिचय गराएर व्यवस्था – एरेन्जमेन्ट) कायम हुन्छ । तीनै काम एउटा बाजा पियानोले गर्छ र यो बाजाको बहुमुखीपन सङ्गीतसंयोजकले बुझेका रहेछन् जस्तो लाग्छ । तर कुनैकुनैलाई एउटै बाजालाई यसरी रगडाउँदा अलिक खल्लो लाग्नु पनि स्वाभाविक छ, तर साङ्गीतिक व्यवस्था कुनै जड कुरो होइन, समयानुकूलित गर्न सकिन्छ ।" अम्बर गुरुङका सङ्गीतरचनाबारे केन्द्रित रहेर तीन दिनसम्म रेडियो सगरमाथाको अजम्मरी गीतसङ्गीतमा पिटर जे. कार्थकले यस गीतको निर्माणका बारे स्पष्ट रूपमा एउटै कुरा ठोकुवा गरे । त्यो यस प्रकार छ — "यो गीत शब्दद्वारा सुरु नगरिएर ओ...ओ...ओ...को तानले गरिन्छ, रचनाकार अगमसिंह गिरीले यो थप शिल्पलाई चिताएका पनि थिएनन् होला न त श्रोताले नै, जसले सतर्क बनाउँछ श्रोताहरूलाई । अर्को थप कुरा, यो तान काव्यात्मक पनि छ, यसले श्रोताहरूलाई आह्वान (इभोक) र उत्तेजना (प्रभोक) एकसाथ दिन्छ । त्यसपछि सुरु भएको स्थायीलाई माइनरमै कुशलतापूर्वक स्वरबद्ध गरिएपछि बाँसुरीको मेजर लहरको अन्तिम स्वर (लास्ट नोट)–सँग अन्तरा सुरु हुन्छ । स्थायी र अन्तराको विभिन्नतालाई मध्यभागको एक्लो बाँसुरी र भ्वाइलिनको समूहको मेजर–माइनर(सवाल–जवाफ)–ले सम्बद्ध गरेपछि श्रोताहरू गीतको आधा चरणमाआइपुगेर गीतसँग परिचित हुन सफल हुन्छन् । यो हुनुभन्दा पनि अघि स्वरसमूह (कोरस)–को 'किन पो यहाँ आयौ नि....'–ले अर्को थप व्यापकता ल्याएको हुन्छ ।

त्यसपछि फेरि त्यै ओ...ओ..र समवेत (कोरस) –मङ्गलाचरणको सामुहिकतामा गीतको रेकर्डिङ धीमा भएर टुङ्गिन्छ । गीतमा साङ्गीतिक पूर्णताको उत्कृष्ट उदाहरण यस कृतिमा पाइए पनि सायद स्रष्टा अम्बर गुरुङ केही असन्तुष्ट नै छन् र त्यसरी अटुङ्गोमा गीत सकिएको होला भन्ने लाग्छ किनकि यस्तो किसिमको समाप्ति एउटा शिल्पमात्र नभएर अरू दृष्टिकोणले पनि लाक्षणिक वा साङ्केतिक छ

। नेपाली लोकताल (समला)–लाई यहाँ आधुनिकीकरण गरिएको छ र नेपाली सांस्कृतिक दृष्टिले हेर्दा यस कृतिलाई मादल, सारङ्गी र बाँसुरीजस्ता घरेलु बाजा (फ्यामिलिएर इन्स्टुमेन्ट)–को आडमा प्रस्तुत गर्न सकिन्छ भने आधुनिक भव्यता दिएर सयौँ कलाकारहरूद्वारा फिलहार्मोनिक रूपमा पनि प्रस्तुत गर्न सकिन्छ ।"

एउटै गीत 'नौलाख तारा....' बारे धेरै लेख–प्रलेखहरू लेखिए । कारण प्रस्ट छ, एउटै कृतिमा आधुनिक सङ्गीतको अग्र रूपका ठोस कदमहरू सफलतापूर्वक चालिए । कालिकताका हिसाबले स्वदेश र प्रवासलाई एकसाथ जोड्यो, यो तीन मिनेटको गीतले । नौलाख तारा रेकर्डको उतापट्टि अर्को गीत छ— 'तिमी आऊ बहार पर्खिरहेको छ', जसले युगलगायतको इतिहास कायम राखेको छ— अतीतदेखि वर्तमानसम्म । 'नौलाख तारा...' का प्रस्तोता अम्बरलाई कसैकसैले प्रथम सङ्गीतकार, दोस्रो गीतकार र तेस्रो क्रममा गायकका रूपमा राखेका छन् । बिर्सिएको कुरा के मान्नुपर्छ भने, धेरै गोपालहरूका गुरु पनि हुन् अम्बर ! र सम्झनै पर्ने कुरा उनी गायक नै हुन्, उनको भनाइमा— "मैले गाउन नथालेको (हारमोनियम समातेर) भए अथवा गायक पहिले नभएको भए म कसरी सङ्गीतकार हुन्थेँ, मैले सङ्गीत नगरेको भए कसरी गीतकार हुन्थेँ ?

तीनताक काठमाडौंलगायत सहरी क्षेत्रमा हिन्दी गीतको बोलवाला थियो। हिन्दी गीतको मोह यस्तो थियो कि विभिन्न धार्मिक समारोहमा पनि हिन्दी भजन गाउने चलन थियो। पहिले–पहिले बिहानको स्कुलको प्रार्थनामा समेत हिन्दी प्रार्थना गरिन्थ्यो रे। त्यसबेला मास्टर मित्रसेनका गीतलाई सम्भ्रान्त भनेर चिनिने सहरियाहरुले हल्का रुपमा लिने गरेका थिए। रानुदेवीका गीत सात सालपछि रेडियोबाट बज्न थालेका हुन्। स्रष्टा धर्मराज थापाले नेपालका पहाड र कुना कन्दरामा गएर लोकगीत खोज्न थालेपछि नै सहरिया समाजमा पनि लोकगीतले ठाउँ पाउन थालेका हुन्। सेतुराम, मेल्वादेवी, मिस प्रभा, उस्ताद साँहिलाका गीतहरुले नै नेपाली संगीतको पुरानो कालखण्डलाई प्रतिबिम्बित गरेका हुन्। यस अर्थमा नेपाली संगीतको पुरानो कालखण्ड तीन किसिमले अघि बढेको छ। प्रेमध्वज प्रधान, योगेश वैद्य, रुवी जोशी, फत्तेमानहरुको मौलिक स्वरहरुले आज पनि नेपाली आधुनिक गायनको त्यस स्वर्णिम युगलाई स्मरण गराइरहेको छ। यिनीहरु आज पनि उसैगरी सशक्त गायनमा छन् र नेपाली संगीतको पहरेदार भएर पछिल्लो पुस्तालाई खबरदार पनि गरिरहेका छन्।
संगीतको दोस्रो कालखण्ड सम्हाल्नेहरुको गला यस्ता तिलस्मी थियो जसले नेपाली गायनलाई सगरमाथाको शिखरमा आरोहित गराएको थियो। आज पनि

उनीहरुका गीत रेडियोमा बज्दा भित्रैदेखि आनन्द लाग्छ। बच्चुकैलाश, मणिकरत्नका स्वरमा यस्तो सम्मोहन छ जसको स्वरलहरीमा यो पुस्ता पनि लट्ठिन्छ। उनीहरुको स्वरले अन्तर हृदयलाई समेत हुरुक्क पार्छ। तर बिडम्बना ! स्वरलाई आफ्नो समयअगावै स्रष्टाहरुले ती, आफ्ना गीतलाई पूर्णविराम लगाए। त्यसबेला नेपाली संगीत खुब रोएको थियो। यी दुईले आफ्नो गायनलाई निरन्तरता नदिएर आफ्नो स्वरको आत्महत्या गरेका छन्। आफ्नै गायनको हत्या गरेका छन्। नेपाली संगीत कहाँ धनी थियो र? यो पृष्ठभूमिमा नेपाली आधुनिक गीत सिर्जना गरेर त्यसलाई स्थापित गराउनु चानचुने काम होइन र थिएन पनि। यी दुईले नेपाली संगीतलाई हुर्काउने र फुलाउने जिम्मा लिनुपर्ने थियो। स्वरमार्धुयका हिसाबले सशक्त हुँदाहुँदै पनि यिनीहरुले नगाउनु नेपाली संगीतलाई ठूलो घाटा थियो। कहिल्यै नपुरिने ठूलो खाडल उब्जिएको थियो। यसरी उनीहरुले आफ्नो गायन स्वअर्थ थियो भनी प्रमाणित गरिदिए।

तेस्रो कालखण्डका स्वरसाधकहरुको प्रसंग धेरै करुणामय छ। संवेदनशील छ। तारादेवी र भक्तराज आचार्य। यिनीहरुको स्वर हाम्रा लागि नभेटिने सपना हुन पुग्यो। डाँडापारीको घाम हुन पुग्यो। यिनीहरु सम्झँदा नेपाली संगीत एकपटक करुण र द्रवीभूत हुन्छ। गाउने समय पुग्दा नपुग्दै, गाउने चाहना हुँदाहुँदै यिनीहरुलाई युगले साथ दिएन। समयले यिनीहरुलाई कसरी पछार्योक हँ? नेपाली स्वर किन्नरी तारादेवी आफ्ना पुत्र र पतिको एकपछि अर्को वियोगको बज्रपात सहन नसकी पार्किसन्सको सिकार हुन पुगिन् । र उनको स्वर कहिल्यै फर्केर आएन। अनि समय नै नपुगी तिनी पनि संगीत क्षेत्रबाट सधैंका लागि बिदा भइन्। अर्का भावुक स्वरका समुद्र भक्तराज दुर्घटनामा परे र फेरि आफ्नो मखमली स्वर लिएर गायनमा फर्कन सकेनन्। उनी पनि डाँडापारिकै घाम भएर रहे नेपाली संगीतमा। यसरी नेपाली संगीतको पुरानो समय र युग पक्षघात भएर, निरीह भएर, कुनामा रोएर बाँचिरहेछ। एउटा भरियाले लामो ठाडो उकालो पार गरेर चौतारीमा पिठ्युँको गह्रुँगो भारी बिसाउँदा पहरोको कुनै छाप्रोबाट यी स्रष्टाहरुले गाएको गीत गुन्जियो भने उसले कस्तो अनुभव गर्ला? के भरियाको आधा थकाइ नभेटिएला र?

तर सबैलाई यिनै स्रष्टाको गीतले मोहनी लगाउँछ भन्ने छैन। अहिले स्रोताहरुको रुचिको स्तर पनि झर्दै गएको छ। उनीहरुको रुचि बिगार्नमा बम्बैया शैलीका नेपाली चलचित्रको प्रभाव परेको छ। त्यसमाथि पनि च्याउसरी खुलेका

सञ्चारमाध्यमले ठट्यौला गीतलाई बढी महत्व दिएर प्रचार प्रसार गरिदिँदा श्रोताहरुको रुचि नै हल्काफुल्का गीततर्फ मोडिएको छ।

एउटा दुःखको कुरा गीतले पनि बजारमुखी भएर त्यसैलाई साहित्यको विधाभन्दा पनि सस्तो मनोरञ्जनको साधनका रुपमा परिभाषित गर्नुपर्ने हुन्छ। कि मायाप्रिती कि ठट्यौला गीत रुचाइन्छ। हामी स्रोताका रुचिलाई स्तरीयतातर्फ आकर्षित गर्न सक्दैनौं र? हाम्रा अग्रजले हिन्दी गीतमा लठ्ठिएका श्रोतालाई आधुनिक गीतमा डोर्यारउन सके। स्वर माधुर्यले भरिएका यी गीत अहिले पनि मनमा बसिरहेछन् । पशुपति क्षेत्र अहिले शिवरात्रीको रमझमले खुब मज्जासँग खुलेको छ। मुलुक बाहिर र भित्रबाट आएका धेरै गेरु वस्त्रधारी, लामा दाह्री पालेका र गाँजा तानिरहेका जोगीहरुको विशेष जमघटले एउटा छुट्टै माहोल सिर्जना गरेको छ। जुनसुकै बेला जोगीहरुको 'जय बम बम भोले'को नादले शिवधाम गुन्जिरहेछ।

**नौलाख तारा उदाए, धर्तीको आकाश हाँसेछ**

**शरद लाग्यो डाँडामा फूलले प्रीति गाँसेछ**

**नजली यहाँ झिलिली मनको तारा निभेछ**

**गुराँस फुल्यो पहाडमा, मनको तारा निभेछ**

**नसम्झ आज नेपाली सन्चोले यहाँ बाँचेको**

**काँडाकै माझ पहाडी फूल छैन र कहाँ हाँसेको**

**सुनको सपना आँखामा किन हो बाँधिल्यायौ नि**

**घरको माया बिर्सेर किन पो यहाँ आयौ नि**
**मुटुको रगत एउटै हो, पीरको बह बेग्लै छ**

**हामीलाई यहाँ चिन्यौ कि मनको चोट बेग्लै छ**

**नियाली हेर हामीलाई भिजेको छैन परेला**

**आँसुले गह भिजाए, अरूले निर्धा सम्झेला**

**बुझ्छ र कल्ले रोएको मुटुमा काँडा लिएर**

**अरूको सारमा हाँसेको आँशुको घुट्का पिएर**

**पहाडी फूल नफक्री किन पो चुँडिल्यायौ नि**

**मनको आगो निभाउन किन पो यहाँ आयौ नि ।**

*शब्दः अगमसिंह गिरी*

*संगीत/स्वरः अम्बर गुरुङ*

"नौलाख तारा उदायो" का स्रष्टा कवि अगमसिंह गिरी हाम्रो साहित्य र समाज का एक अजम्बरी नाम हुन! सिंगो जातीय अस्मिताका प्रतीक पनि हुन् । उनका पाइए जति समस्त प्रकाशित र अप्रकाशित फुटकर रचना, कृति, संस्मरण तथा उनका कृतिहरू आधारित लेख, समालोचना आदि एकत्रित गरी एकमुष्ठमा बाँधी प्रस्तुत गर्न पाउनुमा हामीले असीम आनन्द र सौभाग्य बोध गरेका छौं । अगमसिंह गिरी रचनावली चार खण्डमा विभाजित छ, क्रमशः गद्य खंड, पद्य खण्ड, व्यक्तित्व खण्ड अनि समालोचना खण्ड! समालोचना खण्ड अन्तर्गत गिरीका कृति सम्बन्धी लेखिएका समालोचना हरु, संकलित छन् । चार प्रखण्डमा विभाजित प्रस्तुत खण्डको प्रत्येक प्रखंड जीवनीपरक, व्यक्तित्व पर, जातिविषयक, फुटकर कविता-विषयक, गिरीका गद्य रचना माथि लेखिएको समालोचनाहरु संकलित छन्।

## 4.3.3 अन्यान्य क्षेत्रमा

कवि अगमसिंह गिरी कवि र गीतकार मात्र होइनन् । उनी नेपाली जातिका निम्ति सदैव मरिमेट्ने कवि हुन् , स्रष्ट्रा हुन् । उनले खण्डकाव्य ‘युद्ध र योद्धा’मा यही ‘कन्फ्युजन’लाई डिस्कोर्समा ल्याएका छन्।फोर्समा ‘गोर्खा’ नेपालका धेर र भारतका कम।अंग्रेज भगाउन दुवै गोर्खाको उस्तै योगदान।तर, देश सेता

मानिसबाट मुक्त भइसकेपछि काला मानिसहरू त्यही सेता चरित्रमा उदाए।युद्ध र योद्धाबीच खाडल बनियो।गोर्खाहरूलाई संघीय देशमा स्थान दिइएन।उनीहरूको चिनारी निश्चित गरिएन ।

'युद्ध र योद्धा'बाट नै गिरीले नेपाल र भारतलाई एक गोर्खाले हेर्ने पारम्परिक दृष्टिकोणको सवालमा आफूलाई सच्याए।तर, भूमिकामा इन्द्रबहादुर राईले गिरीको दृष्टिकोणलाई गलत व्याख्या गरिदिए।गिरीय चेतलाई 'रोमान्टिसिज्म' भनेर लिमिटेड गरिदिए।भने, 'कुनै दार्शनिक विचारको व्याप्ति पक्रेर गिरी दुःखवादी भएका छैनन्।गिरीको पैतृक, पारिवारिक वा व्यक्तिगत जीवनमा कुनै अपघात छैन ।' चिनारीको निम्ति फेरि युद्ध गर्नुपर्ने हो त ? गिरीय चेतनाले खनेको प्रश्निक बाटो यस्तो हो।तर, इबरा गिरीको परिवारमा युद्धको अपघात छैन भन्दै गिरीय काव्यलाई अव्यावहारिक तुल्याउन खोजिबसे । इबराले त गिरीले जाति–दुःखलाई नाम्लो लगाउनुको कुनै तुकसमेत नरहेको बताएका छन्।गिरीय जातिवादी चेतना दार्जिलिङे साहित्यले प्रसार गरेको मूल चेतना हो।त्यही चेतनाको जगमा अहिलेको दार्जिलिङे राजनीतिसमेत टिकेको छ ।

गिरी रातारात हरेक गोर्खाले नाम लिने शीर्ष कवि बने।अहिले पनि इबराहरूभन्दा धेरै लिइने नाम हुन् उनी।अहिले पनि धेरैलाई गिरीका कविता मुखस्त छन्।हरेक आन्दोलनमा बाटो देखाउने काव्यिक पंक्ति उनी नै हुन्।जातिलाई संकट पर्दा लिइने नाम उनी नै हुन्।साठीको दशक, साहित्य र राजनीतिले दार्जिलिङे वैचारिकीमा युटर्न लिएको बेला पनि हो । किनभने दार्जिलिङका सबैभन्दा प्रभुत्वशाली राजनैतिक दल अखिल भारतीय गोर्खा लिगले गोर्खा नामलाई मिथ बनाएर त्यसको छातामुनि सबै जातगोष्ठीलाई एकीकृत गर्ने विचार समाजलाई दिइरहेको थियो।गिरीका कविताले त्यही समयलाई सम्बोधन गरेको थियो।चिनारीको सवाल, जाति मुक्तिको सवाल, केवल गोर्खाहरूको सवाल मात्र त थिएन, संघीय लोकतान्त्रिक देशले सम्बोधनमा ल्याउन नसकेकाहरूको लडाइँ पनि थियो।विश्वभरि नै पहिचानसम्बद्ध साहित्यले अनुहार उठाइरहेको क्रिम समय पनि थियो ।

यतिखेर नै इबराहरूले गिरीय साहित्यलाई भनिदिए, 'च्याप्टो साहित्य'।अर्थात् गिरीय साहित्य भनेको रोनाधोना, सस्तो भावुकता, रोमान्टिक र एक आयामी वा समाजलाई काम नलाग्ने थोत्रा । वास्तविकता के हो भने दार्जिलिङमा त्यही च्याप्टो

साहित्यले समाजलाई दिएको प्रभाव नै ज्युँदो छ।समाज त्यो रामान्टिसिज्मबाट मुक्त छैन।जाति मुक्त छैन।इन्द्रबहादुरीय बौद्धिक लेखनले भने मुक्त समाजको गफ गर्छन्, जो दार्जिलिङ समाजको लागि 'हावागफ' हो । जाति मुक्त नबनी न भाषाले बंगाली हुँदै अरू भाषामा छिर्ने मौका पाउने हो न केन्द्रमा गोर्खाहरूको समस्याले फ्लोर पाउने हो।इन्द्रबहादुर राईहरूको बौद्धिक डिस्कोर्स दार्जिलिङ समाजमा पुल्ठो बालेर दिउँसै खोज्दा पनि भेटिन्न ।

मलाई कवि कालिकाजीले भने, 'गिरीको आयाम, तीनवटा आयामले छोप्न सक्दैन।गिरी आफ्नै माटोमा जन्मिएका हुन्।जो आफ्नो माटोमा जन्मिएका हन्, उनी जिउँदा हुन्छन्।हेर्नुहोस्, अहिले तपाईंको राजनैतिक समाजले बोकेको मुद्दा गिरीले थमाएका हुन् ।' च्याप्टा कवि अगमसिंह गिरीको चेतना भने संकटमा परेका भारतीय (गोर्खा)हरूको चिनारीको खोजतिर लहसिँदै थियो।गिरीय चेतना लोकल भएर पनि ग्लोबल थियो । उनले १९५९ मा प्रकाशित गरेको 'आत्मव्यथा' चर्चामा यसै कारण थियो।त्यही संग्रहमा उनले 'नचिनिने भएछौ' लेखेका हुन्।पहिले–पहिले गिरी नेपाल र भारतलाई एउटै देख्थे।उनी भाषाबाट छिरुन् वा संस्कृतिबाट छिरुन्, पुग्दा नेपाली व्यथामा नै पुग्ने ।

त्यो व्यथाको जनक देश त पक्कै थियो, तर त्यो भारत हो कि नेपाल ? यो दुविधाको पेन्डुलम गिरीको चेतनामा हल्लिबस्थ्यो।त्यसै कारण उनको दुःखवादको जिलो केलाउन निक्कै गाह्रो कुरा हो भनेका हुन्– आलोचकहरू । तर, गिरी त्यही दुःखवादमा अल्झिएनन्।पछिपछि उनी त्यहाँबाट उक्लिए।र, जातिप्रति आशक्त बन्दै गए।६० को दशकबाट हुर्किएको जातीय चेतनाले ७० को दशकमा 'युद्ध र योद्धा' जस्तो जातिमुक्तिको दस्तावेज निर्माण गरिसकेको थियो।अथवा भारतीय नेपालीहरूले दार्जिलिङबाट आफ्नो ऐना हेर्न थालिसकेका थिए । राजनीतिले गिरीय चेतनालाई सतहमा ल्याउँदै थियो।गोर्खालिगजस्तो राजनैतिक दलले जातीयताको विचारलाई जीवन र समाजसित जोडेर रूपान्तरणको सपना देख्न थालिसकेको थियो । अँ, बल्ल राजनीति र साहित्यले समानन्तर विचारलाई परिवर्तन र रूपान्तरणको नारा बनाउँदै थियो।तर, त्यही दशकमा तेस्रो आयामले साहित्यलाई अझ अग्लो विचारले उठाउने भए ।

बैरागी काइँलाले सम्पादकीयमा नै गिरीय लेखनलाई इंगीत गर्दै भने, 'च्याप्टो लेखन ।' नेपालका बैरागी काइँलाले नेपाली साहित्यलाई बुझ्दा भारतको नेपाली र

नेपालको नेपालीको रूपमा लिए–लिएनन्, थाहा छैन।तर, ‘मातेको मान्छेको भाषण मध्यरातपछिको सडकसित’को अन्तर्य नेपाली संकटबाटै आएका विचार हुन्।तर, त्यसको अन्तर्य केवल नेपाली आवाज र संकटमा सीमित रहेन।त्यो आवाज विश्वका कुनै पनि ठाउँको आवाज बन्यो।नेपालमा काइँलाको ‘मातेको मान्छे’ र भारतमा गिरीको ‘नचिनिने भएछौ’ले एउटै काम गरेका छन् । यद्यपि, कविताको निश्चित भूगोल नहोला, तर त्यसले सम्प्रेषण गर्ने अर्थको भुइँले कवि बाँचेको इतिहास, भूगोल, संस्कृति र सत्ता टेकेकै हुन्छ । गिरीय च्याप्टो साहित्यले जातीय चेतना सम्प्रेषण गर्दैथियो।त्यो जातीयता भारतीय गोर्खाहरूको जातीयता हो ।

अंग्रेजको उपनिवेश खप्ने दार्जिलिङ समाजले अंग्रेजबाट आफ्नो चरित्र निर्माणको लागि पाएको कुनै ठूलो कुरा थियो भने त्यो हो– हिप्पोक्रेसी । अंग्रेजी रवाफ, संस्कार, सभ्यता, बोलीचाली, हाउभाउ, बोलिबचन, दृष्टिकोण, विचार निर्माणमा अंग्रेजीलो मनोविज्ञानले साहित्यकार, पढेलेखेका मानिस र ठूलाबढालाई गोर्खेपनबाट पर धकेल्दैथ्यो।यस्तोमा साहित्यले पनि पश्चिमी सैद्धान्तिकी, भौतिकशास्त्र, समाजशास्त्र, आइडियोलजी, दर्शन, मिथहरू भाटभट टिप्दै केन्द्रमा विश्व राखेर ‘वैचारिक आन्दोलन’ गर्ने भएपछि अगमसिंह गिरीहरूको च्याप्टो साहित्य संकटमा परेको हो।च्याप्टो साहित्य अर्थात् स्थानीय मूल्य, स्थानीय आवाज वा आफ्नै माटोले निर्माण गरिरहेको सैद्धान्तिकीहरू संकटमा परेको हो। मसिना कुराहरूलाई ठूला कुराहरूले छोप्नु भनेको अल्पसंख्यकलाई बहुसंख्यकले छोप्नै त हो।गिरीलाई काइँलाहरूका ठूला कुराले दार्जिलिङे साना कुरा छोपिने हो कि भन्ने पीर थियो।बैरागी काइँलाहरूलाई उनले त्यही पीर व्यक्त गरेका हुन् ।

रिस् होइन। वास्तवमा, बैरागीहरू गिरीय पीडाको (भारतीय गोर्खाहरूका राजनैतिक संकट) जरा भेट्न नसक्ने चेतनाका सर्जकहरू हुन्।उनीहरूका नयाँ प्रयोगले पुरानाहरूलाई चोट परेकोसम्म त बुझ्थे तर गिरीय चेतनाले समाजलाई दिन खोजेको दीर्घकालीन बाटोको न टुप्पो भेट्न सक्थे, न फेद । काइँलाहरूलाई त कहलिएका सर्जकको अहम्मा उनीहरूको गतिविधिले चोट पुगेको लाग्थ्यो तर गिरीलाई भने नेपाली कविको नेपाली व्यक्तिको छाप नेपाली कवितामा नपर्दा विस्मात लाग्थ्यो । अहिलेको राजनैतिक समाजले पनि गिरीय जातीयबोधबाटै

समाज निर्माणको सपना देख्ने गर्छ।तेस्रो आयाम र लीलाहरूबाट समाज रूपान्तरणको कुनै आइडिया भारतीय नेपाली समाजले पाएन।साहित्यमा इबराहरूलाई जुनै स्थानमा राखियोस्, तर उनीहरूको साहित्यले समाजलाई गिरीय साहित्यले जस्तो प्रभाव पार्न सकेन ।

अहिलेसम्म भारतीय नेपाली साहित्य गिरीय च्याप्टो साहित्यकै जगबाट उठ्न खोजिरहेको छ।च्याप्टो साहित्य नै समाजमा कामलाग्दो भएको छ।आजको समाज गिरीय च्याप्टो साहित्यको जगमा नै उठ्दै गर्दा तेस्रो आयाम विश्वभरि छरिसकेको हुनुपर्ने हो कि ?       अब बहस गर्ने बेला भइसक्यो।उतिखेर तेस्रो आयाम र च्याप्टो साहित्यबीचको द्वन्द्वलाई साह्रै खोतलियो÷खोतलिएन तर अब खोतल्ने बेला भइसक्यो । कालिकाप्रसाद सिंह भन्छन्, 'मुझे लगता है, गिरीको मार दिया गया।क्यो कि उनका कविता सत्ता के लिए खतरा पैदा करते थे।गिरी बहुत शक्तिशाली थे, ये सबको मालुन नही थे ।' हो त, च्याप्टो कविको शक्तिबारे सबैलाई त थाहा थिएन।तर, केहीलाई थाहा थियो।र, नै त आयो तेस्रो आयाम र भनियो– च्याप्टो साहित्य ।

## 4.4 उपसंहार

अगमसिंह गिरी स्वच्छन्दतावादी धाराका कवि हुन् । गीत, फुटकर कविता र खण्डकाव्य आदिका सर्जक गिरीका कवितामा मानव समाजका आन्तरिक यथार्थ वा पिडा, रोदनको चित्रण भएको पाइन्छ । समाजमा पिडित मानिस उनको कविताको विषय हो । उनले मान्छे र प्रकृतिबिचको सम्बन्ध देखाउँदै मानवीय अन्तर्वेदनाको प्रस्तुतीबाट नेपाली जातीयताको गौरवगान गरेका छन् ।

सरल शैली, सशक्त बिम्ब, सहज अनुप्रासयोजना, गद्यलयात्मक साङ्गीतिकता, भावसंवेद्यता, गौरवपूर्ण विषयको स्वस्फूर्त, हृदयस्पर्शी र सहज वर्णनले कवितालाई प्रभावकारी बनाएको छ । गिरीका कविताका विषय नेपाली सँस्कृति, जातीय मायाममता, मानवीय पिडा, संवेदना, मानवीय अस्तित्व र अस्तित्वरक्षाका लागि संघर्ष हुन् । मानवता, जातीय गौरवगान, सार्वभौमिकता, शान्तिसन्देश उनका कवितामा पाइने मुख्य प्रवृत्तिहरु हुन् । उनको कवितामा अमानवीय व्यवहारको विरोध, देशभक्तिको प्रशंसा र हृदयस्पर्शी जस्ता प्रवृत्तिहरु पाइन्छन् ।

Notes

सधैँ दौरा–सुरुवाल, कोट र टोपी लाउने अगमसिंह गिरीको व्यक्तित्व आकर्षक र प्रभावशाली लाग्थ्यो । उनका प्राय: गीत र कविता नेपाली जातीय भावनाले भरिएका हुन्थे । मुगलान भासिएका नेपालीको दु:ख, पीडा, गरिबी र तिनबाट मुक्तिको चाहले लेखिएका उनका कवितामा आफ्नो भूगोल, माटोप्रति अगाध प्रेम र निष्ठा नै प्राणतत्त्व हुन्थ्यो । नेपालीत्व उनको जीवन र काव्यको आदर्श थियो । सदा शोषित, उत्पीडित र सबै थोकको पहुँचबाट बाहिर सीमान्तमा बाँच्न बाध्य पारिएका पहाडका नेपालीको नागरिक र मानवअधिकार, तिनको जातिप्रेम र अस्तित्वको दाबीका लागि स्वर बुलन्द गर्ने कवि थिए - गिरी ।

नौलाख तारा उदाए ... गीतका अमर गीतकार अगमसिंह गिरी मात्रिक छन्दमा मात्र नभएर गद्य कविता पनि लेख्थे । उनको *तेस्रो आयाम (१)* मा ‘चिहान यहाँ बोलिरहेछ’ गद्य कविता प्रकाशित भयो । त्यस पत्रिकाको पाठक प्रतिक्रियामा गिरीको कविताको टिप्पणी थिएन । गिरी साहित्यमा अलिकति मात्र रुचि हुनेका लागि पनि उत्प्रेरक थिए । विभिन्न गोष्ठी आयोजना गर्थे र बोलाउँथे । साहित्यिक गतिविधिका अभियन्ता थिए । त्यसैले दार्जिलिङे साहित्यिक वातावरणमा रमाएका सबै उनको नेतृत्वप्रति अनुगृहीत रहनेछन्

## 4.5 सार

यस प्रखण्डमा **अगमसिंह गिरीको विशेष साहित्यिक योगदान**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- कवि अगमसिंह गिरी स्वच्छन्दतावादी धाराका कवि हुन् । गीत, फुटकर कविता र खण्डकाव्य आदिका सर्जक गिरीका कवितामा मानव समाजका आन्तरिक यथार्थ वा पिडा, रोदनको चित्रण भएको पाइन्छ ।
- समाजमा पिडित मानिस उनको कविताको विषय हो । उनले मान्छे र प्रकृतिबिचको सम्बन्ध देखाउँदै मानवीय अन्तर्वेदनाको प्रस्तुतीबाट नेपाली जातीयताको गौरवगान गरेका छन् ।
- सरल शैली, सशक्त बिम्ब, सहज अनुप्रासयोजना, गद्यलयात्मक साङ्गीतिकता, भावसंवेद्यता, गौरवपूर्ण विषयको स्वस्फूर्त, हृदयस्पर्शी र सहज वर्णनले कवितालाई प्रभावकारी बनाएको छ ।

- गिरीका कविताका विषय नेपाली सँस्कृति, जातीय मायाममता, मानवीय पिडा, संवेदना, मानवीय अस्तित्व र अस्तित्वरक्षाका लागि संघर्ष हुन् । मानवता, जातीय गौरवगान, सार्वभौमिकता, शान्तिसन्देश उनका कवितामा पाइने मुख्य प्रवृत्तिहरु हुन् ।
- उनको कवितामा अमानवीय व्यवहारको विरोध, देशभक्तिको प्रशंसा र हृदयस्पर्शी जस्ता प्रवृत्तिहरु पाइन्छन् ।
- सधैँ दौरा–सुरुवाल, कोट र टोपी लाउने अगमसिंह गिरीको व्यक्तित्व आकर्षक र प्रभावशाली लाग्थ्यो । उ

- नका प्राय: गीत र कविता नेपाली जातीय भावनाले भरिएका हुन्थे । मुगलान भासिएका नेपालीको दु:ख, पीडा, गरिबी र तिनबाट मुक्तिको चाहले लेखिएका उनका कवितामा आफ्नो भूगोल, माटोप्रति अगाध प्रेम र निष्ठा नै प्राणतत्त्व हुन्थ्यो ।

- नेपालीत्व उनको जीवन र काव्यको आदर्श थियो । सदा शोषित, उत्पीडित र सबै थोकको पहुँचबाट बाहिर सीमान्तमा बाँच्न बाध्य पारिएका पहाडका नेपालीको नागरिक र मानवअधिकार, तिनको जातिप्रेम र अस्तित्वको दाबीका लागि स्वर बुलन्द गर्ने कवि थिए - गिरी ।

- नौलाख तारा उदाए ... गीतका अमर गीतकार अगमसिंह गिरी मात्रिक छन्दमा मात्र नभएर गद्य कविता पनि लेख्थे । उनको *तेस्रो आयाम (१)* मा ‘चिहान यहाँ बोलिरहेछ’ गद्य कविता प्रकाशित भयो । त्यस पत्रिकाको पाठक प्रतिक्रियामा गिरीको कविताको टिप्पणी थिएन ।

- गिरी साहित्यमा अलिकति मात्र रुचि हुनेका लागि पनि उत्प्रेरक थिए । विभिन्न गोष्ठी आयोजना गर्थे र बोलाउँथे । साहित्यिक गतिविधिका अभियन्ता थिए । त्यसैले दार्जिलिङे साहित्यिक वातावरणमा रमाएका सबै उनको नेतृत्वप्रति अनुगृहीत रहनेछन्

- कवि गिरीको त्यो पीडा र वेदना उनको नितान्त वैयक्तिक आत्मरञ्जनारुपको ‘तीव्र भावको स्वत: प्रवाह’ मात्र थिएन। बरु त्यो जातीय दीन-हीनताप्रतिको गहिरो उच्छवास र उन्मुक्तिको उग्र छटपटी थियो।

- ❖ त्यसै गरी युद्ध र योद्धा खण्डकाव्य र अन्य केही कवितामा झल्किएका नेपाल मोह र आशक्तिलाई पनि आजको सामाजिक तथा राजनैतिक परिप्रेक्षमा नकारात्मक दृष्टिले हेरिँदा आलोच्य नै पाइन्छ।

- ❖ जातीय कवि अगमसिंह गिरीका सिर्जनाहरुमा पनि समयानन्तर नयाँ गोरेटो र क्षितिज भेटिँदै आएको छ। त्यसैले उनको पूजा भइरहेको छ र उनको सालिग युगयुगान्तर फूलमालाले पुरिएको छ।

- ❖ कवि अगमसिंह गिरी नेपाली कविता साहित्यका स्वच्छन्दतावादी, प्रकृति र प्रमका पुजारी कवि मात्र नभएर एक व्यङ्ग्य र बिद्रोही कवि पनि हुन् । उनले आफ्ना कविता, काव्य र गीतहरूका माध्यम समाजका शोषक, अन्याय र अत्यचारीहरू बिरूद्ध बिद्रोह गर्दै जातिमा जातीय चेतनाको उन्मेश भर्न चाहेका छन् ।

यस प्रखण्डको अध्ययनले **अगमसिंह गिरीको विशेष साहित्यिक योगदान**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त अगमसिंह गिरीको साहित्यिक परिचय र उनको कवि, गीत र अन्य क्षेत्रका साहित्यिक योदगान सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 4.6 अनुशीलनी

1. कवि अगमसिंह गिरीको जीवनीबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि अगमसिंह गिरीका कवितामा पाइने प्रमुख प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

3 कवि अगमसिंह गिरीको कृतिमा पाइने विविध पक्षबारे बताउनुहोस् ।

4. कवि अगमसिंह गिरीका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनको काव्य प्रवृत्तिलाई चिनाउनुहोस् ।

5. कवि अगमसिंह गिरीका कविता र खण्डकाव्य हरूमा पाइने विशेषतालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. अगमसिंह गिरीलाई किन पीडाका कवि, जातीय कवि र रून्चे भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि गिरीलाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि अगमसिंह गिरीको **नौलाखा तारा उदाय** गीतबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9 कवि अगमसिंह गिरीको जायीय स्वरबारे लेख लयार पार्नुहोस् ।

10. कवि अगमसिंह गिरीका साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 4.7 अतिरिक्त अध्ययन


1. प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।

2. प्रधान, प्रतापचन्द्र - **केही कृति केही स्मृति** ।

3. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि** ।

4. श्रेष्ठ, मोहनराज र दयाराम शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

5. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

6. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

7. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

8. प्रधान, कुमार - **अगमसिंह गिरीको कवितामा जातीय भावना** ।

9. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार** ।

10. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

11. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

12. छेत्री, तुलसीवहादुर - **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान** (अप्रकाशित शोध प्रबन्ध ) ।

13. शेर्पा, सोनाम - **जातीय चेतनामूलक भारतेली नेपाली कविताको अध्ययन र विश्लेषण** । ( प्रबन्ध शोध अप्रकाशित)

14. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

15. **कवि गिरी रचनावली**, निर्माण प्रकाशन ।

16. रिसाल, राममणि - **नेपाली काव्य र कवि ।**

17. श्रेष्ठ, रमेश - **नेपाली कविताको प्रवृत्ति ।**

18. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास ।**

19. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन ।**

20. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास ।**

21. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

22. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

यस अतिरिक्त **अगमसिंह गिरी**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 4.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. कवि अगमसिंह गिरीको साहित्यिक यात्रा ।

______________________________

______________________________

______________________________

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. कवि अगमसिंह गिरीको साहित्यिक योगदान ।

______________________________

______________________________

______________________________

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. कवि अगमसिंह गिरी कविको रूपमा ।

______________________________

______________________________

______________________________

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. कवि अगमसिंह गिरी गीतकारको रूपमा ।

______________________________________________

______________________________________________

___________________________________________

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3.2 खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

5. कवि अगमसिंह गिरीको अन्य क्षेत्रमा योगदान ।

______________________________________________

______________________________________________

___________________________________________

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3.3 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 5, अगमसिंग गिरीका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता

**संरचना**

5.0 उद्देश्य

5.1 परिचय

5.2 अगमसिंह गिरीका रचनाहरू

5.3 अगमसिंह गिरीका रचनाहरूको संरचना पाइने विशेषता

5.4 अगमसिंह गिरीका रचनाहरूको शैलीमा पाइने विशेषता

5.5 उपसंहार

5.6 सार

5.7 अनुशीलनी

5.8 अतिरिक्त अध्ययन

5.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- अगमसिंह गिरीको साहित्यिक परिचय
- अगमसिंह गिरीका रचनाहरू
- अगमसिंह गिरीका रचनाहरूको संरचना पाइने विशेषता
- अगमसिंह गिरीका रचनाहरूको शैलीमा पाइने विशेषता

## 5.1 परिचय

नेपाली साहित्यका जातीय कवि अगमसिंह गिरीका जीवन - वृत्त उसले सोचे र सम्झे जस्तो थिएन । जीवनभरी आफ्नो प्रेमी र पत्निको शोकमा विह्ल बन्ने कवि गिरीलाई पीडामय अभिव्यञ्जनाका कवि पनि भनिन्छ । उनी बाँचुनजेल पिएरै जिए । दिनभरी रक्सीको मादमा परे तापनि कवि गिरीको कविता लेखनमा भने जातीय अस्मितामा भावनै धेरै रूपमा पाइन्छ । जति बाचे गिरी, आफ्नो नेपाली

जातिका निम्ति गीरि नै भएर बाँचे । यसैले उनलाई सर्वप्रथम जातीय भावनाका कविता स्पर्श गर्ने कवि पनि नेपाली समाज र साहित्यमा मानिएको छ । भारतमा जातीय अस्मिता एवम् छुट्टै राज्यको मांगको निम्ति सरकार समक्ष आन्दोलन भएको पाइन्छ । भारतेली नेपाली जातिमा यस प्रकारका चेतनालाई संचार गराउने मुख्य श्रेय स्व. गिरीका कविताहरूलाई दिन सकिन्छ । उनी साँचो अर्थमा गोर्खा अस्मिताका जातीय  कवि नै थिए । कवि गिरीका कविताहरूमा गोर्खा समुदायका मानिसहरूद्वारा भोगी गएको विभिन्न समस्या, अभाव एवम् राष्ट्रमा नेपाली भाषी गोर्खा जातिका मानिसद्वारा देखाइएको ईमानदारीको पनि सटीक चित्र चित्रण भएको पाइन्छ ।

कवि अगमसिंह गिरीले विद्यार्थी जीवनदेखि नै साहित्यमा रूचि राखेर कविता लेख्नथालेका थिए ! उनले आफ्ना माता-पिताबाट प्रेरणा पाएर साहित्यिक गतिविधिमा भागलिए ! उनका आरम्भका रचनाहरु हस्तलिखित पत्रिकाहरुमा प्रकाशित हुन्थे ! कवि गिरीले दार्जीलिंगको सन्त रोबर्ट्स स्कूलमा पढ़दा-पढ़दै शिक्षा अधूरै छाड़ेका थिए ! प्रवेशिकासम्म पढ़ी उनले शैक्षिक वृत्तिलाई अँगाली भानुभक्त प्राथमिक पाठशाला दार्जीलिंगका प्रधान अध्यापक बने ! कवि अगमसिंह गिरीले नेपाली साहित्यलाई ठूलो योगदान पुर्याएका छन् ! उनका रचनाहरु नेपाली साहित्यका विभिन्न पत्रिकाहरु गोर्खा , साथी, उदय, प्रभात, भारती, पूर्णिमा, कथाकुञ्ज आदितिर प्रकाशित भएका  छन् ! उनले साहित्यका विविध विद्याहरु जस्तै कथा, कविता, खण्डकाव्य, गीति काव्य, लेख आदितिर कलम चलाएर नेपाली साहित्यलाई सक्दो सेवा पुर्याएका छन् ! उनले भारतीय नेपालीहरुलाई चियाबारीको माया, माटोको माया, पहाड़लाई माया, भाषा-साहित्य र संस्कृतिलाई माया एवं जातिप्रेम गर्नमा ठूलो योगदान दिएका छन् ।

## 5.2 अगमसिंह गिरीका रचनाहरू

कवि अगमसिंग  गिरीको  साहित्यिक यात्रालाई अध्ययन – अनुशिलन गर्दा उनले हस्त लिखित  पत्रिकाहरूबाट आफ्नो साहित्यिक जीवन यात्रा सुरू गरेको पाइन्छ । मुख्य गरेर साहित्यिक बिधाका रूपमा काव्यलाई नै रूचाएर आफ्नो कलम चलाएका कवि गिरीले नेपाल, भारत आदि देशका विभिन्न ठाउँहरूमा भ्रमण पनि गरेका थिए ।  कवि गिरीको हालसम्म सन् १९५९ मा **आत्मव्यथा**, सन् १९६६ मा **जीवन – गीत**, सन् १९७८ मा **जलेको प्रतिबिम्ब :**

**रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् १९५५ मा **याद**, सन् १९६६ मा **आँसु**, सन् १९७१ मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित छन् । यस अतिरिक्त कवि गिरीका विभिन्न पत्र- पत्रिकाहरुमा कविता, कथा, निबन्ध, नाटक, समालोचना, गीत आदि प्रकाशित तथा रेडियोबाट गीत प्रसारित भएका पाउँछौं ।

नेपालीमा 'नौलाख तारा उदाए ', ' पहाड सुके सुके झैँ ' लाग्छ जस्ता उत्कृष्ट गीतहरू रच्ने कवि गिरीको मौलिक कृतिहरूमा **याद**, **आँसु** , **युद्ध र योद्धा** आदि खण्डकाव्य र **आत्मव्यथा, जीवन गीत, जलेको प्रतिबिम्ब - रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रहहरू प्रकाशित छन् । उनका यी कृतिलाई अध्ययन गर्दा कवि गिरीका कविता – काव्यमा विशेष स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव मुखरित भएको पाइन्छ ।

कवि अगमसिंह गिरी जीवनभरी जाति, माटो, पहाड र संस्कृतिलाई माया गरिरहे । उनको सम्पादित, अनूदित र फुटकर कृतिहरूमा **कमल, आंखा, दियालो** साहित्यिक पत्रिका, **अस्तित्व** आदि त्रैमासिक, पत्र - पत्रिकाको सम्पादन पनि गरेका छन् । कवि गिरीले कविता र काव्यको अतिरिक्त 'नौलाख तारा उदाए ', ' पहाड सुके सुके झैँ ' लाग्छ जस्ता उत्कृष्ट गीतहरू पनि रचेका छन् । कवि गिरीको मौलिक कृतिहरूमा याद, आँसु , युद्ध र योद्धा आदि खण्डकाव्य र आत्मव्यथा, जीवन गीत, जलेको प्रतिबिम्ब - रोएको प्रतिध्वनि आदि कविता सङ्ग्रहहरूलाई अध्ययन गर्दा स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ ।

नेपाली साहित्यका जातीय कवि अगमसिंह गिरीका जीवन - वृत्त उसले सोचे र सम्झे जस्तो थिएन । जीवनभरी आफ्नो प्रेमी र पत्निको शोकमा विह्ल बन्ने कवि गिरीलाई पीडामय अभिव्यञ्जनाका कवि पनि भनिन्छ । उनी बाँचुनजेल पिएरै जिए । दिनभरी रक्सीको मादमा परे तापनि कवि गिरीको कविता लेखनमा भने जातीय अस्मितामा भावनै धेरै रूपमा पाइन्छ । जति बाचे गिरी, आफ्नो नेपाली

जातिका निम्ति गीरि नै भएर बाँचे । यसैले उनलाई सर्वप्रथम जातीय भवानका कविता स्पर्श गर्ने कवि पनि नेपाली समाज र साहित्यमा मानिएको छ ।

भारतमा जातीय अस्मिता एवम् छुट्टै राज्यको मांगको निम्ति सरकार समक्ष आन्दोलन भएको पाइन्छ । भारतेली नेपाली जातिमा यस प्रकारका चेतनालाई संचार गराउने मुख्य श्रेय स्व. गिरीका कविताहरूलाई दिन सकिन्छ । उनी साँचो अर्थमा गोर्खा अस्मिताका जातीय  कवि नै थिए । कवि गिरीका कविताहरूमा गोर्खा समुदायका मानिसहरूद्वारा भोगी गएको विभिन्न समस्या, अभाव एवम् राष्ट्रमा नेपाली भाषी गोर्खा जातिका मानिसद्वारा देखाइएको ईमानदारीको पनि सटीक चित्र चित्रण भएको पाइन्छ । अगमसिंह गिरी रचनावली चार खण्डमा विभाजित

छ, क्रमशः गद्य खंड, पद्य खण्ड, व्यक्तित्व खण्ड अनि समालोचना खण्ड! समालोचना खण्ड अन्तर्गत गिरीका कृति सम्बन्धी लेखिएका समालोचना हरु, संकलित छन् । चार प्रखण्डमा विभाजित प्रस्तुत खण्डको प्रत्येक प्रखंड जीवनीपरक, व्यक्तित्व पर, जातिविषयक, फुटकर कविता-विषयक, गिरीका गद्य रचना माथि लेखिएको समालोचनाहरु संकलित छन्।

## 5.3 अगमसिंह गिरीका रचनाहरूको संरचना पाइने विशेषता

कुनै कृतिको बस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ रूप नै संरचना हो । कृतिमा संरचनाले त्यसको आकृति र बनोटको ढाँचालाई निर्माण गर्दछ, बस्तुलाई सङ्गठित र व्यवस्थित रूपमा एकत्रित गर्दछ । मूलत : प्रत्येक कृतिको आफ्नै संरचना हुने हुनाले कृतिको सम्पूर्णता तथा त्यसको तत्त्व वा एकाइहरू बीचको कुलयोगलाई संरचना भन्न सकिन्छ । जोहन लियोन्सले आफ्नो कृति स्ट्रक्चर एण्ड लिङ्ग्विष्टिकमा रूपको सट्टामा प्रयोग हुने शब्दलाई संरचना मानेका छन् । सामान्य भाषाको व्याकरण भए जस्तै आख्यानको भाषाको पनि आफ्नै व्याकरण हुन्छ । व्याकरणिक कोटि र भाषिक तत्त्वहरू हुन्छन् । सम्पूर्ण मानव स्वभावसँगसँगै देश चलाउने मानक भाषा, समाज चलाउने सामाजिक भाषा र बोलीहरू हुन्छन् , स्थानअनुसार भाषिका हुन्छन् । यसर्थ आख्यानलाई भाषाको

भरमा मानिसले सिर्जना गरेको एउटा स्वायत्त मुलुक मानिन्छ । यसको व्यावहारिकता वास्तविकता, औपन्यासिकता, कलागत यथार्थता पाउँछौं ।

कृतिमा घटकहरू एकार्कामा आश्रित भएर पनि आपसी सम्बन्धको सश्लिष्ट योजनामा प्रकार्य सम्पन्न गर्छन् र यही योजना कृतिको संरचना हो । संरचना शब्दको प्रयोग साहित्यमा यसै योजनाको लागि तथा यसबाट निष्पन्न सत्ताका निम्ति पनि गरिन्छ । यसर्थ कृति एउटा संरचना हो, यसको संरचना अमुक प्रकारको हुन्छ । संरचनाले साहित्यिक कृतिलाई एकीकृत ढङ्गमा पूर्णता प्रदान गर्दछ, कृतिको आकृतिलाई शोष्ठवता साथै जीवन्तता दिदछ । यतिमात्र नभएर यसले कृतिलाई पूर्णता मात्र प्रदान नगरेर सौष्ठवमयी र आहलादकारी पनि बनाउँदछ । कृतिको गुणवत्ता बढाउँदछ । यसैले संरचना विनाको कृति र कृति बिनाको संरचना अपुरो मानिन्छ ।

कविताको संरचनामा मुख्यतः कविताका प्रतिकात्मक, आख्यानात्मक र नाटकीय संरचनाका आधारमा प्रतिकात्मक कविता, आख्यानात्मक कविता र नाटकीय कविता गरी तीन किसिमले वर्गीकरण गर्न सकिन्छ । त्यस्तै कविताको संरचनात्मक विन्यासभित्र लघुसंरचक घटक वा तत्वहरू पनि पर्दछन् । कविताका संरचक तत्व वा घटकहरूमा कविताका वस्तु, सहभागी, परिवेश, उद्देश्य, द्दष्टिबिन्दु र भाषाशैली विन्यास गरी छवटा मूल संरचक घटक पर्दछ । संरचनालाई जर्मन दर्शन र मनोविज्ञानमा गेस्टाल्ट ( Gestalt ) भनिन्छ । गेस्टाल्ट भनेको साना – साना अंशहरूको योग, अर्थगत समग्रता हो । यसैको दर्शनबाट संरचनाको अवधारणा प्रभावित भएको मानिन्छ । अमूर्त, जटिल र नवनिर्माण जनाउने संरचनालाई साहित्यिक कृतिको अपरियार्य तत्त्व मान्न सकिन्छ । साहित्यमा संरचना कहिले पनि क्रमहीन र विशृङ्खलिन हुँदैनन् । यसर्थ यसलाई वस्तुको आन्तरिक र अन्तस सम्बन्धित नियम र व्यवस्थको समुच्चय मानिन्छ ।

संरचना शब्द अङ्ग्रेजी स्ट्रक्चर ( Structure ) - को नेपाली रूपान्तर हो । ल्याटिन भाषाको इस्ट्रकटुरा ( Estructura ) र पछि इटाटेली भाषाको स्टुटुरा ( Struttura ) शब्दबाट अङ्ग्रेजीको स्ट्रक्चर शब्द बनिएको मानिन्छ । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ । यसर्थ ब्युत्पिगत अर्थअनुसार स्ट्रक्चर वा संरचना भन्नाले बनावट, व्यवस्था, शैली, आकृति, ढाँचा, कार्यव्यापार,

प्रक्रिया, नियम आदि बुझिन्छ । अक्सफोर्डले कुनै बस्तुको सम्बन्ध वा ढाँचाको सोपानक्रमलाई संरचना भनेको छ । साहित्यको विभिद विधाहरू कविता, कथा, उपन्यास, नाटक, निबन्घ आदिमा छन्द, अलङ्कार, वाक्य, पङ्क्ति, रूप – शैली, पध्य र श्लोकको संयोजन आदिको एकरूपता नै संरचना हो । यस अतिरिक्त कृतिमा पाइने कथानक, कथाबस्तु, घटना विन्यास, व्याकरणिक विशेषता, अर्थगत सम्बन्ध, कृतिगत अवयव वा घटकहरूको पारस्परिक सम्बन्घ, रचना तत्त्वहरूको अन्वितिपूर्ण बिन्यास आदिको समष्टिलाई **संरचना** भनिन्छ ।

गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ । आफ्ना कविता लेखनको प्रारम्भमा रोमान्टिक काव्यधारालाई अङ्गाले तापनि पछि गएर कवि गिरीका कविता लेखनले अर्कै मोड लिएको छ । उनी नेपाली समाज र जातिको निम्ति रोएका छन् , अवहेलित, लाञ्छित र पीडित नेपालीहरूका निम्ति बिद्रोही बनेका छन् । मूलत : कवि गिरी स्वयम् पनि बोली, पहिरन, रहन - सहन र संस्कारले खाटी नेपाली भएको हुनाले उनको कविताहरूमा नेपाली जाति भोग्नु परिरहेको दु:ख - पिरप्रति मर्माहित बनेका छन् । यस अतिरिक्त त्यसता अरूको अन्याय र अत्यचार सहेर बाँच्ने नेपालीहरूप्रति उनी आक्रोशित पनि भएका छन् ।

दार्जिलिङको त्यो समय, कवि अगमसिंह गिरीको थियो । भानुभक्त प्राइमरी स्कुलका प्रधानाध्यापक थिए । उनको स्कुलमा पनि छुट्टीका बेला गोष्ठी र भेटघाट भइरहन्थ्यो । स्कुले विद्यार्थी छँदै पनि भाग लिएको थिएँ । धेरै अग्रज भएकाले म उनको छेउ परिहाल्न हच्कन्थेँ । उनको आफ्नै साहित्यिक जमात थियो । साँझ परेपछि नियमित सुरापान गर्थे भन्ने सुन्थेँ । तर, पिएर लरबराउँदै हिँडेको कहिल्यै भेटिनँ । पिएर कसैसँग झगडा गरेको पनि थाहा पाइनँ । पियक्कड त थिए तर भलाद्मी । सन् १९५४ मा दार्जिलिङ पढ्न पुगेपछि त्यहाँको वातावरणले मलाई साहित्यतिर घिसार्‍यो । स्कुलको वार्षिक मुखपत्र र होस्टेलमा बस्ने छात्रहरू मिलेर निकालेको हस्तलिखित पत्रिका *आँसु*ले लेख्न प्रेरित गर्दै लग्यो । गिरीकै शैलीमा पनि कविताहरू लेखेँ । छन्दबद्ध कविता पनि लेखेँ ।

उसबेलाका नामचलेका अच्छा राई रसिक र अरू हास्यव्यंग्यकारको सिको गर्दै हास्यव्यंग्य निबन्ध र *भारती*मा समस्यापूर्ति कविता लेखेँ । अरू पनि नामी कविहरू थिए तर गिरीका कविताले झैँ विह्वल र आल्हादित तुल्याउन सकेन । स्कुलमा राम्रा गुरुहरूले नेपाली र अन्य विषय पढाए । म पुग्दा सूर्यविक्रम ज्ञवाली प्रधानाध्यापक थिए । बाबुलाल प्रधान, परशुराम रोका, हर्कबहादुर कुमाई, रामचन्द्र गिरी आदि साहित्यकार शिक्षक थिए । सन् १९५५ मा गिरीको खण्डकाव्य *याद* छापियो र १०/१५ प्रति लिएर हामी बसेको कर्माइकल होस्टेलमा गिरीजी अर्का कवि निर्मल प्रधानसँग आएको सम्झन्छु । 'बेचिदिनू है भाइहरूले' भनेका थिए । हामीले पनि केही प्रति याद बेचेर सहयोग गरेका थियौँ । करुण रसको त्यो भन्दा मन छुने मीठो कविता त्यसअघि मैले फेरि पढेको थिइनँ–

***जीवन क्षणको स्वप्न जगाउँदै***

***आयो निर्मम याद ।***

सधैँ दौरा–सुरुवाल, कोट र टोपी लाउने अगमसिंह गिरीको व्यक्तित्व आकर्षक र प्रभावशाली लाग्थ्यो । उनका प्राय: गीत र कविता नेपाली जातीय भावनाले भरिएका हुन्थे । मुगलान भासिएका नेपालीको दु:ख, पीडा, गरिबी र तिनबाट मुक्तिको चाहले लेखिएका उनका कवितामा आफ्नो भूगोल, माटोप्रति अगाध प्रेम र निष्ठा नै प्राणतत्त्व हुन्थ्यो । नेपालीत्व उनको जीवन र काव्यको आदर्श थियो । सदा शोषित, उत्पीडित र सबै थोकको पहुँचबाट बाहिर सीमान्तमा बाँच्न बाध्य पारिएका पहाडका नेपालीको नागरिक र मानवअधिकार, तिनको जातिप्रेम र अस्तित्वको दाबीका लागि स्वर बुलन्द गर्ने कवि थिए, गिरी ।

***माटोको माया बिर्सेर यहाँ जिउनु पो केको सार***

***पहाडकी रानी दार्जिलिङलाई माया छ बारम्बार ।।***

पहिले कमानमा पैसा फल्छ भन्दै नेपालका कुनाकन्दराबाट दार्जिलिङ चियाबगानमा काम खोज्दै नेपालका मानिसहरू पुग्थे । तर, के साँच्चै चियाको बोटमा पैसा फल्थ्यो र ?

***नियाली हेर हामीलाई भिजेका छैनन् परेली***

*आँसुले गह भिजाए. . . अरूले निर्धा सम्झेलान् ।*

*बुझ्छ र कल्ले रोएको मुटुमा काँडा लिएर*

*अरूका सारमा हाँसेको आँसुका घुट्का पिएर ।*

उनका अरू पनि कृतिहरू छापिए । *आत्मव्यथा* (१९५९), *जीवनगीत* (१९६०) *आँसु* (१९६८), *युद्ध र योद्धा* (१९७०) उनकै जीवनकालमा प्रकाशित कृति हुन् । उनको निधनपछि छापिएको कृति हो, *जलेको प्रतिविम्ब रोएको प्रतिध्वनि* (१९७८) । नौलाख तारा उदाए ... गीतका अमर गीतकार अगमसिंह गिरी मात्रिक छन्दमा मात्र नभएर गद्य कविता पनि लेख्थे । उनको *तेस्रो आयाम (१)* मा 'चिहान यहाँ बोलिरहेछ' गद्य कविता प्रकाशित भयो । त्यस पत्रिकाको पाठक प्रतिक्रियामा गिरीको कविताको टिप्पणी थिएन । त्यसैले उनी हामीसँग रिसाए । ... 'रेलिङमा घस्रँदै मान्छे हिँड्छ, साँझको बेला, आकाशमा बादल लागेको छ ।' 'अब त जसो गरेर लेखे पनि कविता हुने भइहाल्यो नि होइन त, बैरागीजी ?' रिसाएजस्तो व्यंग्य गरे गिरीजीले एक साँझ ममाथि । मैले त नबोली जितेँ । मसँग उनको पेच पार्ने कुरा गरेको यही नै पहिलो र अन्तिम थियो होला । एउटा धारको नेतृत्व गरेर प्रतिष्ठित भएका, कहलिएका सर्जकको अहम्मा हाम्रा गतिविधिले चोट पुगेछ ।

गिरी साहित्यमा अलिकति मात्र रुचि हुनेका लागि पनि उत्प्रेरक थिए । विभिन्न गोष्ठी आयोजना गर्थे र बोलाउँथे । साहित्यिक गतिविधिका अभियन्ता थिए । त्यसैले दार्जिलिङे साहित्यिक वातावरणमा रमाएका सबै उनको नेतृत्वप्रति अनुगृहीत रहनेछन् ।

जातीय कवि अगमसिंह गिरीलाई आजसम्म मुलत: निम्न प्रकारले चिन्ने र चिनाउने काम भएको छ। पीडामय अभिव्यञ्जना र वेदनाका कविको रुपमा. जातीय चेतना र क्रान्तिको शंखघोष गर्ने विद्रोही कविको रुपमा, नेपाल र नेपालीलाई अहर्निस माया गर्ने रोमान्टिक कविको रुपमा जाति, माटो र दार्जीलिङको यथार्थ गाउने गीतकारको रुपमा। निसन्देह कवि गिरी भारतीय नेपाली साहित्यमा एक विशिष्ट काव्यिक प्रतिभा हुन। उनी तर आफ्ना समकालीन कविहरुदेखि कुन कुन काव्यिक प्रविधि र प्रवृत्तिले पृथक र विशिष्ट

Notes

छन् जसको कारणले आज हामी उनलाई 'जातीय-कवि'को रुपमा पुजिरहेका छौं? किन र कसरी सान्दर्भिक छ 'गिरी जयन्ती' आजको सामाजिक, राजनैतिक तथा साहित्यिक पृष्ठभूमिमा? प्रश्न यो उठ्छ र उठाउँछ हरक वर्तमानले।

सोध्छ अनागतले 'किन छ यो सालिग यहाँ?' प्रश्न दोहोरिन सक्छ तर उत्तर दोहोरिए सोधार्थी सन्तुष्ट नहुनसक्छ।यसैले कवि गिरीको व्यक्तिपूजा वा कीर्ति पूजासँगै कृति पूजा आवश्यक छ। याद(१९५५), आँसु(१९६८), आत्म-व्यथा(१९५९), जीवन-गीत(१९६०), युद्ध र योद्धा(१९७०), जलेको प्रतिविम्ब रोएको प्रतिध्वनि(१९७८) अनि फुटकर कविता र गीतहरुको समसामयिक अध्ययन, पठन र पुनर्पठन आजपनि उत्तिकै आवशयक र महत्वपूर्ण छ। यसले मात्र कवि गिरीको सार्वकालिक उपस्थितिलाई न्याय गर्नेछ। याद (गीतिकाव्य), आँसु (खण्डकाव्य) र तीन कविता सङ्ग्रह आत्म-व्यथा, जीवन-गीत र जलेको प्रतिविम्ब-रोएको प्रतिध्वनिका कतिपय कविताहरुमा व्याप्त पीडा, व्यथा र वेदनाका अभिव्यक्तिहरु उनको संवेदनशीलता र तात्कालीन प्रवाहित पश्चिमेली रोमान्टिसिजम र पूर्वीय छायावादको प्रभाव हो मान्दै समालोचकहरुले उनलाई 'रुन्चे कवि' सम्म भने। उनको अत्याधिक मदपानलाई समेत यसैसित जोडेर आलोचना गरिए। तर आज जगजाहेर छ उनको त्यो पीडा र वेदना उनको नितान्त वैयक्तिक आत्मरञ्जनारुपको 'तीव्र भावको स्वत: प्रवाह' मात्र थिएन। बरु त्यो जातीय दीन-हीनताप्रतिको गहिरो उच्छवास र उन्मुक्तिको उग्र छटपटी थियो।

त्यसै गरी युद्ध र योद्धा खण्डकाव्य र अन्य केही कवितामा झल्किएका नेपाल मोह र आशक्तिलाई पनि आजको सामाजिक तथा राजनैतिक परिप्रेक्षमा नकारात्मक दृष्टिले हेरिँदा आलोच्य नै पाइन्छ। तर आज हामी देख्छौं त्यो 'मोह' तात्कालीन सामाजिक र राजनैतिक परिस्थितिको डायस्पोरिक संचेतनात्मक अभिब्यक्ति मात्र थियो। उनी त विशुद्ध भारतीय नेपाली थिए। दार्जीलिङ र दार्जीलिङ्गे माटोका पर्यार्य थिए।हाम्रा जातीय कवि थिए। परिवर्तित समयसन्दर्भ र सामाजिक-आर्थिक-राजनैतिक परिप्रेक्षमा खरो र दह्रो उभिन सक्ने सिर्जना नै वास्तवमा सार्वकालिक र सार्वजनीन हुँदछ जसको प्रत्येक पुनर्पठन र उत्खननमा नयाँ दृष्टि र नवचेतनाको उर्जा सञ्चारित भइरहँदछ। क्लासिक ती सिर्जनाहरुमा नित् नयाँ विचार र संज्ञानको स्रोत भेट्न सकिन्छ। जातीय कवि अगमसिंह गिरीका सिर्जनाहरुमा पनि समयानन्तर नयाँ गोरेटो र क्षितिज भेटिँदै आएको छ। त्यसैले उनको पूजा भइरहेको छ र उनको सालिग

युगयुगान्तर फूलमालाले पुरिएको छ। 'सुधपा' कालपछि भारतीय नेपाली कवितालाई कवि गिरी र उनका समकालीन र अनुज कविहरु श्री ध्रुव, हर्कजङ्ग सिंह, नरेन्द्र कुमाई, दानियल खालिङ, युगकवि विरेन्द्र, विनिता सिहं, सावित्री सुन्दास, विरोकी लगायतका धेरैले एउटा नयाँ दिशा दिने कार्य गरे पनि अरुभन्दा पृथक शैली र प्रबल भावावेगसित जातीय चेतनालाई कवि गिरीले आफ्ना सिर्जनाहरुमा स्थान दिए।

त्यही जातीय चेतनाको प्रखरता र माटोको सुवासनाले ओतप्रोत कविताहरु आजपनि सान्दर्भिक र यगानुकूल छन अनि तीनै कविताहरुले गिरीलाई अमर बनाएका छन। साहित्यिक होस या राजनैतिक आन्दोलन प्रवृत्तिगत हिसाबले भारतीय नेपालीहरुले यहाँ नपाइरहेको न्याय र किनारीकृत मनोवृत्तिले पिल्सिएको जातीय अस्मिताको प्रश्न जुन गिरीले उठाएका थिए त्यसैको केन्द्रवरिपरि आज पनि घुमिरहेको छ। आयाम, लीला, सङ्क्रमण, विचलन, किनारीकरण, हस्तक्षेप र समावेशी जस्ता साहित्यिक\काव्यिक आन्दोलन र भाषा मान्यता आन्दोलन, गोर्खाल्याण्ड आन्दोलन भाग १ र २ वा त राजनैतिक क्षेत्रीय पार्टीहरुको मुद्दा सबै गिरीकै चेतना र काव्यिक हरफहरुसित तादात्म्यता राख्दै आएका पाउँछौं।

**'हामी अपाङ्ग, युग विषमताको**

**हामी खोरण्डा, युग आघातको**

**हामी लङ्गडा, युग प्रहारको**

**हामी बैह्रा, युग आर्तनादको**

**हामी असक्त, युग प्रवलताको**

**अहो हामी टुक्रियौं**

**टुक्रिए सीमा स्वप्नहरु**

**टुक्रिए साँधहरु**

**विछोडियौं विध्वस्त विचूर्णतासंगै नाङ्गियौं निर्लज्ज बनेर**

**उदाङ्गियौं आफैलाई नङ्ग्याएर।' (युद्ध र योद्धा-पृ.६७)**

अर्कै समय र सन्दर्भमा लेखिएका उपरोक्त काव्यांश तर आजको सामाजिक-राजनैतिक परिदृश्यमा कति सार्थक र सान्दर्भिक छ त्यो आज हाम्रो सिङ्गो जातीयताको सपना देख्न चाहनेहरुलाईनै थाहा छ। जातजातमा विभाजित हाम्रो जाति र चलिरहेको राजनैतिक स्वार्थपूर्ण चलखेलमा टुक्रिएका 'सीमा स्वप्न, साँध, आकाँक्षा र आशाहरु' (गोर्खाल्याण्ड प्राप्ति)साँच्चै धिक्कारपूर्ण छ। 'नाङ्गियौं निर्लज्ज बनेर \ उदाङ्गियौं आफैलाई नङ्ग्याएर'कै रुपको छ हाम्रो आजको स्थिति स्वार्थपूर्ण मसिना मुद्धाहरुमा अल्झिरहँदाको। कविताको व्याख्याको एउटै युक्तिले भेटिएको 'समय-सन्दर्भ' लाई यसरी हेर्न सकिन्छ। अझै थपौं –

**'सचेतनतापूर्ण स्वत्वको**
**विगतका कलङ्कहरु सबैपखालेर**
**हाम्रो गौरवको आफ्नै धरतीलाई**
**आकाशको उच्चता दिएर**
**नियास्रा निस्तेज निस्क्रिय दृष्टिहरुमा**
**स्वत्वको हँसिलो वर्तमान जन्माइदिनु छ।' (ऐ।पृ. ७७)**

वर्तमान विश्रृङ्खलता र विसङ्गतिहरुमा गुज्रिरहेको छ। समाजका कुनै पनि सचेत ब्यक्ति तर यस उथुल-पुथुलबाट अलग र निस्पृह बसिरहन सक्दैन। राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक ती विषमता र व्यवस्थाको कुप्रपञ्चमा हाम्रो वैश्विक उपस्थिति अन्यौलता र विभ्रान्तिपूर्ण नै छ अझै। त्यसैको समाधान र विमुक्तिको निम्ति मानिएको अन्तिम जस्तो सचेतनतापूर्ण सत्वको मौन युद्धमा हामी अझै डटिरहका छौं। जसले विगतका कलङ्कहरु पखालोस र स्वत्वको हँसिलो वर्तमान जन्माइदियोस। यसरी जातीय कवि गिरीले हाम्रो इतिहास, वर्तमान र भविष्य तिनै काललाई काव्यिक सम्बोधन गरेका छन। यस महत कार्यमा कवि गिरी युवाहरुको गरिमामय उपस्थिति, संलग्नता र सक्रिय सहभागिताको अपेक्षा राख्छन।

**'कायर किन बन्नु मैले**
**आफूलाई कुल्चाउँदै लानु किन**
**किचिंदै पैताला पैताला अरुका**
**हाम्रो अस्तित्वको युद्ध अब**

**हिँडिदेऊ बोकेर छाती छातीमा**

**मेरो ललकार मेरा युवा पिढीलाई**

**मेरो बिन्ती मेरा युवा पिढीलाई**

**मेरो आह्वान मेरा युवा पिढीलाई' (ऐ।पृ.८१)**

समय सन्दर्भमा त्यसैले कवि गिरीका कविताहरु पूज्यसंगै पठनीय भइराखेका छन। पठन प्रक्रियामा मैले एउटै मात्र दृष्टान्त पस्केको छु पुनर्पठन रुपमा। कवि गिरीका अन्य अमर कविता र अजम्बरी गीतहरुमा निहित भाव र संवेगले वर्तमानलाई सम्बोधन गरेको भेट्नु हाम्रो मूल्याङ्कनपरक पठन र अनुशीलनको सफलता मान्छु। जातीयचेतको उच्च सोपानमा कवि गिरीका काव्य साधना सँधै माथि-माथि आकाश ताकेर उक्लिरहेको देख्छौं भने हामी उनलाई पछ्याएरै जातीय एकता र अस्तित्वबोधको अन्तिम युद्धहरु लडिरहनेछौं।

## 5.4 अगमसिंह गिरीका रचनाहरूको शैलीमा पाइने विशेषता

कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ । संस्कृत भाषाको शील शब्दबाट उत्पत्ति भएको शैली शब्दको उत्त्पत्तिगत अर्थ लक्षण, स्वभाव, चरित्र आदि बुझिन्छ । संस्कृतको शील शब्दले सिउनु, उन्नु, तुन्नु र बुन्नुलाई पनि जनाउँने हुनाले शैली भनेको भाषालाई प्रस्तुत गर्ने ढङ्ग, पद्धति, विधि वा तरिका हो । मूलत : भाषाअन्तर्गत शब्दयोजना र वाक्यविन्यास पर्दछन् । शब्द र वाक्यहरू जति सहज, सरल, स्वाभाविक, सार्थक र सुगठित हुन्छन्, त्यो कृति त्यति नै प्रभावकारी बन्दछ । यहीअनुरूप लेखकले प्रयोग गर्ने भाषा लेखनलाई शैली भनिन्छ ।

संस्कृत भाषाको शील शब्दबाट शैली शब्दको उत्त्पत्ति भएको हो । यसको उत्त्पत्तिगत अर्थ लक्षण, स्वभाव, चरित्र आदि बुझिन्छ । संस्कृतको शील शब्दले सिउनु, उन्नु, तुन्नु र बुन्नुलाई पनि जनाउँने हुनाले शैली भनेको भाषालाई प्रस्तुत गर्ने ढङ्ग, पद्धति, विधि वा तरिका हो । मूलतः भाषाअन्तर्गत शब्दयोजना र वाक्यविन्यास पर्दछन् । शब्द र वाक्यहरू जति सहज, सरल, स्वाभाविक, सार्थक र सुगठित हुन्छन्, त्यो कृति त्यति नै प्रभावकारी बन्दछ । यहीअनुरूप लेखकले

प्रयोग गर्ने भाषा लेखनलाई शैली भनिन्छ । यसअतिरिक्त साहित्यमा विषय, कथाबस्तु, घटना, पात्र, देशकाल र वातावरण आदि सामग्रीहरू तयार भइसकेपछि साहित्याकारले तिनीहरूलाई रूप दिने जुन बाटो वा तरीका अप्नाउछन् , त्यस ढाँचालाई शैली भनिन्छ । साहित्यकारले कुनै पनि बिषवस्तु रोजीसकेपछि त्यसलाई जुन तरीकाले प्रस्तुत गर्दछ, त्यस ढङ्ग र प्राण – प्रतिष्ठाको लागि आवश्यक शरीर नै शैली हो । यसको निर्धारण साहित्यमा घटना र कथावस्तुको आधारमा हुन्छ ।

कवितामा शैलीको भिन्दै महत्व र मूल्य रहन्छ । यसलाई कविहरूले कविता – काव्यमा भाषाका माध्यम प्रकट गर्ने गर्छन् । कवितामा शैली गध र पध दुवै रूपमा प्रकट भएका हुन्छन् । शैलीमा कवितात्मक भाषा हुन जरुरी छ । जसमा बिम्ब, अलङ्कार तथा प्रतीक आदि व्यक्त हुन्छ । भाषाशैलीले कवितालाई प्रभावकारी बनाउँछ । शैली व्यक्ति पिच्छे फरक फरक हुन्छन् । सरल, आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् । कविताको कलापक्षसित सम्बन्धित तत्त्व शैली हो। यसलाई शब्दतत्त्व पनि भनिएको पाइन्छ । कविले जुन भाषागत् पद रवा न अनुभूतिलाई आफ्नो ्धतिमा ,शब्दचयन ,भाषा यसअन्तर्गत भनिन्छ। शैली त्यसैलाई गर्छ अभिव्यक्त प्रयोग अलङ्कारको आदिको स्वरूप कविताको साथै उपयोगका शब्दको समावेश हुन्छ । शैलीलाई पूर्वीय विद्वान्हरूले काव्यको शरीरतत्त्वको रूपमा परिभाषित गरेका छन् । शैलीको आधारतत्त्व भाषा हो। शैली कविताको बाह्य अङ्गसित सम्बन्धित हुन्छ । कवितामा शैली र भाव दुवैको समुचित समन्वय हुन अनिवार्य हुन्छ । यसैले भाव तथा विचार रूप सङ्गठित शैलीको , नै कविता हो ।

काव्यका शैली तत्त्वहरूमा भाषा, छन्द, अलङ्कार, प्रतीक, बिम्ब, लय आदि पर्दछन् । भावको अभिव्यक्तिगत सशक्त माध्यम भाषा हो । कवितामा प्रयोग गरिने भाषा अन्य साहित्यिक विधाहरूको तुलनामा भिन्नता हुन्छ । कविताको भाषा लयात्मक र कोमल पदावलीयुक्त कान्तसम्मित आग्रही हुन्छ । भाषाद्वारा नै कवितामा लाक्षणिक र व्यञ्जनात्मकका साथै प्रतीक र बिम्बहरूको यथा प्रयोग गरिएको हुन्छ । प्रतीक र बिम्बको प्रयोगद्वारा नै कवितामा कविहरूले शैलीको विशिष्टता प्रदान गर्दछन्। यसका साथै कवितामा लयको आफ्नै महत्त्व रहेको हुन्छ । साहित्यका अन्य विधाहरूबाट कवितालाई छुट्याएर अलग गराइ स्पष्ट चिनाउने आधार नै लय विन्यास हो । कवितालाई गति प्रदान गर्ने तत्त्व नै लय हो।

आज छन्दविना पनि कविता हुन्छ तर लयविना कविता हुँदैन । त्यसरी नै अलङ्कार पनि कविता शैलीको आधारभूत अङ्ग हो । अलङ्कारको संयोजनले गर्दा कविता चमत्कारयुक्त  हुन्छ। प्रभावशाली वम्ए आकर्षक र सौन्दर्यपूर्ण , कविता छन्दोबद्ध र छन्दमुक्त दुई भाषिक परिपाटीमा लेखिएको पाइए पनि आज छन्दोबद्ध कविता लेख्ने प्रचलन धेरै घटेर गएको छ । सुरुमा पद्यलाई कविता भनिन्थ्यो जुन छन्दमा लेखिन्थे तर आधुनिक युगमा कविता छन्दमा लेखिन छाडे । यसैले पद्य र गद्य कविताको भाषिक विन्यासमा प्रशस्तै भिन्नता रहेको बोध गरिन्छ । कविता लयात्मक, बिम्बात्मक ,प्रतीकात्मक ,सौन्दर्यात्मकर आलाङ्कारिक हुनाले यसको भाषाशैली पनि अन्य साहित्यको विधाहरूभन्दा विशिष्ट र कोमल हुन्छ।

शैलीको आधारमा साहित्यलाई तीन भागमा विभक्त गरिने कुरा विद्वानहरूले बताएका छन् । ती हुन् – गध्य, पध्य र चम्पू । भनिन्छ – 'जहाँ कविता हुन्छ, त्यहाँ छन्द हुन्छै हुन्छ ।' तर हामीले छन्दयुक्त कवितालाई पध्य र छन्दमुक्त कवितालाई गध्य कविता भन्छौं । गध्य र पध्य मिसिएको रचनालाई चम्पू भन्दछ ।

कवि अगमसिंह गिरीका कविता, काव्य र गीतहरूमा शैली पक्ष अत्यन्तै बिजोड प्रवृत्तिका छन् । उनले यस 'नचिनिने भएछौ' कवितामा नेपाल र नेपालीले आफ्नो पुख्र्यौली गरिमा गुमाउन लागेको, सँस्कार तथा पहिचान हराउँदै जान लागेको अवस्थालाई विषयवस्तु बनाएका छन् । यसमा 'यहाँ' शब्द नेपालबाहिरको भूमि र 'तिमी' शब्द यहाँ बस्ने नेपालीहरुका लागि प्रयोग भएका छन् । कविले प्रवासमा बस्ने नेपालीहरु आत्मव्यथाले पिडित देखेका छन् । कविका विचारमा त्यहाँ बस्ने नेपालीले अतीतको गौरवगाथा गुमाएर गालामा रगत हराएको, आँखाको ज्योति गुमाएका, कारागाको बन्दीजस्तो निरीह र गाँस लुटिएको अभागी बनिरहेको भाव व्यक्त गरेका छन् । प्रवासी नेपालीमा अतीतका गौरव रहँदाको धपक्क बल्ने अनुहारमा ग्लानिका रेखाहरु कोरिएका छन् र आत्मगौरवमा चोट लाग्दा सहने क्षमता बढेको छ । अतीतको गौरव र पहिचान गुमेको अवस्थाप्रति कविले व्यङ्ग्य गरेका छन् र राष्ट्रभक्तिको अगाध भाव प्रकट गरेका छन् । कवि प्रवासी नेपालीलाई विगतको गौरवगाथा सुनाउन र सही परिचय दिलाउन चाहँदैनन् तर उनलाई जातीय गौरव आओस् भन्ने चाहन्छन् र यसको लागि चिन्तित बनेका छन् ।

यस कवितामा प्रवासी नेपालीहरु विरक्तिएका, शिथिल र मलिन परिस्थिमा रुमल्लिएको अभिव्यक्ति छ । उनीहरुले विपत्ति र कष्टको विरोध गर्न छाडी मनस्थिति परिवर्तन गरेप्रति कवि चिन्तित बनेका छन् र त्यस्तो स्थितिको व्यङ्ग्य गरेका छन् । गाँस, बास र जातीय अस्तित्व गुमाएर बाँच्न लागेका नेपालीहरुले नेपालीत्व नै बिर्सन लागेको अवस्थाप्रति कवि संवेदशील बनेका छन् । नेपालीले आफ्नो जातीय अस्तित्व, गाँस, बास र गौरवको रक्षा आँफै गर्नुपर्ने र विगतको गौरवगाथा अरुले सम्झाएर होइन आफैं याद गर्नुपर्ने कुरालाई यस कवितामा व्यङ्ग्यात्म ढङ्गले प्रस्तुत गरेका छन् । तिमी त यहाँ नचिनिने भएछौ भन्ने अंशको पुनरावृत्तिबाट व्यङ्ग्यात्मक रुपमा नेपालीलाई आफ्नो परिचय र गौरवगाथा बिर्सन नहुनेतर्फ पनि सचेत गराइएको छ । सरल शैली, सशक्त बिम्ब, सहज अनुप्रासयोजना, गद्यलयात्मक साङ्गीतिकता, भावसंवेद्यता, गौरवपूर्ण विषयको स्वस्फूर्त, हृदयस्पर्शी र सहज वर्णनले कवितालाई प्रभावकारी बनाएको छ । गिरीका कविताका विषय नेपाली सँस्कृति, जातीय मायाममता, मानवीय पिडा, संवेदना, मानवीय अस्तित्व र अस्तित्वरक्षाका लागि संघर्ष हुन् । मानवता, जातीय गौरवगान, सार्वभौमिकता, शान्तिसन्देश उनका कवितामा पाइने मुख्य प्रवृत्तिहरु हुन् । उनको कवितामा अमानवीय व्यवहारको विरोध, देशभक्तिको प्रशंसा र हृदयस्पर्शी जस्ता प्रवृत्तिहरु पाइन्छन् ।

## 5.5 उपसंहार

कविताका संरचना र शैली संरचक घटकहरू हुन् । सङ्ग र रचनाको योगबाट निर्माण भएको संरचना शब्दले कुनै वस्तु, तथ्य वा कुराको मेल, योग आदिलाई बुझाउँछ । वास्तवमा संरचना कुनै  स्थूल अथवा सूक्ष्म तत्व वा वस्तुका पतनामा परिलक्षित हुने प्रतिरूप हो । अङ्ग्रेजीमा स्ट्रक्चर भनिने संरचना नेपाली साहित्यमा संरचनावाद (स्ट्रक्चरलिज्म) - को रूपमा चलेको पाइन्छ । यो मानव विज्ञानको एउटा यस्तो पद्धति है , जो सङ्केत विज्ञान तथा सहजतासित परस्पर संबद्ध भागहरूका पद्धति अनुसार तथ्यलाई विश्लेषण गर्ने प्रयास गर्दछ । स्वीडनको प्रसिद्ध भाषाविद फर्दिनान्द दि सस्यूर (Ferdinand de Saussure) - लाई यस वादको प्रवर्तक मानिन्छ । उनले चलाएको सम्प्रदायलाई भाषा वा साहित्यमा सस्यरेली सम्प्रदय  नामले  जानिन्छ । तर्कका संरचनावादी

तरिकाका विभिन्न क्षेत्रहरू जस्तै - नृविज्ञान, समाजशास्त्र, मनोविज्ञान, साहित्यिक आलोचना तथा यहासम्म कि वास्तुकलामा पनि यो बादको लागु उनले गरेका छन् । भाषा – साहित्यका क्षेत्रमा संरचनावाद विधिको रूपमा तथा एक बौद्धिक आन्दोलनको रूपमा प्रवेश गरेको देखिन्छ । सन् १९६० को दशकमा फ्रान्समा अस्तित्ववादको जगह लिन यो बादको जन्म भएको मानिन्छ ।

अगमसिंह गिरी स्वच्छन्दतावादी धाराका कवि हुन् । गीत, फुटकर कविता र खण्डकाव्य आदिका सर्जक गिरीका कवितामा मानव समाजका आन्तरिक यथार्थ वा पिडा, रोदनको चित्रण भएको पाइन्छ । समाजमा पिडित मानिस उनको कविताको विषय हो । उनले मान्छे र प्रकृतिबिचको सम्बन्ध देखाउँदै मानवीय अन्तर्वेदनाको प्रस्तुतीबाट नेपाली जातीयताको गौरवगान गरेका छन् । सरल शैली, सशक्त बिम्ब, सहज अनुप्रासयोजना, गद्यलयात्मक साङ्गीतिकता, भावसंवेद्यता, गौरवपूर्ण विषयको स्वस्फूर्त, हृदयस्पर्शी र सहज वर्णनले कवितालाई प्रभावकारी बनाएको छ । गिरीका कविताका विषय नेपाली सँस्कृति, जातीय मायाममता, मानवीय पिडा, संवेदना, मानवीय अस्तित्व र अस्तित्वरक्षाका लागि संघर्ष हुन् । मानवता, जातीय गौरवगान, सार्वभौमिकता, शान्तिसन्देश उनका कवितामा पाइने मुख्य प्रवृत्तिहरु हुन् । उनको कवितामा अमानवीय व्यवहारको विरोध, देशभक्तिको प्रशंसा र हृदयस्पर्शी जस्ता प्रवृत्तिहरु पाइन्छन् ।

सधैँ दौरा–सुरुवाल, कोट र टोपी लाउने अगमसिंह गिरीको व्यक्तित्व आकर्षक र प्रभावशाली लाग्थ्यो । उनका प्राय: गीत र कविता नेपाली जातीय भावनाले भरिएका हुन्थे । मुगलान भासिएका नेपालीको दु:ख, पीडा, गरिबी र तिनबाट मुक्तिको चाहले लेखिएका उनका कवितामा आफ्नो भूगोल, माटोप्रति अगाध प्रेम र निष्ठा नै प्राणतत्त्व हुन्थ्यो । नेपालीत्व उनको जीवन र काव्यको आदर्श थियो । सदा शोषित, उत्पीडित र सबै थोकको पहुँचबाट बाहिर सीमान्तमा बाँच्न बाध्य पारिएका पहाडका नेपालीको नागरिक र मानवअधिकार, तिनको जातिप्रेम र अस्तित्वको दाबीका लागि स्वर बुलन्द गर्ने कवि थिए - गिरी ।

## 5.6 सार

यस प्रखण्डमा अगमसिंग गिरीका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषताबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ कवि अगमसिंह गिरी स्वच्छन्दतावादी धाराका कवि हुन् । गीत, फुटकर कविता र खण्डकाव्य आदिका सर्जक गिरीका कवितामा मानव समाजका आन्तरिक यथार्थ वा पिडा, रोदनको चित्रण भएको पाइन्छ ।
- ❖ कविताका संरचना र शैली संरचक घटकहरू हुन् । सङ्ग र रचनाको योगबाट निर्माण भएको संरचना शब्दले कुनै वस्तु, तथ्य वा कुराको मेल, योग आदिलाई बुझाउँछ । वास्तवमा संरचना कुनै स्थूल अथवा सूक्ष्म तत्व वा वस्तुका पतनामा परिलक्षित हुने प्रतिरूप हो ।
- ❖ अङ्ग्रेजीमा स्ट्रक्चर भनिने संरचना नेपाली साहित्यमा **संरचनावाद** (स्ट्रक्चरलिज्म) - को रूपमा चलेको पाइन्छ । यो मानव विज्ञानको एउटा यस्तो पद्धति है , जो सङ्केत विज्ञान तथा सहजतासित परस्पर संबद्ध भागहरूका पद्धति अनुसार तथ्यलाई विश्लेषण गर्ने प्रयास गर्दछ ।
- ❖ स्वीडनको प्रसिद्ध भाषाविद फर्दिनान्द दि सस्यूर (Ferdinand de Saussure) - लाई यस वादको प्रवर्तक मानिन्छ । उनले चलाएको सम्प्रदायलाई भाषा वा साहित्यमा **सस्यरेली सम्प्रदय** नामले जानिन्छ ।
- ❖ अगमसिंह गिरी स्वच्छन्दतावादी धाराका कवि हुन् । गीत, फुटकर कविता र खण्डकाव्य आदिका सर्जक गिरीका कवितामा मानव समाजका आन्तरिक यथार्थ वा पिडा, रोदनको चित्रण भएको पाइन्छ ।
- ❖ सरल शैली, सशक्त बिम्ब, सहज अनुप्रासयोजना, गद्यलयात्मक साङ्गीतिकता, भावसंवेद्यता, गौरवपूर्ण विषयको स्वस्फूर्त, हृदयस्पर्शी र सहज वर्णनले कवितालाई प्रभावकारी बनाएको छ ।
- ❖ गिरीका कविताका विषय नेपाली सँस्कृति, जातीय मायाममता, मानवीय पिडा, संवेदना, मानवीय अस्तित्व र अस्तित्वरक्षाका लागि संघर्ष हुन् । मानवता, जातीय गौरवगान, सार्वभौमिकता, शान्तिसन्देश उनका कवितामा पाइने मुख्य प्रवृत्तिहरु हुन् ।
- ❖ उनको कवितामा अमानवीय व्यवहारको विरोध, देशभक्तिको प्रशंसा र हृदयस्पर्शी जस्ता प्रवृत्तिहरु पाइन्छन् ।

- ❖ सधैँ दौरा - सुरुवाल, कोट र टोपी लाउने अगमसिंह गिरीको व्यक्तित्व आकर्षक र प्रभावशाली लाग्थ्यो ।

- ❖ उनका प्राय: गीत र कविता नेपाली जातीय भावनाले भरिएका हुन्थे । मुगलान भासिएका नेपालीको दु:ख, पीडा, गरिबी र तिनबाट मुक्तिको चाहले लेखिएका उनका कवितामा आफ्नो भूगोल, माटोप्रति अगाध प्रेम र निष्ठा नै प्राणतत्त्व हुन्थ्यो ।

- ❖ नेपालीत्व उनको जीवन र काव्यको आदर्श थियो । सदा शोषित, उत्पीडित र सबै थोकको पहुँचबाट बाहिर सीमान्तमा बाँच्न बाध्य पारिएका पहाडका नेपालीको नागरिक र मानवअधिकार, तिनको जातिप्रेम र अस्तित्वको दाबीका लागि स्वर बुलन्द गर्ने कवि थिए - गिरी ।

- ❖ नौलाख तारा उदाए ... गीतका अमर गीतकार अगमसिंह गिरी मात्रिक छन्दमा मात्र नभएर गद्य कविता पनि लेख्थे । उनको *तेस्रो आयाम (१)* मा ‘चिहान यहाँ बोलिरहेछ’ गद्य कविता प्रकाशित भयो । त्यस पत्रिकाको पाठक प्रतिक्रियामा गिरीको कविताको टिप्पणी थिएन ।

- ❖ जातीय कवि अगमसिंह गिरीका सिर्जनाहरुमा पनि समयानन्तर नयाँ गोरेटो र क्षितिज भेटिँदै आएको छ। त्यसैले उनको पूजा भइरहेको छ र उनको सालिग युगयुगान्तर फूलमालाले पुरिएको छ।

यस प्रखण्डको अध्ययनले **अगमसिंग गिरीका रचनाहरूको संरचना र शैलीमा पाइने विशेषता**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त अगमसिंह गिरीको साहित्यिक परिचय र उनको कृतिमा रहेको संरचना र शैली सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 5.7 अनुशीलनी

1. कवि अगमसिंह गिरीको जीवनीबारे चर्चा गर्दै उनको साहित्यिक योगदानबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. कवि अगमसिंह गिरीका कवितामा पाइने प्रमुख प्रमुख विशेषताबारे टिप्पणी गर्नुहोस् ।

Notes

3 कवि अगमसिंह गिरीको कृतिमा पाइने विविध पक्षबारे बताउनुहोस् ।

4. कवि अगमसिंह गिरीका कविताहरूबारे सबिस्तार रूपमा चर्चा गर्दै उनको काव्य प्रवृत्तिलाई चिनाउनुहोस् ।

5. कवि अगमसिंह गिरीका कविता र खण्डकाव्य हरूमा पाइने विशेषतालाई विस्तृत रूपमा प्रस्तुत गर्नुहोस् ।

6. अगमसिंह गिरीलाई किन पीडाका कवि, जातीय कवि र रून्चे भनिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. कवि गिरीलाई एक दक्ष गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूबारे चर्चा गर्नुहोस्।

8. कवि अगमसिंह गिरीका रचनाहरूमा पाइने संरचना विशेषताबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9 कवि अगमसिंह गिरीका कृतिहरूमा पाइने शैली पक्षबारे लेख लयार पार्नुहोस् ।

10. कवि अगमसिंह गिरीका साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 5.8 अतिरिक्त अध्ययन

1. प्रधान, हृदयचन्द्रसिंह - **नेपाली काव्य र उसका प्रतिनिधि कवि** ।

2. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

3. आले, हरेन - **नव आधुनिक नेपाली कविता** ।

4. प्रधान, कुमार - **अगमसिंह गिरीको कवितामा जातीय भावना** ।

5. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार** ।

6. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

7. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

8. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

9. **कवि गिरी रचनावली**, निर्माण प्रकाशन ।

10. रिसाल, राममणि - **नेपाली काव्य र कवि** ।

11. जिम्बा – आशा टेकध्वज ,**आधुनिक भारतीय कविता संचयन** ।

12. प्रधान - कृष्णचन्द्रसिंह ,**नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

यस अतिरिक्त **अगमसिंह गिरी**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 5.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्** –

1. कवि अगमसिंह गिरीको सामान्य परिचय ।

______________________________________________

______________________________________________

__________________________________________

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. कवि अगमसिंह गिरीका रचनाहरू ।

______________________________________________

______________________________________________

__________________________________________

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. कवि अगमसिंह गिरीका रचनामा संरचना विशेषता ।

______________________________________________

______________________________________________

______________________________________________

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. कवि अगमसिंह गिरीको रचनामा शैली विशेषता ।

Notes

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.5 खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

5. संरचना र शैलीको परिचय ।

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3 र 5.4 को खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 6, नेपाली साहित्यका अमर साहित्यकार हरिभक्त कटुवालका कृतिबारे विशेष अध्ययन संरचना

**संरचना**

6.0 उद्देश्य

6.1 परिचय

6.2 हरिभक्त कटुवालको साहित्यिक परिचय

6.3 हरिभक्त कटुवालका साहित्यिक कृतिहरू

6.3.1 भित्रि मान्छे बोल्न खोज्छ  कविता सङ्ग्रह

6.3.2 यो जिन्दगी खै के जिन्दगी ?  कविता सङ्ग्रह

6.3.3 बदनाम मेरा यी आँखाहरू  कविता सङ्ग्रह

6.3.4 सुधा खण्डकाव्य

6.5 उपसंहार

6.6 सार

6.7 अनुशीलनी

6.8 अतिरिक्त अध्ययन

6.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- हरिभक्त कटुवालको साहित्यिक परिचय
- हरिभक्त कटुवालका साहित्यिक कृतिहरू
- **भित्रि मान्छे बोल्न खोज्छ**  कविता सङ्ग्रह
- **यो जिन्दगी खै के जिन्दगी ?**  कविता सङ्ग्रह
- **बदनाम मेरा यी आँखाहरू**  कविता सङ्ग्रह
- सुधा खण्डकाव्य

## 6.1 परिचय

नेपाली कवितामा मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल जस्ता कविहरूको इदयले श्रृङ्गारीक प्रवृत्तिका साथै माध्यमिक काललाई भित्र्याएको देखिन्छ । पछि नेपाली कवितामा सन्तवीर लिम्बू, बहादुरसिंह बराल, दुर्गा मल्ल, महानन्द सापकोटा आदि कविको उदयले भिन्दै कित्ता समाएको अनुभव हुन्छ । नेपाली कवितमा लक्ष्मीप्रसाद देवकोटा, अगमसिंह गिरी, नरेन्द्रप्रसाद कुमाई, गोपालप्रसाद रिमाल, पुष्पलाल उपाध्याय आदिका समकालीन कवि मानिन्छ – हरिभक्त कटुवाललाई ।

हरिभक्त कटुवाल नेपाली साहित्य जगतका एक मूर्धन्य कवि तथा गीतकार हुन् । वि. सं. १९९२ साल असार १८ गते भारतको आसाममा जन्मिएका उनी तीसको दशकका चर्चित कवि तथा गीतकार हुन् । उनको बुबाको नाम वीरबहादुर कटुवाल र आमाको नाम विष्णुमाया कटुवाल  हो । वि. ए. सम्म अध्ययन गरेका उनको वास्तविक नाम हुमबहादुर कटुवाल हो । उनको वि. स. २०३७, भदौ २५ गते भारतको डिब्रुगढ, असममा निधन भएको थियो । कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो । कवि हरिभक्त कटुवालके **सम्झना** (वि. सं. २०१६), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. २०१८), **यो जिन्दगी खै के जिन्दगी ?** (वि. सं. २०२९), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. २०४४) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. २०२१) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. २०२०), **स्पष्टीकरण** (वि. सं. २०३०) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. २०२१) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।

## 6.2 हरिभक्त कटुवालको साहित्यिक परिचय

हरिभक्त कटुवाल नेपाली साहित्य जगतका एक मूर्धन्य कवि तथा गीतकार हुन् । वि. सं. १९९२ साल असार १८ गते भारतको आसाममा जन्मिएका उनी तीसको दशकका चर्चित कवि तथा गीतकार हुन् । उनको बुबाको नाम वीरबहादुर कटुवाल र आमाको नाम विष्णुमाया कटुवाल  हो । वि. ए. सम्म अध्ययन गरेका उनको वास्तविक नाम हुमबहादुर कटुवाल हो । उनको वि. स. २०३७, भदौ २५ गते भारतको डिब्रुगढ, असममा निधन भएको थियो ।

कटुवालको रचना रहेका दुई गीत गाएर 'अनि हरिभक्त फर्किएनन्' कार्यक्रमको घुम्टो उघारिएको थियो । २ जुलाई १९३५ (१८ असार १९९२) मा भारतको आसामको ख्वाङ गेरगेरीमा जन्मेका थिए, कटुवाल । जीवनको अमूल्य समय उनले नेपालमा बिताए । ०२६ सालमा नेपाल आएका उनी ०३७ सम्म यतै बसे । जीवनको उत्तराद्र्धमा आसाम फर्किएका कटुवालको २५ भदौ ०३७ मा ४५ वर्षकै अल्पायुमा क्षयरोग र अल्सरका कारण उतै मृत्यु भयो । उनले नेपाली साहित्यलाई दिएको योगदानभन्दा उनको रक्सीको लतको चर्चा बढी भयो । कटुवालसँग लामो संगत गरेकी आख्यानकार माया ठकुरीको भनाइमा नेपाली साहित्यमा उनको योगदान अतुलनीय छ । स्वर्गीय अम्बर गुरुङको कालजयी संगीत र नारायणगोपालको कर्णप्रिय स्वरमा रेकर्ड भएका कटुवालका गीत सदाबहार बनेका छन् ।

स्वर्गीय कटुवालमाथि शोध गरिरहेका युवा कवि तथा रंगकर्मी पुरू लम्सालले तयार पारेको वृत्तचित्र कार्यक्रममा प्रदर्शन गरिएको थियो । 'मलाई नसोध कहाँ दुख्छ घाउ', 'डाली डाली फूल फुल्यो', 'मेरो आँखामा राख्ने'जस्ता चर्चित गीतका रचियता हुन्, कटुवाल । 'भित्रीमान्छे बोल्न खोज्छ' कविता संग्रह, 'सम्झनामा गीत संग्रह', 'सुधा' खण्डकाव्य, 'पूर्व किरण' कविता संग्रह र 'यो जिन्दगी खै के जिन्दगी ?' जस्ता कृतिहरू प्रकाशित छन् ।

कटुवाल जन्मेको डेढ बर्ष हुँदा बह्मपुत्र नदीमा आएको बाढीले उनको घर डुवायो । त्यसपछि कटुवालको परिवार घरबिहीन बन्यो र गेरगेरीबाट बोगिविल बसाइँ सरेका थिए । त्यति मात्र होइन, त्यो घरमा सँधैभरि आर्थिक हाहाकारको बादल मड़ारिरह्यो । विवश थिए बीरबहादुर कटुवाल आफ्नो श्रीमती र छोरा हरिभक्त कटुवाललाई बिरालोले बच्चा सारेजस्तो कहिले यता, कहिले उता सारिहिँड़े । तर, यो सायदै दैवको परीक्षा थियो, तिनीहरू जतासुकै गए पनि आर्थिक अभावको बादल तिनीहरू माथिनै मड़ारिरह्यो । त्यतिखेरदेखिको त्यो अवस्था पछिसम्मै रहिरह्यो । आर्थिक अभावको खाड़ल झन् ठूलो, झन् ठूलो हुँदै गइरह्यो, घटेन, सानो भएन। यद्यपि, बीरबहादुर कटुवालले छोरालाई अक्षर चिन्हाउनुपर्छ भन्ने कुरा बिर्सेनन् । यस्तो स्थितिमा पनि तिनले छोरालाई स्थानीय स्कूलमै भए पनि पढ्न पठाए । कटुवालले स्थानीय स्कूलमै क, ख पढ़े । असमिया भाषामै स्कूले शिक्षा ग्रहण गरेका कटुवालले कक्षा १० को बोर्ड परीक्षा उत्तीर्ण गरे ।

कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो । त्यसताकको कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरे । उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाङ्की नाटक खेल्ने र खेलाउने प्रथाका जग पनि खनेका थिए । उनको कलम सबै विधामा बराबर चलेको छ, यसले तिनलाई बहुआयामिक साहित्यकार बनाइदिएको छ भन्दा अत्युक्ति नहोला । कटुवालले असमकै सनकसिंह ठकुरी र माया ठकुरीकी छोरी जयकुमारीसँग बिहे गरे । यी दम्पतिबाट तीन छोरी र एक छोरा जन्मे । त्यसपछि स्वास्नी, छोराछोरी हुर्काउन, पाल्न यिनी क्रियाशील भए । कटुवालको एउटा नराम्रो बानी थियो, त्यसैले तिनी जता गए पनि अन्ततः हारेरै फर्कन्थे । त्यसैले हो तिनको स्कूलको जागिर पनि गयो । एकचोटि तिनी हेल्थ इन्सपेक्टर भए, तर त्यो जागिर पनि गयो ।

सब्जी ब्यापार र परदेशी होटल खोलेर जीवन धान्ने कवि कटुवालले आफ्नै बुताले साँस्कृतिक कार्यक्रम र साहित्यिक गोष्ठीहरूको आयोजना गरिरहन्थे । उनको हरेक सास फेराईमा वाङ्मय हुन्थ्यो । त्यसैले उनको भोकतीर्खै वाङ्मयमा नै समर्पित थिए । त्यसैबेला उनैको सम्पादनमा मूक्ति र हिमालय साहित्यिक पत्रिका प्रकाशित भए । त्यसबेला उनी नेपाली साहित्य, सङ्गीत र पत्रकारिताका क्षेत्रमा सुप्रसिद्ध भइसकेका थिए । त्यही रौनकले उनको सर्वत्र चर्चा र परिचर्चा पनि हुन थालेको थियो । वि. स. २०२४ सालमा नेपालमा राष्ट्रव्यापी साहित्य सम्मेलन भएको समय त्यस सम्मेलनमा असमबाट हरिभक्त कटुवालले भाग लिएका थिए । त्यतिबेला केदारमान व्यथितले उनलाई काठमाडौं आउने निम्ता दिएका थिए । पछि वि. सं. २०२६ सालमा उनी असमबाट काठमाडौं गए।

काठमाडौंमा प्रवेशसँगसँगै कवि कटुवाल सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, विजय मल्ल, ईश्वरवल्लभ, भूपी शेरचन, उत्तम कुँवर र अम्बर गुरुडका सम्पर्कमा पनि पुगे । केदारमान व्यथितले स्थापना गरेको नेपाली साहित्य संस्थानमा पनि कटुवाललाई सचिव बनाइएको  थियो । त्यस ठाँउमा साहित्यिक व्यक्तिहरूसँग कटुवाल रक्सी खाई बस्थे। रत्नशमशेर थापाका अनुसार रक्सी खाएर मातेका बेला एकपटक कटुवालले भूपी शेरचनको लुगानै च्यातिदिएका थिए । तर यसरी मदीराको सेवन गरे तापनि उनको जीवनको विशेषता भने इमान्दारी थियो । जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए ।

२० वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थालेका हुन् । लेख्ता - लेख्तै यिनले काठमाडौं जाँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर गएका थिए । काठमाडौं गएपछि उनले 'यो जिन्दगी खै के जिन्दगी' प्रकाशनमा ल्याए । त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पुऱ्यायो। त्यसपछि उनले कथासङ्ग्रह 'स्पष्टिकरण' प्रकाशित गरे । अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा 'बदनाम मेरा यी आँखाहरू' प्रकाशनमा आयो ।

काठमाडौमा रहदा धेरै ठेस लागेपछि कटुवालले जीवन बुझ्दै गए। उनको जीवनको विशेषता हो, उनी इमान्दार थिए। जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए।सबैले वाहाँ लाई असाध्य राम्रो मान्छे भन्ने गर्थे। 20 वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थालेका हुन्। लेख्तालेख्तै यिनले काठमाडौं जाँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर गएका थिए। काठमाडौं गएपछि उनले 'यो जिन्दगी खै के जिन्दगी' प्रकाशनमा ल्याए। त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पुऱ्यायो। त्यसपछि उनले कथासङ्ग्रह 'स्पष्टिकरण' प्रकाशित गरे। अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा 'बदनाम मेरा यी आँखाहरू' प्रकाशनमा आयो। त्यस कृतिमा पनि उनका कलजयी गीतिकविता सङ्ग्रहित भए। उनका धेरै कविताहरू गीत बनेका छन् - कर्णप्रिय।

कटुवालका प्रकाशित कृतिहरुमा कविता/गीतसंग्रह :- सम्झना (२०१६), भित्रि मान्छे बोल्न खोज्छ(२०१८), यो जिन्दगी खै के जिन्दगी?(२०२९) र बदनाम मेरा आँखाहरु(२०४४)खण्डकाव्य :- सुधा(२०२१)कथासंग्रह :- ऐतिहासिक(सह-२०२०), स्पष्टीकरण(२०३०)एकांकीसंग्रह :- म मरेको छैनसम्पादन :- पूर्व किरण(२०२१)अनुबाद :- चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरणकविता, यो जिन्दगी खै के जिन्दगी?यो जिन्दगी खै के जिन्दगी!भित्र भित्रै खोक्रिएर बाहिर बाहिर बाचेकोएटमको त्रासलेचुसेकोसमस्याको भूतले सताएकोयो जिन्दगी खै के जिन्दगी!बन्दुकको नालमा टाउको राखेर निदाउनुपर्छ यहाँखुकुरीको धारमा पाईला टेकेर जीउनुपर्छ यहाँआँखा चिम्लिन पनि जग्जगीआँखा उधार्न पनि जग्जगीयो जिन्दगी खै के जिन्दगी!पसलमा सोकेशभित्र सजाईराखेकोकाँचको चूरा जस्तो यो जिन्दगीकुनै युबतीको हातमा चढदा चढ्दै-प्याट्ट फुट्न सक्छ यो जिन्दगी!रबरका सस्ता चप्पल जस्तै यो जिन्दगीबाटामा हिड्दा हिड्दै-च्याट टुट्न

सक्छ यो जिन्दगीयो जिन्दगी खै के जिन्दगी! आदि आदि , कर्ण प्रिय स्वारका धनी साहित्यकार तथा गीतकार स्वर्गीय हरिभक्त कटुवालको जन्मजयन्तिको शुभकामना। उहाँ यस धर्तिमा नरहे पनि उहाले छोडेर गएका कबिता गित हरु ले सधै उहाको स्मरण गराइ रहने छ ।

## 6.3 हरिभक्त कटुवालका साहित्यिक कृतिहरू

कवि हरिभक्त कटुवालको साहित्यिक कृतिहरूमा **सम्झना** (वि. सं. २०१६), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. २०१८), **यो जिन्दगी खै के जिन्दगी ?** (२०२९), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. २०४४) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. २०२१) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. २०२०), **स्पष्टीकरण** (वि. सं. २०३०) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. २०२१) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।

कटुवालका कविताहरूमा विम्ब र प्रतीकको प्रयोग कम छ तर कविताहरू अति मर्मस्पर्शी छन र व्यंग्यात्मक छन। कवि आशावादी र जीवनवादी पनि छन। उनका गीतहरूले पनि धेरै ख्याति प्राप्त गरेका छन। उनका प्रकाशित कृतिहरू हुन- संझना (गीत संग्रह), भित्री मान्छे बोल्न खोज्छ (कविता संग्रह), सुधा (खण्डकाव्य), यो जिन्दगी खै के जिन्दगी (कविता संग्रह), स्पष्टीकरण (कथा संग्रह) र बदनाम मेरा यी आँखाहरू (गीत र कविता संग्रह)। उन्ले मुक्ति (1958), हिमालय (1963), हिमानी (1970), संगीत सरिता (1971), बान्की (1971), अभिव्यक्ति आदि पत्रिकाहरूको पनि सम्पादन गरेका छन। श्रेष्ठ कविका रूपमा नेपाल सरकारको रोयल अकादेमी पदक (1963) र कविताको लागि स्वर्ण पदक (1967) पनि पाउन सक्षम भए।

### 6.3.1 भित्रि मान्छे बोल्न खोज्छ कविता सङ्ग्रह

कवि हरिभक्त कटुवालको पहिलो कृति गीत संग्रह **सम्झना** सन 1960 मा प्रकाशित भएको थियो। यसको तीन साल पछि नवयुग नेपाली पुस्तक मंदिर गोरूबथानबाट उनको पहिलो कविता संग्रह **भित्री मान्छे बोल्न खोज्छ** प्रकाशित भएको थियो । हरिभक्त कटुवालका कवितामा प्रवृत्तिगत नैराश्य, कुण्ठा, प्रेम, विश्वासघात, आस्था – अनास्था, दु:ख, सुख आदिका अनुभूतिहरू

कही परोक्ष त कही प्रत्युक्ष रूपमा प्रकट गरेका छन् । उनले क्रन्दन कवितामा यस्तो अभिव्यक्ति पोखेका छन् –

**सिद्ध नहुन्जेल निजको स्वार्थ मेरो साथ दिंदाँ रहेछन।**
**भित्री मनमा कपट लुकाई व्यर्थ लौ लौ भन्दा रहेछन।।**

सन १९५६,२१ दिसम्बरको दिन हायमनदास राईको तत्परतामा हर्क राई भुपतदास राई मङ्गलदास राई एस.एस. राई पि.एस.राई एन.एस.राई आदिको सत्प्रयासमा एउटा संस्थाको गठन गरिएको हो **'नवयुग' नेपाली पुस्तक मन्दिर**'। जुन नवयुग पुस्तक मन्दिरले २६ वटा पुस्तकहरू प्रकाशित गरेर नेपाली साहित्यको भण्डार भर्ने काम मात्र गरेन इन्द्रबहादुर राई, ओकिउयामा ग्वाइन, हरिभक्त कटुवाल आदिलाई जनमानसमा चिनाउने काम समेत गरेको हो। उक्त मन्दिरबाट प्रकाशित २६ पुस्तकहरू इन्द्रबहादुर राईको बिपना कतिपय, नरबहादुर दाहालको वरपिपल, अगमसिंह गिरीको आत्मव्यथा मध्ये केहरिभक्त कटुवालको **भित्री मान्छे बोल्न खोज्छ** कविता सङ्ग्रह पनि प्रकाशित भएको हो ।

## 6.3.2 यो जिन्दगी खै के जिन्दगी ? कविता सङ्ग्रह

२० वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थाले । लेख्तालेख्तै यिनले काठमाडौं आउँदा एउटा गीतसड्ग्रह, एउटा कविता सड्ग्रह र एउटा खण्डकाव्य लिएर आएका थिए । काठमाडौं आएपछि उनले **यो जिन्दगी खै के जिन्दगी** प्रकाशनमा ल्याए । त्यसै कवितासड्ग्रहले यिनलाई चर्चाको शिखरमा पुराएको मानिन्छ ।

“कटुवाल एउटा गीतसंग्रह, एउटा कविता संग्रह र एउटा खण्डकाव्य लिएर काठमाडौं आएका थिए। काठमाडौं आएपछि कटुवालले कविता संग्रह **यो जिन्दगी खै के जिन्दगी** लेखेका हुन् । यसैले उनलाई चर्चाको शिखरमा पुऱ्यायो। नरेन्द्रराज प्रसाईले एउटा लेखमा कटुवालको जिन्दगीका उतारचढाब उल्लेख गरेका छन्। ‘अन्तर्जाल’ स्रोत उल्लेख गरेर नेपाली साहित्य संग्रहालय नामक ब्लगमा प्रकाशित भएको यो लेखमा हरिभक्त कटुवालबारे जान्न चाहनेलाई थुप्रै कुरा छन्।

इतिहासले सम्झिरहने अनेकौं कविता कृतिहरुमध्ये एक हो – हरिभक्त कटुवालको “यो जिन्दगि खै के जिन्दगि” कविता संग्रह(२०२९) । जसले उनलाई चर्चाको शिखरमा पुर्यायो । सोहि कविता संग्रहलाई ‘स्वदेश फर्किएपछी(३२ वटा कविता)’ र’ प्रवासबाट (२९ वटा कविता) गरि आफ्ना कविताहरुलाई दुई भागमा विभाजन गर्दै कटुवालले ‘यो जिन्दगी खै के जिन्दगि” - मा आफ्ना कुरा मार्फत यो पनि भनेका छन् - **” भोलि म नरहुँला र जो रहेनछन् उनीहरुकै हातमा यो जिन्दगि...समर्पित छ ।”**

कविता यस्तो छ -

भित्रभित्र खोक्रिएर बाहिर बाहिर बाँचेको
एटमको त्रासले चुसेको
समस्याको भूतले सताएको
यो जिन्दगी खै के जिन्दगी !

बन्दुकको नालमा टाउको राखेर जिदाउनु पर्छ यहाँ
खुकुरीको धारमा पाइताला टेकेर जिउनु पर्छ यहाँ
आँखा चिम्लनु पनि जगजगी, आँखा उघार्न पनि जगजगी
यो जिन्दगी खै के जिन्दगी !

पसलमा शोकेशभित्र सजाएर राखेको
काँचको चुरा जस्तो यो जिन्दगी
कुनै युवतीको हातमा चढ्दाचढ्दै
प्याट्ट फुट्न सक्छ यो जिन्दगी !

रबरको सस्तो चप्पल जस्तै यो जिन्दगी !
बाटामा हिँड्दाहिँड्दै
च्याट्ट टुट्न सक्छ यो जिन्दगी !
यो जिन्दगी खै के जिन्दगी !!

यस अतिरिक्त उक्त कविता सङ्ग्रहमा सङ्ग्रहित अन्य कविताहरपू यस प्रकार छन् । ती हुन् - **दाइ कविता ! खै कविता !**

**यस सहरमा ओहर-दोहर गर्ने आकृतिहरुमा**

**कविता खोजेर धेरैपल्ट निराश भएको छु भाइ !**

**तर सधैं मेरै जस्ता ति अनुहारहरु पनि**

**अल्झिरहेको पाएको छु दाल, भात, डुकुकै समस्यामा ।**

**मानौं हामीले बिर्सिसकेका छौं मानिस हुनुको अर्थ**

**र खटनभन्दा पनि हामि केहि सोच्न सक्देनौं**

**कुनै घेरा नाघेर हामि कतै फड्कन सक्दैनौ**

**अनि यहाँ कविता कहाँ पाउनु भाइ ?**

**मुक्त**

मुक्त त् ढुंगा हुन्छ

न उसको  दुख्ने मुटु हुन्छ

म देख्ने आँखा हुन्छ

कसैले पर्खाल लगाए पर्खाल बन्छ

सडक बनाए सडक बन्छ

सायद त्यसैले त्यसको पूजा हुन्छ

उ ईश्वर बन्छ ।

**यो के भयो ?**

खै, यो के यस्तो भयो !

यहाँ त् बाँच्नै हम्मे परिसक्यो

सुख त् अब भाग्यमै कहाँ ?

मुख बाइरहेका हुन्छन् चिन्ताका अजिङ्गर सपानामा

मुख बाइरहेका हुन्छन् भोकका अजिङ्गर बिपनामा ।

**गुहार ! गुहार !! बचाऊ ! बचाऊ !!**

धुरिए धुरिए – कमिला ! रोटे !!

चुसिएँ चुसिएँ – उडुस ! लामखुट्टे !!

रगतको गति नै बन्द भयो मेरो !

नसाको गरि नै बन्द भयो मेरो !!

हरिभक्त कटुवालको कविता- यो जिन्दगी खै के जिन्दगी, आकाशका तारा के तारा जस्ता सुन्दर कविताहरू रचना गरेर कटुवाल प्रसिद्धिको शिखरमा पुगेका छन्। **यो जिन्दगी खै के जिन्दगी** कवितामा उनलाई स्वर्ण पदक पनि प्राप्त

भएको थियो। कटुवालका कविताहरू गीतमय छन र उनका कविताहरूमा जीवनबोध सीधा र तीखो व्यंग्यात्मक भावले भरिएको हुन्छ। उदाहरणका रूपमा-

यो जिन्दगी, खै के जिन्दगी
भित्र भित्रै खोक्रिएर बाहिर बाहिर बाँचेको
एटमको त्रासले चुसेको
समस्याको भूतले सताएको
यो जिन्दगी, खै के जिन्दगी
बन्दूकको नालमा टाउको राखेर निदाउनु पर्छ यहाँ
आँखा चिम्लन पनि जग्जगी
आँखा उघार्न पनि जग्जगी
यो जिन्दगी, खै के जिन्दगी

**यो जिन्दगी खै के जिन्दगी** प्रकाशनको हिसाबले यो उनको जीवनको अन्तिम कविता संग्रह हो। प्रवृत्तिको दृष्टिले पनि उनको कविता यात्राको चरम उत्कर्ष पनि यही नै हो। साथीलाई शीर्षक कवितामा उनि भन्छन-

फुल्नु त बेसै हो फुल्नु पर्छ।

काँडामा गुलाब भै फुल्नु पर्छ।

हिलोमा कमल भै फुल्नु पर्छ।

कसैले भरेको हावामा बेलुन झैं नफुलेर,

भीरमा पनि गुँरास भएर फुल्नु पर्छ।

यसै गरी **जीवन** शीर्षक कवितामा उनि भन्छन् -

कतै जुवाडेले कौडी खेलाउँदै हेरेको एउटा छुक जस्तो
कतै भर्खर बसन्तले छाडेर गएको उदास रूख जस्तो

यस्तो लागिरहेछ आफैंलाई यो जीवन
अन्तिम पातो पनि च्याते पछिको एउटा ठूटो चेक बूक जस्तो।

यो जिन्दगी खै के जिन्दगी कवि हरिभक्त कटुवालको रोमान्टिक भावधारामा रचित एउटा युद्धविरोधी कविता हो। यो कविताको भावभूमि दोस्रो विश्वयुद्धले मानव जीवनमा पारेको त्राशपूर्ण वातावरण हो। अर्थात्, दोस्रो विश्वयुद्ध तथा एटम बमले विश्व मानव समाजमा ल्याएको त्रास तथा जीवनको अनित्यता औ निस्सार बचाइँ बारे कविले यस कवितामा कलात्मक अभिव्यक्ति दिएका छन्। यस कविताले तत्कालीन विश्वसन्दर्भलाई अँगाल्न पुगेको देखिन्छ।

दोस्रो विश्वयुद्धमा अमेरिकाले हिरोसिमामा एटम बम खसालेर त्यहँका लाखौं कडोरौ जन-धन तथा भौतिक-प्राकृतिक सम्पदा क्षणभरमा नै भष्म गरेको घटना विश्वको इतिहासबाट कहिल्यै मेटिएर जाँदैन। यो घटनाले तत्कालीन विश्व समाजमा निराशाको बादल छाएको थियो, सबैलाई स्तव्ध तुल्याएको थियो । साथै अहिले मरिन्छ कि भरे, जीवनको कुनै निश्चितता थिएन। युद्धको यो विकराल परिणामले कविको कोमल तथा मानतावादी हृदयलाई च्वास्स स्पर्ष गरेको देखिन्छ । कवि मानिसहरूलाई भित्रभित्रै खोक्रिएर बाहिर बाहिर बाँचेको देख्छन्। सबैलाई त्यो नरसंहारी एटमको त्रासले चुसिरहेको छ। समस्या, भूत वा प्रेतआत्माजस्तो भएर मानिसहरूलाई निरन्तर सताइरहेछ। कविले यस्तो जीवनलाई धिक्कार्दै यो जिन्दगी पनि खै के जिन्दगी हो! भन्दै आफ्ना कविताद्वारा निराशवादी अभिव्यक्तिका साथ तत्काली व्यवस्थाप्रति विरोध प्रदर्शण गर्न पुगेका छन्।

बन्दुकको नालमा टाउको राखेर निदाउनु पर्ने, कुनै समय सुतिरहेको बेलामा त्यही बन्दुक पड्केर पनि जीवनलीला समाप्त हुनसक्छ। खुकुरीको धारमा टेकेर जिउनु पर्ने अर्थात्, संधै ने खतराको सामना गर्न पर्ने। आँखा चिम्लन पनि जगजगी अर्थात्, राती सुत्दा पनि डरमर्दो। सुतेकै बेलामा मरिरे हो कि!आँखा उघार्न पनि जग्जगी अर्थात्, दिनमा कतै हिँडडुल गर्न पनि डरसरी। विहान घरबाट निस्किएको मान्छे बेलुकी घर फर्कन्छ कि फर्किँदैन।त्यसको कुनै निश्चितता छैन। यस्तो अनिश्चिततापूर्ण जीवन पनि के जीवन हो भनी कविले जीवनलाई नै धिक्कार्न पुगेका छन्।

यस्तै युद्ध कालका विविध समस्याहरूले पिरोलिएको जीवनलाई कविले पसलमा सेकेशमा सजाइराखेको काँचको चूरोसँग तुलना गर्दै भनेका छन्। जसरी यो काँचको चूको कुनै युवतीको हातमा चढ्दा चढ्दै प्याट्ट फुट्न सक्छ त्यसरी नै मानिसहरूको जीवनको पनि कुन घडीमा अन्त्य हुन्छ त्यसको कुनै ठेकाना छैन।कविले अझ यो क्षणभंगूर मानव जीवनलाई बाटामा हिँडदा हिँड्दै च्यट्ट चुडिन सक्ने रबरका सस्ता चप्पलसँग पनि तुलना गरेको छन्। वास्तवमा कुनै पनि युद्धले मानव समाजलाई नोक्सान नै पुऱ्याएको छ। त्यमाथि पनि दोस्रो विश्वयुद्ध त एउटा विश्वव्यापी युद्द थियो। जसले विश्वका हरेक देशवासीहरूलाई त्राही त्राही तुल्याएको थियो। यस्तो अवस्थामा मानिसले विभिन्न समस्यले भरिएको जीवन निसास्सिएर विताउनु परिरहेरो थियो। त्यसै कारण कविले यस कविताद्वारा युद्धको वीभिषिकाले ल्याएको मानिसका त्रासपूण, मृतप्राय, निस्सार तथा अनिश्चित जीवन बारे करूण अभिव्यक्ति दिएका छन्।

यस कविताको भाषा शैली प्रसाद गुणसम्पन्न सरल, सरस, सहज तथा बोधगम्य रहेको पाइन्छ। “बन्दुकको नालमा टाउको राखेर निदाउनु”, “खुकुरीको धारमा पाइला टेरेक जिउनु”, “काँचको चूरो”,”रबरका सस्ता चप्पल” जस्ता बोधगम्य प्रतीक तथा पदावलीहरूको प्रयोगले कटुवालको कविप्रतिभालाई सौष्ठव प्रदान गरेको पाइन्छ। यही सरलता तथा सुबोध शब्दगुम्फनका साथ गम्भीर भावाभिव्यक्तिका कारण नै “यो जिन्दगी खै के जिन्दगी” का कविले विशिष्टता प्राप्त गरी नेपाली साहित्यमा यो कविता पुस्ता दर पुस्तासम्म शाश्वत बन्न पुगेको छ भन्ने कुरामा कुनै दुइ मत हुने छैन।

“यो जिन्दगी खै के जिन्दगी !” कवि हरिभक्त कटुवालको कविता-यात्राको उत्तरार्द्धको रचना हो । यसमा कविले नँया-नँया बिम्ब-प्रतीक अलङ्कारहरुको सहज संवेद्य प्रयोग गरेका छन् र शैलीको सहज-सौन्दर्य पनि यस कविताले प्राप्त गरेको छ। समसामयिक समाज र जीवनका साथै चेतनालाई सहजतापूर्वक अभिव्यक्ति दिइएको प्रस्तुत कविता हो।यस कविताको भाषा शैली प्रसाद गुणसम्पन्न सरल, सरस, सहज तथा बोधगम्य रहेको पाइन्छ। “बन्दुकको नालमा टाउको राखेर निदाउनु”,

"खुकुरीको धारमा पाइला टेरेक जिउनु", "काँचको चूरो","रबरका सस्ता चप्पल" जस्ता बोधगम्य प्रतीक तथा पदावलीहरूको प्रयोगले कटुवालको कविप्रतिभालाई सौष्ठव प्रदान गरेको पाइन्छ। यही सरलता तथा सुबोध शब्दगुम्फनका साथ गम्भीर भावाभिव्यक्तिका कारण नै "यो जिन्दगी खै के जिन्दगी" का कविले विशिष्टता प्राप्त गरी नेपाली साहित्यमा यो कविता पुस्ता दर पुस्तासम्म शाश्वत बन्न पुगेको छ भन्ने कुरामा कुनै दुइ मत हुने छैन।

## 6.3.3 बदनाम मेरा यी आँखाहरू कविता सङ्ग्रह

हरिभक्त कटुवालको कथा सङ्ग्रह 'स्पष्टिकरण' प्रकाशित भएपछि अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा **वदनाम मेरा यी आँखाहरु** प्रकाशनमा आएको हो । त्यस कृतिमा पनि उनका कलजयी गीति कविता सङ्ग्रहित भए । **बदनाम मेरा यी आँखाहरू** हरिभक्त कटुवालद्वारा लेखिएको र साझा प्रकाशनले बजारमा ल्याएको एक नेपाली भाषाको काव्य हो ।

**मलाई नसोध**
**कहाँ दुक्छ घाउ**
**म जे छु ठीकै छु**
**विथोल्न नआउ !**

कटुवालले धेरै रक्सी खाए । काठमाडौंका प्रायः बुद्धिजीवीहरू यिनको तालबाट दुखित हुने क्रम जारी थियो । नेपालमा उनले आफ्नो ज्यान थाम्न नसकेपछि उनी आफ्नै देश फर्के ।

तर हरिभक्त यतिमात्रै होइनन् । उनी अरु पनि केही हुन्, जुन सायद नेपाली साहित्यका पारखीले कहिल्यै थाह नपाउने एउटा रहस्य पनि हुन् । जानकारहरू भन्छन्, उनीसँग एउटा रातो डायरी थियो, जसमा उनले जीवनका अनमोल सिर्जनाहरू राखेका थिए । उनको परिवारको श्रोत भन्छ, उनले काठमाडौँ छोडर जाने दिनको अघिल्लो रात, उनको पुतलीसडकस्थित डेराबाट रहस्यमय रुपमा त्यो डायरी हरायो, र आजपर्यन्त फेला पर्न सकेको छैन । कसले

जमायो त्यस डायरीमा डेरा, र यदि छापिँदैछन् भने कसका नाउँबाट छापिँदैछन् त्यसभित्रका रचनाहरू — त्यो अहिलेसम्म यकिन भन्न सकिएको छैन ।

हरिभक्तका समकालीन, दौँतरी र साथीभाईहरूमध्ये धेरैजसो उनको रक्स्याहा व्यक्तित्व सम्झन्छन्, र किस्साहरू जोडेर थाक्दैनन् । म ठान्छु, त्यो हामीबीचबाट छुटेर गइसकेको पाटो हो, जसको अहिले कुनै पनि उपादेयता छैन । हामीसँग अहिले जे छ, त्यैभित्र खोजिनुपर्छ कटुवाललाई — उनले हाम्रा ओठभरि छोडेर गएका गीत, पानाभरि पोखेका कविता, र उनले सम्पादन गरेका अनेक कृति, यदाकदा आवरणहरूमा पाइने उनले गरेको कलाकृति, उनका नाटक र कथाहरू, बस् ! म विशेष गरी पछिल्लो पुस्ताका पाठक र साहित्य प्रेमीहरूलाई भन्छु — यौन, र एक समयमा कुनै न कुनै प्रकारको दुव्र्यसन्को कथा नबोकेको मान्छे हुँदैन । कोही हाकाहाकी देखिन्छन्, देखाउँछन् । धेरैजसो छलछाम गर्छन् र छद्मभेषी भएर आदर्श छाँट्छन् । व्यक्तिका — विषेश गरी दिवंगत गएपछि — यस्ता व्यक्तिगत पाटातिर अल्झिरहनु समय खेर फाल्नु हो । उसले छोडेर गएको कृति, र त्यसको उचाइ नै त्यस व्यक्तिको उचाइ नाप्ने कसी हो ।

हरिभक्त उनको सिर्जनाले हरिभक्त भएका हुन्, तिनीहरूकै गरिहाइमा डुबेर हरिभक्तलाई खोजिनुपर्छ । हरिभक्तबारे व्यक्तिगत रिसिबीका आधारमा नकारात्मक कुरा गर्ने धेरै भेटिन्छन् । उनको जीवनका अँध्यारा पाटाको साक्षी पनि भट्टीबाट उनी सँगै निस्किएर आज बर्बरिक बनेर बसिरहेका छन् उनको महाभारत भन्न । तर उनी त आकाशका तारा भैसके, जसको हामीले देख्न सक्ने भनेको उज्यालोमात्रै हो । हरिभक्तबारे हामीले नवीन दृष्टिविन्दु बनाउनुपर्छ, र उनका समकालिन र भट्टीका साथीहरूले उनको अनुहारमा पोतिदिएको कलङ्कको मोसोलाई प्रेमका आँसुले धोइदिनुपर्छ । युवा कवि पुरु लमशालले उनको बारेमा बनाएको डोकुमेन्ट्री “अनि हरिभक्त फर्किएनन्” ले हाम्रा लागि हरिभक्त अध्ययनका लागि अनेकानेक सकारात्मक आयामहरू खोलिदिन पनि सक्छ । यत्ति भैदिए बस, हरिभक्त जो कहिल्यै नर्फने गरी गए हामीबीचबाट, हाम्रा मृदु सम्झनाहरूमा फर्किरहन्थे, बारम्बार ।

## 6.3.4 सुधा खण्डकाव्य

काव्य रचनाको विकासक्रममा कटुवालको **सुधा** खण्डकाव्यको एक विशेष स्थान छ। असमबाट प्रकाशित यही नै नेपाली भाषाको पहिलो खण्डकाव्य हो।

Notes

प्रकृतिपुत्री सुधाको सामाजिक, आर्थिक र पारिवारिक पृष्ठभूमिको चयनमा कवि धेरै संवेदनशील भएर लेख्छन-
अँ, उही सुधा हो। जस्लाई प्रणयले हाँस्न दिएन, जस्लाई जगले बाँच्न दिएन। मृगतृष्णा पिई तिर्खा मेटने सपना देख्दी, यो उही सुधा हो।

**सुधा** खण्डकाव्यको मार्फत कवि नेपाली नारीहरूको सामाजिक शोषण र दमनका विरूद्ध हार न मानेर त्यस्को विरोधमा सबल भएर प्रतिरोध गर्ने सन्देश दिन्छन। सुधा खण्डकाव्यको अन्तमा यसरी भन्दछे-

**म बाँच्दछु, म भाँच्दछु, विषालु दाँत सर्पका, नरेन्द्र झैं पुरूषका जो हिंडछन छली, अबोध सरल निष्कपट नारीलाई। म बाँच्दछु, म बाँच्दछु, म बाँच्दछु।**

## 6.4 उपसंहार

नेपाली कविताले आधुनिक चरणमा आएपछि आत्मचेत र नवीनतम शैलीको बाटो रोजेको पाइन्छ । आत्मचेतना, शैली शिल्पगत परिवर्तन, नवीन मूल्य - मान्यताको वरण, विद्रोही – क्रान्तिकारी स्वरका साथै युगीनता, नवीन सौन्दर्य चेतना, तार्किकता, वैज्ञानिक दृष्टिकोणको आधुनिक कालका नेपाली कविहरूका कवितामा व्यक्तिएको पाइन्छ । यस्ता नेपाली कविहरूमा गोपालप्रसाद रिमाल, बैरागी काइँला, इश्वर बल्लभ, जस योञ्जन प्यासी, राजेन्द्र भण्डारी जस्तै कवि हरिभक्त कटुवाल प्रमुख छन् । यी नेपाली कविहरूका कवितात्मक प्रवृत्तिहरूमा कष्टपूर्ण जीवाको चित्रण, सामाजिक, साँस्कृतिक, नैतिक मूल्यको खोजी, सामाजिक – प्रशासनिक व्याव्सथाप्रति तीब्र व्यङ्ग्य, तिक्ततापूर्ण वर्तमान जीवनको अभिव्यक्ति, अन्तर्राष्ट्रिय सन्दर्भहरूप्रति सचेतता, सरल र जटिल दुबै भाषाको प्रयोग, बक्रोक्तिपूर्ण शैलीको बाहुल्य, प्रतीक र बिम्बको भरमार प्रयोग पाइन्छ ।

हरिभक्त कटुवाल जति रसिक थिए त्यति नै पीडादायी जिन्दगी भोग्ने क्रममा पनि बाँधिएका थिए । उनी हाँस्ता पनि रुन्थे र रुँदा पनि हाँस्थे । उनी प्रकृतिप्रेमी कवि थिए तर प्रकृतिले उनलाई धोकैधोका दिएको थियो । यति हुँदाहुँदै पनि नेपाली भाषासाहित्य संसारमा उनी चिरञ्जीबि भए । उनलाई धेरैले माया गरे । नारायणगोपाललाई मन पराउनेले पनि यिनलाई मन पराए र यिनलाई मन पराउनेले पनि नारायणगोललाई मन पराए । वास्तवमा यी नेपाली भाषाका

जनप्रिय गीतकार थिए । कटुवाल वाङ्मयका बहुआयमिक प्रतिभा थिए । त्यस कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरेका थिए । उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाङ्की नाटक खेल्न र खेलाउने प्रथाका जग पनि खनेका थिए ।

## 6.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यका अमर साहित्यकार हरिभक्त कटुवालका कृतिबारे विशेष अध्ययन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- हरिभक्त कटुवाल जति रसिक थिए त्यति नै पीडादायी जिन्दगी भोग्ने क्रममा पनि बाँधिएका थिए । उनी हाँस्ता पनि रुन्थे र रुँदा पनि हाँस्थे ।
- कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो ।
- कवि हरिभक्त कटुवालके **सम्झना** (वि. सं. २०१६), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. २०१८), **यो जिन्दगी खै के जिन्दगी ?** (वि. सं. २०२९), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. २०४४) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. २०२१) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. २०२०), **स्पष्टीकरण** (वि. सं. २०३०) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. २०२१) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।
- उनी प्रकृतिप्रेमी कवि थिए तर प्रकृतिले उनलाई धोकैधोका दिएको थियो । यति हुँदाहुँदै पनि नेपाली भाषासाहित्य संसारमा उनी चिरञ्जीबि भए ।
- उनलाई धैरैले माया गरे । नारायणगोपाललाई मन पराउनेले पनि यिनलाई मन पराए र यिनलाई मन पराउनेले पनि नारायणगोललाई मन पराए ।
- वास्तवमा यी नेपाली भाषाका जनप्रिय गीतकार थिए ।
- कटुवाल वाङ्मयका बहुआयमिक प्रतिभा थिए । त्यस कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरेका थिए ।
- उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाङ्की नाटक खेल्न र खेलाउने प्रथाका जग पनि खनेका थिए ।

यस प्रखण्डको अध्ययनले **नेपाली साहित्यका अमर साहित्यकार हरिभक्त कटुवालका कृतिबारे विशेष अध्ययन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा हरिभक्त कटुवालको साहित्यिक परिचय र उनका विविध कृतिहरू **सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।**

## 6.6 अनुशीलनी

**1. कवि हरिभक्त कटुवालको साहित्यिक जीवनीबारे सबिस्तार रूपमा चर्चा गर्दै** उनका कवि व्यक्तित्वलाई प्रकाश गर्नुहोस् ।

.2 कवि हरिभक्त कटुवालको कवितामा पाइने मुख्य – मुख्य विशेषतालाई केलाउनुहोस् ।

3. हरिभक्त कटुवालका काव्यिक प्रवृत्तिबारे अध्ययन प्रस्तुत गर्नुहोस् ।

4. नेपली कविताका मुख्य – मुख्य कविहरूका कृतिहरूको सर्वेक्षण गर्नुहोस् ।

5. हरिभक्त कटुवालका विविध कृतिहरूलाई सबिस्तार सर्वेक्षण गर्नुहोस् ।

6. आधुनिक कालका नेपाली कविताको विकासमा हरिभक्त कटुवालले पुराएको योगदानलाई चर्ता गर्नुहोस् ।

7. हरिभक्त कटुवालका लेखन शैलीबारे विवेचना प्रस्तुत गर्नुहोस् ।

.8 हरिभक्त कटुवालका खण्डकाव्यहरूलाई विश्लेषण गर्दै उनका खण्डकाव्यकारीतालाई प्रकाश पार्नुहोस् ।

9. हरिभक्त कटुवाललाई गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूलाई अध्ययन गर्नुहोस् ।

.10 हरिभक्त कटुवालका काव्यिक वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 6.7 अतिरिक्त अध्ययन

.1 त्रिपाठी, बासुदेव - **नेपाली कविताको सिँहावलोकन ।**

2. जोशी, रत्नध्वज – **आधुनिक नेपाली साहित्यको झलक ।**

3. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**

4. श्रेष्ठ, रमेश – **नेपाली कविताको प्रवृत्ति ।**

5. प्रधान, राजनारायण – **पन्ध्र प्रसिद्ध पूरूष ।**

6. राई, असित – **भारतीय नेपाली साहित्यको इतिहास ।**

7. न्यौपाने, श्रीराम - **नेपाली कविता उपन्यास र कथा** ।

8. शेर्पा, सोनाम – **नेपाली कविताको आरेख** ।

9. रिसाल, राममणि – **नेपाली काव्य र कवि** ।

10. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

11. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।

12. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

13. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

14. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।

15. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

16. राकेश, रामदयाल – **नेपाली साहित्य : विभिन्न आयाम** ।

17. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

18. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

19. आले, हरेन – **नव आधुनिक नेपाली कविता** ।

20. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

21. उप्रेती, सञ्जीव –- **सिद्धान्तका कुरा** ।

22. त्रिपाठी, बासुदेव र अन्य (सम्पा.) – **नेपाली कविता**, भाग – ४ ।

यस अतिरिक्त हरिभक्त कटुवाल बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन ।

## 6.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

Notes

1. कवि हरिभक्त कटुवालको साहित्यिक परिचय ।

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

2. हरिभक्त कटुवालका साहित्यिक कृतिहरू ।

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

3. भित्रि मान्छे बोल्न खोज्छ कविता सङ्ग्रह ।

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

4. यो जिन्दगी खै के जिन्दगी कविता सङ्ग्रह ।

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

5. बदनाम मेरा यी आँखाहरू र सुधा खण्डकाव्य ।

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3.3 र 6.3.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

# एकाइ – ७, हरिभक्त कटुवालको जीवन र दर्शन

**संरचना**

7.0 उद्देश्य

7.1 परिचय

7.2 हरिभक्त कटुवालको जीवन

7.2.1 जन्म तथा मृत्यु

7.2.2 परिवार

7.2.3 शिक्षा – दिक्षा

7.2.4 पेशा, सेवा तथा संलग्नता

7.3 हरिभक्त कटुवालको कृतिगत दर्शन

7.4 उपसंहार

7.5 सार

7.6 अनुशीलनी

7.7 अतिरिक्त अध्ययन

7.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- हरिभक्त कटुवालको साहित्यिक परिचय
- हरिभक्त कटुवालको जीवन
- जन्म तथा मृत्यु
- परिवार
- शिक्षा – दिक्षा
- पेशा, सेवा तथा संलग्नता
- हरिभक्त कटुवालको कृतिगत दर्शन

## 7.1 परिचय

हरिभक्त कटुवाल नेपाली साहित्य जगतका एक मूर्धन्य कवि तथा गीतकार हुन् । वि. सं. १९९२ साल असार १८ गते भारतको आसाममा जन्मिएका उनी तीसको दशकका चर्चित कवि तथा गीतकार हुन् । उनको बुबाको नाम वीरबहादुर कटुवाल र आमाको नाम विष्णुमाया कटुवाल हो । वि. ए. सम्म अध्ययन गरेका उनको वास्तविक नाम हुमबहादुर कटुवाल हो । उनको वि. स. २०३७, भदौ २५ गते भारतको डिब्रुगढ, असममा निधन भएको थियो ।

कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो । कवि हरिभक्त कटुवालके **सम्झना** (वि. सं. २०१६), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. २०१८), **यो जिन्दगी खै के जिन्दगी ?** (वि. सं. २०२९), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. २०४४) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. २०२१) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. २०२०), **स्पष्टीकरण** (वि. सं. २०३०) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. २०२१) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।

हरिभक्त कटुवाल नेपाली साहित्य जगतका एक मूर्धन्य कवि तथा गीतकार हुन् । जनमुखी साहित्य सिर्जना गर्ने स्वाभिमानी कवि हरिभक्त आफ्नो कित्तामा अत्यन्त सजग, स्वविवेकी र निर्लोभी कविका रूपमा स्वणर्ाक्षरले लेखिएका व्यक्तित्व हुन् । आम पाठकलाई सुरुचीपूर्ण सिर्जना दिन सक्ने सरल कवि हुन् । भाषालाई दुरुह, भद्दा र किलष्ठबाट जोगाउन उनले सरल र छोटा मीठा सिर्जना गर्ने एउटा गतिलो धारको निर्माण गरे । प्रवासी नेपाली भएर नेपाली साहित्यमा हरिभक्तले लगाएको गुण नेपाली कविता प्रेमी र पाठकहरूले कदापि चुक्त गर्न सक्दैनन् । सेवा गर्ने त मेवाको आश नगर्ने कवि कटुवाल आसामको डिवु्रगढ भन्ने ठाउँमा जन्मिएका थिए । सङ्खुवासभा जिल्लाबाट उनका पूर्वज भारतको आसाममा बसाई सरेका थिए ।

## 7.2 हरिभक्त कटुवालको जीवन

### 7.2.1 जन्म तथा मृत्यु

सेवा गर्ने त मेवाको आश नगर्ने कवि कटुवाल आसामको डिवु्रगढ भन्ने ठाउँमा जन्मिएका थिए । हरिभक्त कटुवालको जन्म १९३५, जुलाई २ तारिक तथा असार

१८ गते वि. सं. १९९२ मा आसाममा राज्यमा वीरबहादुर कटुवाल र विष्णुमाया कटुवालको छोरोको रूपमा भएको थियो। कटुवाल नेपाली साहित्यमा कवि, खण्डकाव्यकार र गीतकारको रूपमा परिचित छन् । उनको वि. स. २०३७, भदौ २५ गते भारतको डिब्रुगढ, असममा निधन भएको थियो ।

मूलरूपमा सङ्खुवासभा जिल्लाबाट उनका पूर्वज भारतको आसाममा बसाई सरेका थिए । हरिभक्त कटुवाल नेपालबाट असम फर्के पछि १० सेप्टेम्बर १९७९ (वि.सं. २०३७ भदौ २५ गते) ४५ बर्षको उमेरमा अल्सरको कारणबाट मृत्यु भयो । वि. सं. २०३७ साल जेठमा आसाममा बाबुको निधन भएको खबरले आसाम गएका कवि कटुवाल अन्ततः पुनः नेपाल फर्किएनन् । त्यसको ठीक तीन महिनापछि अर्थात् २०३७ साल भदौ २५ गते कवि हरिभक्त कटुवाल निधन भएको खबरले सम्पूर्ण नेपाली साहित्यप्रेमीको मन कुँडियो उक्त खबरले एउटा कालजयी गीतकार, जनप्रेमी कविताका लोकप्रिय स्रष्टा र मृदुभाषि स्वरका धनी व्यक्तित्व नेपाली साहित्यले सदाका लागि गुमाउनु पर्यो ।

## 7.2.2 परिवार

उनको बुबाको नाम वीरबहादुर कटुवाल र आमाको नाम विष्णुमाया कटुवाल हो । विवश थिए बीरबहादुर कटुवाल आफ्नो श्रीमती र छोरा हरिभक्त कटुवाललाई बिरालोले बच्चा सारेजस्तो कहिले यता, कहिले उता सारिहिँड़े । कटुवालले असमकै सनकसिंह ठकुरी र माया ठकुरीकी छोरी जयकुमारीसँग बिहे गरे । यी दम्पतिबाट तीन छोरी र एक छोरा जन्मे । त्यसपछि स्वास्नी, छोराछोरी हुर्काउन, पाल्न यिनी क्रियाशील भए ।

## 7.2.3 शिक्षा – दिक्षा

वि. ए. सम्म अध्ययन गरेका उनको वास्तविक नाम हुमबहादुर कटुवाल हो । कटुवाल जन्मेको डेढ बर्ष हुँदा बह्मपुत्र नदीमा आएको बाढीले उनको घर डुवायो । त्यसपछि कटुवालको परिवार घरबिहीन बन्यो र गेरगेरीबाट बोगिविल बसाइँ सरेका थिए । त्यति मात्र होइन, त्यो घरमा सँधैभरि आर्थिक हाहाकारको बादल मड़ारिरह्यो । विवश थिए बीरबहादुर कटुवाल आफ्नो श्रीमती र छोरा हरिभक्त कटुवाललाई बिरालोले बच्चा सारेजस्तो कहिले यता, कहिले उता सारिहिँड़े । तर, यो सायदै दैवको परीक्षा थियो, तिनीहरू जतासुकै गए पनि आर्थिक अभावको बादल तिनीहरू माथिनै मड़ारिरह्यो । त्यतिखेरदेखिको त्यो अवस्था पछिसम्मै

रहिरह्यो । आर्थिक अभावको खाड़ल झन् ठूलो, झन् ठूलो हुँदै गइरह्यो, घटेन, सानो भएन। यद्यपि, बीरबहादुर कटुवालले छोरालाई अक्षर चिन्हाउनुपर्छ भन्ने कुरा बिर्सेनन् । यस्तो स्थितिमा पनि तिनले छोरालाई स्थानीय स्कूलमै भए पनि पढ्न पठाए । कटुवालले स्थानीय स्कूलमै क, ख पढ़े । असमिया भाषामै स्कूले शिक्षा ग्रहण गरेका कटुवालले कक्षा १० को बोर्ड परीक्षा उत्तीर्ण गरे ।

## 7.2.4 पेशा, सेवा तथा संलग्नता

कटुवालमा वाड्मयको बहुआयमिक प्रतिभा थियो । त्यसताकको कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरे । उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाड्की नाटक खेल्ने र खेलाउने प्रथाका जग पनि खनेका थिए । उनको कलम सबै विधामा बराबर चलेको छ, यसले तिनलाई बहुआयामिक साहित्यकार बनाइदिएको छ भन्दा अत्युक्ति नहोला । कटुवालको एउटा नराम्रो बानी थियो, त्यसैले तिनी जता गए पनि अन्ततः हारेरै फर्कन्थे । त्यसैले हो तिनको स्कूलको जागिर पनि गयो । एकचोटि तिनी हेल्थ इन्सपेक्टर भए, तर त्यो जागिर पनि गयो ।

सब्जी ब्यापार र परदेशी होटल खोलेर जीवन धान्ने कवि कटुवालले आफ्नै बुताले साँस्कृतिक कार्यक्रम र साहित्यिक गोष्ठीहरूको आयोजना गरिरहन्थे । उनको हरेक सास फेराईमा वाड्मय हुन्थ्यो । त्यसैले उनको भोकतीर्खै वाड्मयमा नै समर्पित थिए । त्यसैबेला उनैको सम्पादनमा मूक्ति र हिमालय साहित्यिक पत्रिका प्रकाशित भए । त्यसबेला उनी नेपाली साहित्य, सड्गीत र पत्रकारिताका क्षेत्रमा सुप्रसिद्ध भइसकेका थिए । त्यही रौनकले उनको सर्वत्र चर्चा र परिचर्चा पनि हुन थालेको थियो । वि. स. २०२४ सालमा नेपालमा राष्ट्रव्यापी साहित्य सम्मेलन भएको समय त्यस सम्मेलनमा असमबाट हरिभक्त कटुवालले भाग लिएका थिए । त्यतिबेला केदारमान व्यथितले उनलाई काठमाडौं आउने निम्ता दिएका थिए । पछि वि. सं. २०२६ सालमा उनी असमबाट काठमाडौं गए।

केदारमान व्यथितले स्थापना गरेको नेपाली साहित्य संस्थानमा पनि कटुवाललाई सचिव बनाइएको थियो । त्यस ठाँउमा साहित्यिक व्यक्तिहरूसँग कटुवाल रक्सी खाई बस्थे। रत्नशमशेर थापाका अनुसार रक्सी खाएर मातेका बेला एकपटक कटुवालले भूपी शेरचनको लुगानै च्यातिदिएका थिए । तर यसरी मदीराको सेवन

गरे तापनि उनको जीवनको विशेषता भने इमान्दारी थियो । जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए ।

त्यसपछि पनि उनले उच्चतर माध्यमिक पढ्न चाहेका थिए, तर पार लगाउन सकेनन्। किनभने उनले उच्चतर माध्यमिक पढ्दापढ्दै डिगबोईको नेपाली स्कूलमा पढ़ाउन थाले। त्यो उनको वाध्यता नै थियो। स्कूल नपढ़ाएर पनि घरको भारमा काँध थाप्नुपर्ने स्थिति थियो र भनौंनै भने त यो उनको निम्ति एउटा अवसर थियो। तिनले अवसर आत्मसात गरे। त्यो स्कूलमा उनी चित्र अनि खेलकूदको गुरू थिए। त्यसैबेला उनले आफ्ना विद्यार्थीलाई नृत्य र सङ्गीत पनि पढ़ाए। बड़ो गर्वको कुरा, उनले त्यहाँ सोरठी नृत्यको पनि प्रचलन गराए।

उनैका कारणले त्यो ठाँउमा सोरठी नृत्यले पनि लोकप्रियता हासिल गरेको थियो। डिगबोईको विष्णुमन्दिर समितिमा उनले पढाएका विद्यार्थीहरूले पछि नृत्य र गायनमा ख्याति कमाएका थिए। यसको एउटा अलग्गै अध्याय छ। उनले जेसुकै गरे पनि उनको प्रतिभा स्फूरण हुनमा कसै, केहीले रोकेन। कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो। त्यसताकको कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरे। उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाङ्की नाटक खेल्ने र खेलाउने प्रथाका जग पनि खनेका थिए। उनको कलम सबै विधामा बराबर चलेको छ, यसले तिनलाई बहुआयामिक साहित्यकार बनाइदिएको छ भन्दा अत्युक्ति नहोला।

कटुवालको एउटा नराम्रो बानी थियो, त्यसैले तिनी जता गए पनि अन्ततः हारेरै फर्कन्थे। त्यसैले हो तिनको स्कूलको जागिर पनि गयो। एकचोटि तिनी हेल्थ इन्सपेक्टर भए, तर त्यो जागिर पनि गयो। यहाँसम्म कि, केही सीप नचलेर तिनले एकचोटि सब्जी पसल पनि थापे। तर अन्तमा, यसमा पनि तिनी टिकेनन्। तिनको यही नटिक्ने बानी अथवा चञ्चले स्वाभावले गर्दा तिनको यो स्थिति भएको थियो। निक्कै क्रियाशील भएर तिनले सब्जीको व्यापार गरेका हुन्। सब्जी ब्यापार गर्दा तिनी मिर्मिरेदेखि रातिसम्म सब्जीमण्डीमानै पलैंटी कसेर बस्थे। तरकारी व्यापारमा पनि उनी टिकिरहन सकेनन् र अर्को व्यवसायको खोजिमा लागे। परिणामस्वरूप उनले परदेशी होटल खोले। उनको होटलमा पनि उधारो भात खानेको जनसंख्या बढ्न थाल्यो। अनि होटल सुकेनासझैं गल्न थालेपछि उनले त्यस ठाँउबाट पनि आँसुले हात धोए। यतिहुँदाहुँदै पनि उनी साहित्य र संस्कृति

गतिविधिमा लागि बस्थे। कटुवालले आफ्नै बुताले साँस्कृतिक कार्यक्रम र साहित्यिक गोष्ठीहरूको आयोजना गरिरहन्थे। उनको हरेक सास फेराईमा वाड्मय हुन्थ्यो। त्यसैले उनको भोकतीर्खे वाड्मयमा नै समर्पित थिए। त्यसैबेला उनैको सम्पादनमा मूक्ति र हिमालय साहित्यिक पत्रिका प्रकाशित भए। त्यसबेला उनी नेपाली साहित्य, सङ्गीत र पत्रकारिताका क्षेत्रमा सुप्रसिद्ध भइसकेका थिए। त्यही रौनकले उनको सर्वत्र चर्चा र परिचर्चा पनि हुन थालेको थियो।

## 7.3 हरिभक्त कटुवालको कृतिगत दर्शन

सरल शब्दमा मीठा मीठा गीत र कविता रचना गर्न सक्ने कटुवाल आधुनिक नेपाली कविताका तेस्रो चरण प्रयोगवादी धाराका प्रखर कालमा देखिए पनि आधुनिक नेपाली कविताको चौथो चरण समसामयिक धाराका केन्द्रीय कविका रूपमा सुपठीत छन् । कटुवालको कविता पनि निक्कै पठनीय छन् । नेपाली कविताप्रेमीहरूलाई हरिभक्त कटुवाल भन्ने नाम उच्चारण गर्नासाथ 'यो जिन्दगी खै के जिन्दगी ? भन्ने कविताको स्मरण हुन्छ । पाठकस्रोताप्रति अति उत्तरदायी कविका रूपमा सुविख्यात कटुवाल अत्यन्त अस्तव्यस्त जीवन गुजारा गर्दासमेत तत्कालीन राजा महेन्द्रबाट दिइएको जागिरलाई अस्वीकार गरिदिएका थिए । महेन्द्रले प्रज्ञा प्रतिष्ठानमा जागिरको प्रस्ताव गर्दा कवि कटुवालले एकेडेमीमा जागिर खानुभन्दा लेकाली भान्सा घरको भानसे हुनु वेस । भन्ने आठै जवाफ फर्काइदिएका थिए । तथापि महेन्द्रले पुनः उनलाई जग्गा दिने लोभ पनि नदेखाएका होइनन् तर उनले सरकार कविले हलो जोत्नु कि कलम घोट्नु ? भनेर महेन्द्रले राखेको जग्गा दिने प्रस्ताव समेत स्वीकारेनन् ।

तत्कालीन राज्यव्यवस्थाका कडा आलोचक कटुवाललाई राज्यबाट देखाइएको कुनै प्रलोभन स्वीकार्य भएन । उनी त राजनीतिक परिवर्तनका लागि सडक कविता आन्दोलन मार्फत् जनतामा तत्कालीन व्यवस्थाप्रति खरो उत्रन सङ्गठित भए । आर्थिक अभावले दैनिक गुजारा चलाउन हम्मे हम्मे भएका कटुवाल अन्ततः रक्सीका अत्याधिक अम्मली भएर निस्के । उनको नशामोह नेपाली साहित्यमा निक्कै चर्चित छ । उनको 'भित्रीमान्छे बोल्न खोज्छ कविता सङ्ग्रह', 'सम्झना गीत सङ्ग्रह', 'सुधा खण्डकाव्य', 'पूर्व किरण कविता सङ्ग्रह', 'यो जिन्दगी खै के जिन्दगी ?' र मृत्युपश्चात् 'बदनाम मेरा आँखाहरू' गीति कविता सङ्ग्रह प्रकाशित छन् ।

जनमुखी साहित्य सिर्जना गर्ने स्वाभिमानी कवि हरिभक्त आफ्नो कित्तामा अत्यन्त सजग, स्वविवेकी र निर्लोभी कविका रूपमा स्वणर्ाक्षरले लेखिएका व्यक्तित्व हुन् । आम पाठकलाई सुरुचीपूर्ण सिर्जना दिन सक्ने सरल कवि हुन् । भाषालाई दुरुह, भद्दा र किलष्ठबाट जोगाउन उनले सरल र छोटा मीठा सिर्जना गर्ने एउटा गतिलो धारको निर्माण गरे । प्रवासी नेपाली भएर नेपाली साहित्यमा हरिभक्तले लगाएको गुण नेपाली कविता प्रेमी र पाठकहरूले कदापि चुक्त गर्न सक्दैनन् । सेवा गर्ने त मेवाको आश नगर्ने कवि कटुवाल आसामको डिवु्रगढ भन्ने ठाउँमा जन्मिएका थिए ।

कटुवाल सङ्खुवासभा जिल्लाबाट उनका पूर्वज भारतको आसाममा बसाई सरेका थिए । २०३७ साल जेठमा आसाममा बाबुको निधन भएको खबरले आसाम गएका कवि कटुवाल अन्ततः पुनः नेपाल फर्किएनन् । त्यसको ठीक तीन महिनापछि अर्थात् २०३७ साल भदौ २५ गते कवि हरिभक्त कटुवाल निधन भएको खबरले सम्पूर्ण नेपाली साहित्यप्रेमीको मन कुँडियो उक्त खबरले एउटा कालजयी गीतकार, जनप्रेमी कविताका लोकप्रिय स्रष्टा र मृदुभाषि स्वरका धनी व्यक्तित्व नेपाली साहित्यले सदाका लागि गुमाउनु पर्यो ।

कविताले प्रख्यात र मदिराले कुख्यात भएका कवि थिए, हरिभक्त कटुवाल। उनले मञ्चमा उभिएर कविता सुनाउन थालेपछि यो कवि पियक्कड हो भन्ने कुरा सारा श्रोताले बिर्सिदिन्थे। अभिव्यक्तिका सम्पादक नगेन्द्रराज शर्मा ०२७ सालमा झापामा कवि केदारमान व्यथितको पहलमा भएको एउटा बृहत् साहित्यिक सम्मेलनको स् मरण गर्छन्। त्यस सम्मेलनमा नेपालभित्रका मात्र होइन, भारतका विभिन्न क्षेत्रका नेपाली कविहरूको पनि सहभागिता थियो। त्यस मञ्चमा एक कविले कविता पाठ गर्दै 'मैले जन्मिँदै आमाको लाम्टा चुसेँ, त्यसपछि लेमनचुस चुसेँ, चकलेट चुसेँ। यसरी चुस्दाचुस्दै जवान भएर आफ्नै रगत चुसेँ' भनेर सर्ट च्यातेर कुर्कुरे छाती देखाइदिए अनि झन्डै एक मिनेटसम्म श्रोताले नबिसाई ताली बजाए।

यसरी नेपाली साहित्यिक जमातमा पहिलोपटक हरिभक्तको परिचय भयो। उनको कविताबाट प्रभावित भई कवि व्यथितले उनलाई तत्कालीन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानमा जागिर दिए। त्यसको केही समयपछि तिनै व्यथितलाई तथानाम गाली गर्दै राजीनामा दिएर उनी सडकमा हल्लिन थाले। तर, कवितालाई भने उनले रक्सीजत्तिकै माया गरिरहे। ०३६ सालमा जनमतसंग्रहको घोषणापछि

बहुदलको समर्थनमा भएको 'सडक कविता क्रान्ति'का एक नायक थिए कवि हरिभक्त।

लामो समय संगत गरेका आख्यानकार अविनाश श्रेष्ठ भन्छन्, "कवि हरिभक्त कटुवाल जति राम्रो कविता लेख्थे, त्यति नै खराब मदिरापान गर्थे।" उनले आसाममा हुँदा आफ्ना कविताबाट मानिसको मनमा जुन छाप छोडे, मातिएर भाँडभैलो गर्दै बिस्तारै त्यो छाप मेट्दै गए। अघिल्लो राती मातिएर तथानाम गाली गरेको मानिसलाई भोलिपल्ट भेटेर उनी विनम्रतापूर्वक माफी माग्थे र त्यही रात फेरि मातेर त्यसैलाई गाली गर्दै हिँड्थे। उनी बोतलबाट गिलासमा मदिरा खन्याएभन्दा छिटो गीत र कविता सिर्जना गर्थे। आसामकी गायिका आरती नेवारले हरिभक्त कटुवाल विशेषांकमा एउटा प्रसंग उल्लेख गरेकी छन्। प्रसंग अनुसार उनकी बहिनी भारतीले हरिभक्तलाई गुवाहाटी रेडियोमा रेकर्ड गर्न एउटा गीत लेखिदिन आग्रह गरिछन्।

कवि हरिभक्तले भनेछन्, 'तिमी मेरोअघि हँसिलो अनुहार पारेर बसिरहू, म तुरुन्तै गीत लेखिदिन्छु।' नभन्दै भारती कटुवालका अघि मुस् कान छरेर बसिरहिन् अनि हरिभक्तले गीत लेख्न थाले। यसरी तत्काल जन्मियो, 'पोखिएर घामको झुल्का भरी सँघारैमा, तिम्रो जिन्दगीको ढोका खोलूँ खोलूँ लाग्छ...।' यही गीत पछि अम्बर गुरुङको संगीत र नारायणगोपालको स्वर पाएर अजम्बरी भयो। अविनाशका अनुसार हरिभक्त दक्ष शिक्षक थिए आसामका। उनका हस् ताक्षर सुन्दर मात्र थिएनन्, आफ्ना विद्यार्थीका पनि सुन्दर हस्ताक्षर बनाउन सफल भए। "मलगायत धेरै विद्यार्थीका हस् ताक्षर सुन्दर मात्र छैनन्, हरिभक्तकै फोटोकपी हुने खालका पनि छन्," अविनाश भन्छन्, "हरिभक्त पाठ्यपुस्तक लेख्नमा पनि सिपालु थिए।" उनले लेखेका धेरै पाठ्यपुस्तक आसामका विद्यालयमा पढाइ हुन्थे।

बेलाबेला हरिभक्त आफ्नो भाँचिएको माथिल्लो दाँत देखाउँदै भन्थे, "यो क्रिकेट खेल्दा भाँचिएको हो।" उनी त्रिकेटका क्रेजी मात्र होइन, वास्तवमै आफ्ना समयका राम्रा खेलाडी थिए। उनी क्रिकेटको टुर्नामेन्ट हुँदा रेडियो कानमा थापेर दिनभरि कमेन्ट्री सुनेर बिताउँथे। तर, रेडियो उनको हुँदैनथ्यो र त्यो रेडियो जसको हो, त्यसलाई फिर्ता पनि हुँदैनथ्यो। अविनाश श्रेष्ठले आसाममा र किशोर कुँवरले काठमाडौँमा कमेन्ट्री सुन्न दिएको रेडियो हरिभक्तले फिर्ता नगरेको उल्लेख गरेका छन्।

केदारमान व्यथितले स्थापना गरेको नेपाली साहित्य संस्थानमा पनि कटुवाललाई सचिव बनाइएको थियो। अनि त्यस ठाँउमा साहित्यिक व्यक्तिहरूसँग कटुवाल रक्सी खाई बस्थे। त्यतिबेला उनीसँग साँगी लाग्न घरीघरी भूपी शेरचन र ईश्वरवल्लभ पनि पुग्नेगर्थे। रक्सी खाएका बेला कटुवाल निहुँमात्रै खोज्थे। त्यसैले बिजुली खाएका बेला उनका छेउ स्रष्टाहरू प्रायः जान मान्दैन थिए। रत्नशमशेर थापाका अनुसार रक्सी खाएर मातेका बेला एकपटक कटुवालले भूपी शेरचनको लुगानै च्यातिदिएका थिए। धेरै ठेस लागेपछि कटुवालले जीवन बुझ्दै गए। उनको जीवनको विशेषता हो, उनी इमान्दार थिए। जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए। यस्तो राम्रो मान्छे पनि जिन्दगीमा सफलता नपाएर रक्सीमा डुब्नथाले। तर त्यही रक्सीले उनलाई डुबाइदियो।

20 वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्रपत्रिकामा छपाउन थालेका हुन्। लेख्तालेख्तै यिनले काठमाडौं जाँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर गएका थिए। काठमाडौं गएपछि उनले ‘यो जिन्दगी खै के जिन्दगी’ प्रकाशनमा ल्याए। त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पुऱ्यायो। त्यसपछि उनले कथासङ्ग्रह ‘स्पष्टिकरण’ प्रकाशित गरे। अनि उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा ‘बदनाम मेरा यी आँखाहरू’ प्रकाशनमा आयो। त्यस कृतिमा पनि उनका कलजयी गीतिकविता सङ्ग्रहित भए। उनका धेरै कविताहरू गीत बनेका छन्, कर्णप्रिय।

नेपालमा लाग्नुभन्दा पहिले हरिभक्त कटुवाल आफूलाई प्रवासी भन्दथे । आफ्नो नामसित प्रवासी उपनाथ जोड्दथे । हरिभक्त कटुवाल नेपालमा प्रवेश गरेका थिए । नेपाल प्रवेश गर्नासाथ उनले आफ्नो नामसित जोडिएको उपनाथ प्रवासी हटाएका थिए । उनी हरिभक्त कटुवाल “प्रवासी” - बाट हरिभक्त कटुवाल भएका थिए । वास्तवमा हरिभक्त नेपाल पस्दा त्यतिबेला प्रेमलाल जैसी र दोस्रो विश्वयुद्धताक बर्माबाट भागा - भागमा पर्दा हराएकी बयोबृद्ध आमा एकजना छोरासित नेपालको कलैयातिर छन् भन्ने खबर पाएर उनलाई सोध्दै खोज्दै भेट्न हिंडेकी उनकी सासुसित नै कलैया नजिककै एउटा गाउँ भएर माघे सक्रन्तिको दिनमा त्रिभुवन राजमार्ग हुँदै काठमाण्डौमा पुगेका थिए । त्यतिबेला हरिभक्त कटुवाल प्रज्ञा प्रतिष्ठानमा जागिरे थिए । माघ ३ गते २०२७ सालको कुरा । साहित्य परिषद्को कार्यालय तथा साहित्य परिषद् कृष्णचन्द प्रधानहरूले स्थापित गरेको साहित्यिक संस्थामा हरिभक्त कटुवाल पनि यस संस्थामा संलग्न थिए ।

Notes

यसले साहित्यिक पत्रिका पनि प्रकाशित गर्दथ्यो । जहाँसम्म मलाई संझना छ यस संस्थाको कार्यालय हालको विशाल बजारको नजिकै थियो । हामी बसेको मारवाडी सेवा समितिकै नजिक थियो । वि. सं. २०२७ साल माघ ४ गते बिहान पहिलो पल्ट हरिभक्त कटुवाललाई साहित्य परिषद्को कार्यालयमा आँउदा उनी शान्त र गंभीर मुद्रामा थिए । उनको बोली बिनम्र र शिष्ट थियो । उनी कसैसित अत्यन्त शालिन तरिकाले कुराकानी गर्ने गर्थे । उनमा कुनै आवेश थिएन । आक्रोश थिएन । उनी आफ्नो जीवनमा ठूलो तूफान पछि शान्त बनेको समुन्द्र जस्ता देखिन्थे । ठूलो सुनामी पछि शान्त बनेका सागर जस्तो देखिन्थे । निश्चित रुपमा कवि हरिभक्त कटुवालमा शिरदेखि पाउसम्म कवि व्यक्तित्व झल्किन्थ्यो । त्यतिबेला शिलाङबाट नेपाली साहित्य परिषद्ले प्रकाशित गर्ने त्रैमासिक साहित्यिक पत्रिका **मादल**को सम्पादक, प्रधान सम्पादक थिए प्रा. गोपीनारायण प्रधान । हरिभक्त कटुवाललाई मादलको लागि कुनै एउटा रचना उपलब्ध गराइदिन अनुरोध गर्दा उनले तुरुन्त टेबुलमा बसेर न्युजप्रिन्टको एउटा सानो चिर्कटोमा मैरै सामुन्ने एउटा कविता लेखेर दिने गर्थे । उनले लेखेको कविताको शिर्षक थियो - साथीलाई । कविता यस्तो थियो –

**साथीलाई**⁄

**म तिमीसंग हुँदा खोई मादल नै त्यहाँ घन्केन.**
**नत्र नाचिदिन्थें धक फुकाएर ,**
**ननाचेको त होइन बिना मादल पनि**
**तर ताल मिलाउन कहिल्यै सकिनं**
**र आज त्यहाँ मादल घन्कंदै छ भन्ने सुन्दा**
**मलाई लाग्छ – म फेरि फर्कुं एक फन्को नाचिदिन ।**

हरिभक्त कटुवालले यी सुन्दर हरपले उनको सम्पूर्ण जीवनको कथा बोले जस्तो लाग्यो मलाई । उनको इतिहास बोले जस्तो लाग्छ । वास्तवमा हरिभक्त कटुवालको भावना चाहना आत्मा बिचार र दर्शन नै बोलेको जस्तो लाग्छ । यो कविता मादलको पहिलो घन्काइ मा ( १९७१ ) प्रकाशित गरेका थियो। आज हरिभक्त कटुवाल हामीबीच छैनन् । तर पनि उनले आफ्नै हातले मैरै आँखा अगाडि माघ ४ गते २०२७ सालमा सामन्य न्युज प्रिन्टको चिर्कटोमा लेखेको यो कविता अझसम्म जीवीत र कालजयी छ । यस चिर्कटोले कतिपय

साहित्यकारलाई काठमाण्डौमा हरिभक्त कटुवालसित भएको पहिलो भेटको संझना गराइरहन्छ । यस कविताको चर्चा मैले काठमाण्डौबाट प्रकाशित हुने साप्ताहिक समाकालीनमा गर्दा यस कविताको चर्चाले हरिभक्त कटुवालकी बहिनीलाई रुवाएछ । उनले यस कविताको हस्ताक्षर हेर्न खोजिछन् । चाहिछन् । यो कुरा त्यतिबेला गोरखापत्रमा काम गर्ने हरिभक्त कटुवालका बहिनी ज्याईं बलराम थापाले बताएको थियो । हरिभक्त कटुवालले प्रज्ञा प्रतिष्ठानमा बोलाएर धेरै नै प्रख्यात साहित्यकारहरूसित अन्य साहित्यकारहरूलाई तथा युवा लेखकहरूलाई साक्षात्कार पनि गराउने गर्थे ।

ती साहित्यकारहरूसित हरिभक्तले भेट र परिचय गराएउने गर्थे । उनले पहिलो जोशी रत्न पल्ट., माधवप्रसाद घिमिरे, केदारमान व्यथित, सूर्य बिक्रम ज्ञवाली, लेनसिङ बाङ्देल, जगदीश घिमिरे आदिसित भेट गराएको विभिन्न साहित्यकारहरूले बताएका छन् । चर्चित गीतकार हरिभक्त कटुवालको बारेमा निकै चर्चा गरिएको छ । उसो त नेपाली साहित्यिक क्षेत्रमा हरिभक्त कटुवालको जीवनी तथ व्यक्तित्व विभिन्न विवादस्पद घटनाहरूले गर्दा चर्चामा रहने गर्दछ । जीवनमा सधै अव्यवहारिक र असामान्य बनेका हरिभक्त कटुवालले स्वयम् आफूले आफ्नो जीवन जहिले पनि विवादस्पद र दयनीय बनाइरहे । नेपाली सांगीतिक क्षेत्रमा चर्चित गीत 'मलाई नसोध कहाँ दुख्छ घाउ' जस्ता जीवन्त गीत लेखी चर्चामा आएका उनी उनको वास्तविक जीवन अत्यन्त पीडादायी, असन्तुलित र विचलित बनिरह्यो । आसामबाट हरिभक्त कटुवाल काठमाडौँ जागिरको सिलसिलामा आएका थिए । यहाँ उनी विभिन्न साहित्यिक संघसस्थामा कार्यरत रहे । विशेषतः हरिभक्तलाई पियक्कड भएको कुरा र आर्थिक कारोवारमा कमजोर भएको कुरा राखेका छन् । हरिभक्तसँगको एउटा अत्यन्त रोचक घटना बालाजुको पिकनिकको राखेका छन् भने अर्को नयाँसडकको एउटा घटनामा प्रस्तुत गरेका छन् ।

नयाँसडकको घटनामा हरिभक्त कटुवालले मदिरा निकै पिएर लडखडाउँदै नयाँसकडको पेटीमा उभिएका हुन्छन् र के के बरबराउँदै हुन्छन् । उनका वरिपरि मानिसहरू झुम्मिएका हुन्छन् । हरिभक्त कटुवाललाई यो अवस्थामा देखेपछि तर्कन खोज्छन् तर पनि हरिभक्तले देखिहाल्छन् र भाग्ने अवस्था नभएपछि उनलाई ट्याक्सीमा हाली डेरा पुर्याउने विचार गर्छन् तर कुनै ट्याक्सीवालले लान नमानेपछि उनले एउटा ट्याक्सीवाललाई 'भाइ म पोखिएर

घामको झुल्को' गीत लेख्ने गीतकार हुँ भनेपछि लान मानेको रोचक प्रसङ्ग यहाँ उल्लेख गरेका छन् । यसरी हरिभक्तले आफ्नो जीवन आफूलाई मात्र बोझिलो नबनाई परिवारलाई पनि बोझिलो बनाएका थिए । अन्तमा उनी टिवीरोगबाट ग्रस्त भई यो संसारलाई नै छोड्न पुग्छन् ।

हरिभक्त कटुवालको वास्तविक जीवन दर्शनलाई बुझ्नका निम्ति उनले इश्वर बल्लभसित गरेको कुराकानीलाई एक पल्ट सरसर्ती नहेर हुँदैन । उनीहरू यसरी कुरा गर्थे –

एक समय इश्वर वल्लभले "हरि, तिमीलाई मैले चिनेको अहिले होइन, दुई–तीन दशक बितिसकेका छन् । पहिलो चिनारी व्यक्तिगत नभए तापनि आसामबाट उडेर आएर दार्जिलिङमा पुगेको थियो र, त्यो चिनारी काव्यात्मक थियो । तिमीलाई याद छ भने यस बेलासम्म हिँडिसकेका दशकबारे आफ्नो मन्तव्य भनिदेऊ न ।" भन्दा कटुवालले यसो भनेका थिए – "साँचो अर्थमा मैले मेरो जिन्दगी यही काव्यताप्रति नै समर्पित गरेँ । तिमीलाई थाहा छ वल्लभ, साहित्य क्षेत्रमा आसाम धेरै पछि परेको छ यद्यपि आसममा हाम्रा मानिसहरूको संख्या ठूलो छ । मलाई एक प्रकारको छटपटी हुन्थ्यो, कसरी आसममा नेपाली भाषा साहित्यको राम्रो जग बसाउँ भनेर । त्यसैले सायद केही सिक्ने, केही बुझ्ने आग्रहले बेलाबेलामा म दार्जिलिङ पुग्थेँ, काठमाडौं आउँथेँ र फर्केर आसाममा गई केही गर्ने जमर्को गर्थें । हो, हाम्रो पहिलो भेट दार्जिलिङमा नै भएको हो । हामीले आफ्ना विचारहरू साटासाट गऱ्यौँ । हामीभित्रको त्यो काव्यतालाई हामीले मर्न दिएका छैनौँ । यो दुई तीन दशकभित्रमा नेपाली साहित्य जगत्मा निकै आन्दोलनहरू भए । जस्तो भन, तिमीहरूकै आयामेली आन्दोलन, मञ्जुलहरूको राल्फाली आन्दोलन, कवितारामहरूको अस्वीकृत जमात, सुरु भएर नफस्टाई त्यत्तिकै हराएको अमलेख जमात आदिआदि । कसैले भन्ला– यी आन्दोलनको उपलब्धि के त ? म भन्छु, उपलब्धि धेरै छ । यसले हाम्रा जिजीविषाहरू बढ्दै गए । लेखनशैलीमा विषयवस्तुमा नवीनता आयो ।"

वल्लभ– म एकजना साह्रै सशक्त कविलाई अझै सम्झन्छु उनी थिए, दार्जिलिङका र सम्पूर्ण प्रवासका कवि अगमसिंह गिरी । अगमसिंह गिरी आफ्नो काव्य चैतन्यमा नेपाली सोच्थे । नेपाली जाति सोच्थे । तर हरि, तिमी पनि

त्यत्तिकै सशक्तताको कवि हौ । तर, तिमीले लाक्षणिक रूपमा जहिले पनि जाति सोच्यौ । अगमले प्रष्टतया भाषाको अभिव्यक्तिमा जाति सोचे । तर, मलाई कस्तो लाग्दछ भने त्यो प्रष्टताभन्दा तिम्रो कलात्मक लाक्षणिकता ठूलो लाग्छ । तिमीलाई भन्नु केही छ ?

कटुवाल – वल्लभ, मैले सधैँ अगमलाई आफूभन्दा माथि राखेर आएको छु । जो लेख्छ, तिमीहरू मलाई मन पर्छन् । म श्रद्धा गर्दछु । आमालाई सधैँ मैले श्रद्धा गरेँ । नढाँटी भन्ने हो भने वल्लभ– 'भारती', 'गोर्खा' आदि पत्रपत्रिकामा छापिने गरेका गिरीका कविताले मलाई काव्यक्षेत्रमा ठूलो प्रेरणा दिएको छ । नेपाली साहित्यमा मेरो प्रवेश ढिलो भयो । सुरुसुरुमा मैले असमिया भाषामा कथा, कविता, निबन्ध आदि लेख्ने गरेँ । पछि अघिल्लो प्रश्नको उत्तरमा भनेझैँm आसामका नेपाली साहित्यिक दुर्दशा हेरेर बस्न सकिनँ । म ओर्लें । म जब ओर्लन्छु, आफूलाई सम्पूर्ण समर्पित गरेर ओर्लन्छु । अगमले नेपाललाई, नेपालीलाई जति माया गरे, त्यति माया अझैँm मैले गर्न सकेको छैन । उनका पंक्तिपंक्तिमा नेपाली प्रेमको प्रतिच्छवि हुन्थ्यो । उनी मोहब्बत गल्लीको तामाङ कुल्लीलाई देखेर द्रवित हुन्थे । भन्थे– पहाडी फूल सधैँ काँडामै हाँसेको हुन्छ । म मेरो कलात्मक लाक्षणिकतालाई कसरी ठूलो भनुँ वल्लभ, मलाई त तिमी मन पर्छौ । तिम्रो कलात्मक लाक्षणिकता मन पर्छ । त्यस्तै अरू धेरै–धेरैको । हामी कसले के लेख्छौँ, हाम्रो सिद्धान्त के हो, त्यो व्यक्ति–व्यक्तिमा भर पर्छ । तर, हामी लेख्छौँ, हाम्रो लेखिरहनु हामीलाई सधैँ सजग राख्ने हाम्रो बानी हो ।

बल्लभ– यार, मलाई अब एउटा कुरा, एउटा कुरा के धेरै कुरा हरिलाई सोध्न मन लाग्छ । यी पन्नाहरूमा अट्दैनन् । तर, एउटा अझै सोध्छु, तिमी आसामको गल्लीगल्लीमा, गाउँगाउँमा जतासुकै जति परिचित छौ त्यसको उपलब्धि अगमले पाएको थिएन । तिमी अगमलाई त्यसरी सम्झन्छौ । मैले कविताको कुरा गरेको, मैले भावुकताको कुरा गरेको होइन । तिमीलाई केही भन्नु छ ? कटुवाल– वल्लभ, तिमी आसाम गएका छौ । तिमीले त्यहाँ देख्यौ हौला, त्यहाँ म एकैचोटि कवि थिएँ, नाटककार थिएँ, राजनीतिक नेता थिएँ, सामाजिक कार्यकर्ता थिएँ र एउटा किसान पनि । मैले त्यहाँ प्रतिष्ठा खोजिनँ, जे गरेँ, जति गरेँ, त्यसमा मेरो कुनै घमण्ड थिएन । बनिरहेको बाटोमा हिँड्नु एउटा कुरा र बाटो बनाउँदै हिँड्नु अर्कै कुरा । सायद त्यसैले अगमसिंह गिरीले दार्जिलिङमा त्यो स्नेह पाएनन् जुन स्नेह

मैले आसाममा गल्लीगल्लीमा पाएँ । म अगमलाई मात्र त्यसरी श्रद्धा गर्दिनँ, भर्खरै नेपाली साहित्यमा देखापरेका किशोर, कणाद, विमल, अशेषहरूलाई पनि उस्तै श्रद्धा गर्दछु । किनभने उनीहरू लेख्छन् ।

वल्लभ– एउटा कुरा म भनुँ, तिमीलाई मैले एक दिन मञ्चमा कविता पढिरहेको सुनेको थिएँ, तिमीले त्यो कविता पढेको अलिअलि सम्झना छ । सायद तिम्रै किताबको शीर्षक पर्‍यो होला 'यो जिन्दगी खै के जिन्दगी' त्यस कवितामा तिमी अलिकति निराश थियौ । तर, अहिले नेपालमा तिमी छौ । यो निराशा अझै पनि तिमीसँग किन छ ? कटुवाल– सायद यस प्रश्नमा मैले भद्रपुरको मञ्चमा कविता पढेको कुरा भन्न खोज्यौ होला, होइन ? वल्लभ, मानिसको जिन्दगीमा हाँसो पनि छ र आँसु पनि छ । जिन्दगी जिउने क्रममा जब म निराश भएँ, निराशाकै कविता लेखेँ । जब आनन्दले उद्वेलित भएँ, हर्षका गीत गाएँ । म आँसु लुकाएर हाँसोको कथा कसरी लेखूँ ? टन्न गरम कपडा लगाएर, ठूलाठूला होटेलमा कफी र ड्रिंक्स खाएर 'जाडो लाग्यो पाँच पैसा' भन्ने बालकोको कविता मलाई लेख्न मन लाग्दैन । काठमाडौंका पेटीमा देखिने ती बालकहरूको भोगाइ, जाडो र भोकलाई उसबारे कविता लेख्नु छ भने मैले आत्मसात गर्नुपर्छ तिनीहरूसँग । निराश को छैन वल्लभ, यो नेपालमा, देखावटी उल्लासले के गर्छ ? हाम्रो देशको स्थिति तिमीलाई थाहा नै छ ।

छिमेकी राष्ट्रबाट दुई दिन मट्टीतेल आइदिएन भने यहाँ लाखौं अनुहार निराश हुन्छन् । आशावादी म पनि छु वल्लभ । यी असंख्य निराश व्यक्तिहरूको पंक्तिबाट आफूलाई अलग राख्न नसकेरै सायद म निराश छु । वल्लभ– तिम्रो कविता मैले पढेको छु । कुनै कवितामा तिमीले भनेका छौ सायद बिर्सिए हुँला अहिले तैपनि मलाई सम्झना छ, मट्टीतेलको टिनभित्र मट्टीतेल भएर नेपालीको लागि तिमीले पस्न कोसिस गरेका छौ । नेपाली दुःखलाई यसरी आत्मसात गर्ने कोसिस किन गर्‍यौ ? कटुवाल – म आसाममा जन्मेँ, आसाममै पढेँ, बढेँ तर कताकता त्यहाँका नेपालीको जनजीवन देख्दा मन पिरोलिन्थ्यो । अगमजस्तै मैले पनि नेपाल र नेपालीलाई धैरै माया गरेको छु । उनीहरूका प्रत्येक समस्याले मलाई नराम्रोसँग घच्घच्याएका छन् । सत्ताईस सालको कुरा हो, काठमाडौंमा मट्टीतेलको हाहाकार थियो । म के देख्छु भने मध्यदिनमै हातमा मट्टीतेलको टिन झुन्ड्याएर निस्केको मेरो घरबेटी साहू बेलुका रित्तो टिन हल्लाउँदै घर

फर्किरहेन्थ्यो । त्यस रात उसको घरमा भात पाकेन । त्यसैले मलाई लाग्यो, मेरो कविताले मट्टीतेलका समस्यासम्म समाधान गर्न सकेन । त्यसैले मलाई लाग्यो, म कवि नभएर मट्टीतेल भइदिएको भए त्यस रात त्यो भोकै बस्नुपर्ने परिवारको निकै काम लाग्थ्यो । त्यसैले मलाई हरेक नेपालीको पीडालाई आत्मसात गर्न मन लाग्छ ।

वल्लभ– मैले कताकता पढेको छु, मैले कता सुनेको छु, मेरा नेपालीहरूले भिक्टोरिया क्रस पाए रे, कसको लागि ? मेरो नेपालको लागि ? मैले सुनेको छु, मेरा नेपालीहरूले कहाँ–कहाँ बहादुरी गरे रे ? यो कसको लागि ? नेपालको लागि ? आसामको लागि ? दार्जिलिङको लागि ? तिमीलाई कस्तो लाग्छ, हामी सबै यस्तैको लागि ? कटुवाल– नेपालीहरूले भिक्टोरिया क्रस पाए, अझ भनौँ अशोध चक्र, परमवीर चक्र पाए । न ती नेपालका लागि थिए, न दार्जिलिङ र आसामका लागि थिए । थिए भने नेपालीको गरिबी र बाध्यताका लागि । नेपालीहरू गरिब छन्, त्यसैले उनीहरू विदेशी फौजमा भर्ती भई विदेशीकै लागि लडे, तक्मा पाए, बहादुरी देखाए । नभए के गरून् त ? घरमा स्वास्नीलाई आङ ढाक्ने एकजोर लुगा हालिदिने हुती थिएन । त्यसैले उनीहरू मर्न डराएनन्, विदेशी फौजमा गएर केही कमाएर ल्याउँ र आफ्नो गरिबीबाट मुक्ति पाउँm भनेर त्यता गए । स्वभावले नै नेपाली जाति आत्माभिमानी हो । तर, बाध्यताहरूको अघिल्तिर आत्माभिमान कतिन्जेल टिक्छ र ? वल्लभ– मेरो देशका कसैसित सन्धिहरू पनि छन् रे । मेरो देशको सन्धिहरूभित्र हामी सबै कमजोर छौँ रे, किन हामी अपमानित भएर पनि यो कुरा मान्छौँ । हरि, त्यस सन्धिमा न ईश्वरवल्लभ सामेल छ न कवि हरिभक्त कटुवाल सामेल छ । यसलाई परिवर्तित गर्न हामी सक्छौँ कि सक्दैनौँ ? हाम्रो गरिबी छ, हाम्रोजस्तो गरिब देश अरू पनि छन्, यहाँ नाम लिँदा लामो सूची बन्छ ।

सबैलाई थाहा छ, के तिनीहरू पनि हामीजस्तै बाध्य छन् ? कटुवाल– हेर वल्लभ, हाम्रो देशले जोसँग सीमा सन्धि गऱ्यो, तिमीहरू त्यहाँ अहिले छैनन् । अहिले त्यहाँ जुन व्यवस्था छ, त्यससँग हामीले त्यस्तो कुनै सन्धि गरेको कुरा हामीलाई थाहा छैन । मैले माथि नै भनेँ, गरिबी नेपालीको बाध्यता हो । हो, गरिब राष्ट्र धेरै छन् तर ती राष्ट्रहरूको विकासका लागि मरिमेट्ने सरकार छ, नेता छन् । ती राष्ट्रका जनता आफैँलाई उत्सर्ग गर्न तयार छन् । तर, हाम्रो राष्ट्रमा त्यस्ता के–कति छन्

वल्लभ ? मलाई यहाँनिर कवि शिरोमणिका दुई पंक्ति कविता सम्झना हुन्छ : 'मै खाउँm, मै लाऊँ, सुख सयल वा मोज म गरूँ, म हाँसू, मै बाँचू अरू सबै मरून् दुर्बलहरू.'

वल्लभ, के यी दुई पंक्तिमा हाम्रो राष्ट्रको चरित्र झल्किँदैन र ? वल्लभ– मलाई कहिले लाग्छ, तिमीले भनेका कुरा सबै सत्य मानूँ तर एकिछन् । मेरो सोध्नुको तात्पर्य थियो मेरो देश पनि छ । म कुनै देशमा छु । के म भएको देश त्यति कमजोर छ ? हेर हरि, म बुझ्छु तिम्रो भाषा । हामी नेपालीहरू कताकता बाँडिएका छौँ तैपनि जतासुकै हामी भए तापनि हामीले नेपाल बँचाएका छौँ । आज मलाई एउटा देशको याद आउँछ त्यो अफगानिस्तान, त्यहाँ रुसले हमला गऱ्यो भनेर भन्छन्, हरि, यसरी नेपाललाई कसैले हमला गरेको मन पर्छ ? कटुवाल– निश्चय नै मन पर्दैन वल्लभ । तर, कसैले गरिहालेछ भने हामी जोगिन पनि कसरी सक्छौँ ? हाम्रो कमजोर मुलुकमा भनेजस्तो एउटै एन्डी यरक्र्याफ्ट गन छैन, राडर छैन । आक्रमणकारीका चारवटा विमानले हामीलाई तहसनहस गरेर जान सक्छन्, हामी सबै आपसमा बाझ्न व्यस्त छौँ । हामी कसैको नेतृत्व स्वीकार गर्न पनि सक्दैनौँ । हामीमा नेतृत्व दिने हती पनि छैन । अफगानिस्तानको कुरा भन्यौ, त्यहाँका वर्तमान सरकारका राष्ट्रपति बार्बाक कर्मालको एउटा वक्तव्य आजै मैले अखबारमा पढेको थिएँ ।

उनी भन्छन् , 'सोभियत सैन्यलाई हामी अफगानीले नै निम्याएका हौँ, त्यो हाम्रो त्यस बेलाको आवश्यकता थियो । उनीहरूको यहाँ काम सकिनासाथ उनीहरूलाई फिर्ता पठाइनेछ । वल्लभ, दक्षिणपूर्व एसियाको यो तनाब चर्काउनुमा जति अमेरिकीहरूको हात छ, त्यति रुसीहरूको छ जस्तो मलाई लाग्दैन । वल्लभ– छोड्देउ हरि, राजनीतिका कुरा । मलाई कहिले सम्झना आउँछ– त्यो रुसमा पनि साहित्यिकहरू थिए । एउटा ठूलो नाम म लिन्छु, दोस्तोएभ्स्की, त्यसलाई जारशाहीले दुःख दियो । र, पछिका क्रान्तिका नेताहरूले पनि उसलाई स्वीकार गरेनन् । त्यसै प्रकार अहिले वर्तमानमा एब्तुसेफो सोल्झेनित्सोन, बोरिस पास्तरनाक र अहिले हालमा सखारोवलाई रुसले दुःख दिँदैछ । ती चेतनाहरूप्रति तिम्रो कुनै सहानुभूति छैन ? कटुवाल– एब्तुसेफो र सखारोवलाई मैले अझै पढ्ने मौका पाएको छैन । बाँकी तीनै जनाका कृतिहरू थोरबहुत पढेको छु । वल्लभ, केटीएस, इलियटले, एज्रा

पाउन्डले अथवा भनौँ छिमेमी राष्ट्र भारतका निरालाले र हाम्रा महाकवि देवकोटाले आ–आफ्नो राष्ट्रबाट स्वीकृति प्राप्त गर्न सके र ? रुसको मात्रै यहाँ किन कुरा गर्ने ? उसको आफ्नो राजनीतिक सिद्धान्त छ । त्यसबाट बिचलित भएर लेख्नेहरूलाई निश्चय नै उसले स्वीकार गरेको छैन । तर, जहाँसम्म मलाई लाग्छ दोस्तोएभ्स्कीलाई अब उनीहरूले फेरि खोज्न लागेका छन् । हालै मैले उनको 'इडिअट' भन्ने उपन्यासका दुई भोलम मस्को सरकारले नै छापेको देखेँ । अब यी कुरा छाडौँ वल्लभ । जतिजति हामी कुरा कोट्याउँदै जान्छौँ, हाम्रा कुराको अन्त्य हुँदैन । तिमीले आज मेरो जुन अन्तर्वार्ता लियौ– त्यसका लागि तिमीलाई म धन्यवाद दिन्नँ, मात्र यति भन्छु, हामीले आज फेरि एकचोटी धेरै राम्रो कुरा गऱ्यौँ ।

वल्लभ– धन्यवाद हरि । मलाई धेरै सोध्न बाँकी थियो किनभने तिमी प्रबुद्ध लेखक हौ † तैपनि अब म तिमीबाट बिदा लिन्छु, तिम्रो इच्छाअनुसार । कुनै बेला पाए फेरि सोधौंला भन्ने पनि मेरो अकांक्षा छ, तिमीलाई अवगत गराउँदछु, धन्यवाद ।

## 7.4 उपसंहार

हरिभक्त कटुवाल जति रसिक थिए त्यति नै पीडादायी जिन्दगी भोग्ने क्रममा पनि बाँधिएका थिए । उनी हाँस्ता पनि रुन्थे र रुँदा पनि हाँस्थे । उनी प्रकृतिप्रेमी कवि थिए तर प्रकृतिले उनलाई धोकैधोका दिएको थियो । यति हुँदाहुँदै पनि नेपाली भाषासाहित्य संसारमा उनी चिरञ्जीबि भए । उनलाई धेरैले माया गरे । नारायणगोपाललाई मन पराउनेले पनि यिनलाई मन पराए र यिनलाई मन पराउनेले पनि नारायणगोललाई मन पराए । वास्तवमा यी नेपाली भाषाका जनप्रिय गीतकार थिए । कटुवाल वाड्मयका बहुआयमिक प्रतिभा थिए । त्यस कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरेका थिए । उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाड्की नाटक खेल्न र खेलाउने प्रथाका जग पनि खनेका थिए ।

मलाई लाग्दछ हरिभक्त कटुवाललाई असमले चिनेन । मलाई लाग्दछ हरिभक्त कटुवाललाई नेपालले पनि चिनेन । सबभन्दा दुखलाग्दो कुरा त के भने हरिभक्त कटुवाललाई हरिभक्त कटुवाले नै चिनेनन् । यसैले हामी सबैले हरिभक्त कटुवाललाई समयभन्दा पहिले नै गुमायौं । नेपाली साहित्य विशेषतः नेपाली साहित्यको काव्य र गीत संगीत क्षेत्रको एकजना अत्यन्त प्रतिभाशाली व्यक्तित्वलाई गुमायौं । एकजना अत्यन्त सृजनशील व्यक्तित्वलाई गुमायौं ।

एकजना अत्यन्त उर्जावान् व्यक्तित्वलाई  गुमायौं । उनीबाट हामीले आज जे प्राप्त गर्न सक्दथ्यौं त्यो प्राप्त गर्न सकेनौं । तर पनि हरिभक्त कटुवालले हामीलाई थोरै समयमा धैरै कुरा दिएर गएका छन् । उनी यतिबेला हामीबीच नभए पनि आफ्ना अमर कृतिहरूमा सधैं बाँचिरहने छन् ।

सूर्यविक्रम ज्ञवाली, लैनसिंह वाङ्देल, अम्बर गुरुङ र हरिभक्त कटुवालहरू केही समयको फरकमा सँगसँगै जसो नेपाल आए। जसले बोलाएको भए पनि वा जसरी आएको भए पनि बोलाइँदा वा ल्याइँदा दर्शाइएको प्रेम र बाँडिएको भावुकता दिगो रहेन। कल्पनाको चुली चढाएर निम्तो गर्नेले आएपछि आवश्यक चुलो - चौकोको चाँजोसम्म मिलाइ दिएनन् सायद्। विरक्तिको बिउ झाँगिएपछि निराशाले घर बनाउँछ भने झै हरिभक्तको जीवन पनि त्यस्तै भयो ।

## 7.5 सार

यस प्रखण्डमा **हरिभक्त कटुवालको जीवन र दर्शन**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- हरिभक्त कटुवाल जति रसिक थिए त्यति नै पीडादायी जिन्दगी भोग्ने क्रममा पनि बाँधिएका थिए । उनी हाँस्ता पनि रुन्थे र रुँदा पनि हाँस्थे ।
- कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो । जति रसिक थिए त्यति नै पीडादायी जिन्दगी भोग्ने क्रममा पनि बाँधिएका थिए । उनी हाँस्ता पनि रुन्थे र रुँदा पनि हाँस्थे ।
- उनी प्रकृतिप्रेमी कवि थिए तर प्रकृतिले उनलाई धोकैधोका दिएको थियो । यति हुँदाहुँदै पनि नेपाली भाषासाहित्य संसारमा उनी चिरञ्जीबि भए । उनलाई धेरैले माया गरे ।
- नारायणगोपाललाई मन पराउनेले पनि यिनलाई मन पराए र यिनलाई मन पराउनेले पनि नारायणगोललाई मन पराए ।
- वास्तवमा यी नेपाली भाषाका जनप्रिय गीतकार थिए । कटुवाल वाङ्मयका बहुआयमिक प्रतिभा थिए । त्यस कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरेका थिए ।
- उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाड्की नाटक खेल्न र खेलाउने प्रथाका जग पनि खनेका थिए ।

- ❖ मलाई लाग्दछ हरिभक्त कटुवाललाई असमले चिनेन । मलाई लाग्दछ हरिभक्त कटुवाललाई नेपालले पनि चिनेन ।
- ❖ सबभन्दा दुखलाग्दो कुरा त के भने हरिभक्त कटुवाललाई हरिभक्त कटुवाले नै चिनेनन् । यसैले हामी सबैले हरिभक्त कटुवाललाई समयभन्दा पहिले नै गुमायौं ।
- ❖ नेपाली साहित्य विशेषतः नेपाली साहित्यको काव्य र गीत संगीत क्षेत्रको एकजना अत्यन्त प्रतिभाशाली व्यक्तित्वलाई गुमायौं ।
- ❖ एकजना अत्यन्त सृजनशील व्यक्तित्वलाई गुमायौं । एकजना अत्यन्त उर्जावान् व्यक्तित्वलाई गुमायौं । उनीबाट हामीले आज जे प्राप्त गर्न सक्दथ्यौं त्यो प्राप्त गर्न सकेनौं ।
- ❖ तर पनि हरिभक्त कटुवालले हामीलाई थोरै समयमा धैरै कुरा दिएर गएका छन् । उनी यतिबेला हामीबीच नभए पनि आफ्ना अमर कृतिहरूमा सधैं बाँचिरहने छन् ।
- ❖ कवि हरिभक्त कटुवालके **सम्झना** (वि. सं. २०१६), **भित्रि मान्छे बोल्न खोज्छ** (वि. सं. २०१८), **यो जिन्दगी खै के जिन्दगी ?** (वि. सं. २०२९), **बदनाम मेरा यी आँखाहरू** (वि. सं. २०४४) आदि कविता सङ्ग्रह, **सुधा** (वि. सं. २०२१) खण्डकाव्य, **ऐतिहासिक** (वि. सं. २०२०), **स्पष्टीकरण** (वि. सं. २०३०) कथा सङ्ग्रह, **म मरेको छैन** एकाङ्की सङ्ग्रह साथै **पूर्व किरण** (वि. सं. २०२१) सम्पादन तथा **चरित्रपाठ ब्याकरण, शिशुबोध ब्याकरण** आदि अनुवाद पनि प्रकाशित छन् ।

यस प्रखण्डको अध्ययनले **हरिभक्त कटुवालको जीवन र दर्शन**बारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा हरिभक्त कटुवालको साहित्यिक परिचय र उनका जीवन र दर्शन सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 7.6 अनुशीलनी

1. कवि हरिभक्त कटुवालको साहित्यिक जीवनीबारे सबिस्तार रूपमा चर्चा गर्दै उनका कवि व्यक्तित्वलाई प्रकाश गर्नुहोस् ।

2. कवि हरिभक्त कटुवालको कवितामा पाइने मुख्य – मुख्य विशेषतालाई केलाउनुहोस् ।

3. हरिभक्त कटुवालका काव्यिक प्रवृत्तिबारे अध्ययन प्रस्तुत गर्नुहोस् ।

4. नेपली कविताका मुख्य – मुख्य कविहरूका कृतिहरूको सर्वेक्षण गर्नुहोस् ।

5. हरिभक्त कटुवालका जीवनबारे सबिस्तार सर्वेक्षण गर्नुहोस् ।

6. आधुनिक कालका नेपाली कविताको विकासमा हरिभक्त कटुवालले पुराएको योगदानलाई चर्ता गर्नुहोस् ।

7. हरिभक्त कटुवालको दर्शनबारे विवेचना प्रस्तुत गर्नुहोस् ।

.8 हरिभक्त कटुवालका खण्डकाव्यहरूलाई विश्लेषण गर्दै उनका खण्डकाव्यकारीतालाई प्रकाश पार्नुहोस् ।

9. हरिभक्त कटुवाललाई गीतकारको रूपमा चिनाउँदै उनका गीतहरूलाई अध्ययन गर्नुहोस् ।

.10 हरिभक्त कटुवालका काव्यिक वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 7.7 अतिरिक्त अध्ययन


1. त्रिपाठी, बासुदेव - **नेपाली कविताको सिँहावलोकन ।**
2. जोशी, रत्नध्वज – **आधुनिक नेपाली साहित्यको झलक ।**
3. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**
4. श्रेष्ठ, रमेश – **नेपाली कविताको प्रवृत्ति ।**
5. प्रधान, राजनारायण – **पन्ध्र प्रसिद्ध पूरूष ।**
6. राई, असित – **भारतीय नेपाली साहित्यको इतिहास ।**
7. न्यौपाने, श्रीराम - **नेपाली कविता उपन्यास र कथा** ।
8. शेर्पा, सोनाम – **नेपाली कविताको आरेख** ।
9. रिसाल, राममणि – **नेपाली काव्य र कवि** ।
10. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।
11. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।
12. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।
13. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

14. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** ।
15. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।
16. राकेश, रामदयाल – **नेपाली साहित्य : विभिन्न आयाम** ।
17. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।
18. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।
19. आले, हरेन – **नव आधुनिक नेपाली कविता** ।
20. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।
21. उप्रेती, सञ्जीव –– **सिद्धान्तका कुरा** ।
22. त्रिपाठी, बासुदेव र अन्य (सम्पा.) – **नेपाली कविता**, भाग – ४ ।

यस अतिरिक्त हरिभक्त कटुवाल बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन ।

## 7.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

1. कवि हरिभक्त कटुवालको सामान्य परिचय ।

______________________________________________

______________________________________________

______________________________________________

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

2. हरिभक्त कटुवालको जन्म, मृत्यु र परिवार ।

______________________________________________

______________________________________________

______________________________________________

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2.1 र 7.2.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

3. हरिभक्त कटुवालको शिक्षा - दिक्षा ।

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

4. हरिभक्त कटुवालको पेशा, सेवा तथा संलग्नता ।

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**

5. हरिभक्त कटुवालको कृतिगत दर्शन ।

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)**